# पुथा उत्तरगङ्गा गाउँपालिका रुकुम पूर्वको

## शिक्षा क्षेत्र योजना २०८०-०८५

**(प्रथम संशोधन २०८१)**

# Rural Municipality Education Sector Plan 2081-085

**पुथा उत्तरगङ्गा गाउँपालिका**
**शिक्षा युवा तथा खेलकुद शाखा**
**रुकुम पूर्वी भाग**
**लुम्बिनी प्रदेश**
**नेपाल**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**सर्वाधिकर प्रकाशकमा**

**संरक्षक**

श्री पुनिराज घर्ती, अध्यक्ष पुथा उत्तरगङ्गा गाउँपालिका, रूकुम पूर्वी भाग
श्री नरपूरा बुढा, उपाध्यक्ष पुथा उत्तरगङ्गा गाउँपालिका, रूकुम पूर्वी भाग

**सल्लाहकार तथा बाह्य विज्ञको तर्फबाट**

श्री तिलक गौतम, इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, रुकुम पूर्वी भाग

**योजना निर्माण प्राविधिक सहयोग**

कालिका स्वावलम्वन सामाजिक केन्द्र कपिलबस्तु
यूनिसेफ नेपाल/यूरोपियन यूनियन

**योजना निर्माण कार्यदल**

श्री पुनिराज घर्ती, अध्यक्ष, पुथा उत्तरगङ्गा गाउँपालिका रुकुम पूर्वी भाग
श्री टिकासाई घर्ती, संयोजक, सामाजिक विकास समिति, पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्वी भाग
श्री राज कुमार सुनार, कार्यपालिका सदस्य, पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्वी भाग
श्री रुद्र बहादुर के सी, प्रधानाध्यापक, पर्वत माध्यमिक विद्यालय कोल, रुकुम पूर्वी भाग
श्री सबिना भाट, योजना शाखा, पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्वी भाग
श्री गणेश सिर्पाली, शिक्षक, श्री आदर्श माध्यमिक विद्यालय खारावाङ, रुकुम पूर्वी भाग
श्री राम प्रसाद खड्का, शिक्षा शाखा प्रमुख, पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्वी भाग
श्री केशब कुमार बि.सी., SESP Technical Officer, KSSC-Nepal

**प्रकाशक**

पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रूकुम पूर्वी भाग

पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रूकुम पूर्वी भाग
लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८१ चैत्र ०४

## प्राक्कथन

सर्वप्रथम त सम्पूर्ण जनप्रतिनिधि, शिक्षक-शिक्षिका, अभिभावक, विद्यार्थी, शिक्षा क्षेत्रमा क्रियाशील संघ-संस्था तथा सम्पूर्ण पुथा उत्तरगङ्गा गाउँपालिकावासीहरूप्रति यो शिक्षा योजना निर्माण कार्यलाई पूर्णता दिन सहभागि हुनुभएकोमा हार्दिक कृतज्ञताका साथै सम्मान व्यक्त गर्न गर्दछु ।

शिक्षा मानवजीवन र समाजको मेरुदण्ड हो । शिक्षाले नै समृद्ध समाजको आधारशिला तयार गर्नुका साथै व्यक्तिको सोच, व्यवहार र जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउनुका साथै व्यक्तिलाई ज्ञानवान, विवेकशील र उत्तरदायी बनाउँदै समाजको समग्र विकासको जग निर्माण गर्छ । त्यसैले, पुथा उत्तरगङ्गा गाउँपालिकाले शिक्षा क्षेत्रको गुणस्तर सुधार र दीर्घकालीन रूपान्तरणका लागि गाउँपालिका शिक्षा योजना निर्माण गरि कार्यान्वयन उन्मुख रहेकोछ ।

पुथा उत्तरगङ्गा गाउँपालिका भौगोलिक रूपमा विकट तथा विषम भू-प्रकृतिमा अवस्थित छ । यहाँका अधिकांस बस्तीहरू दुर्गम क्षेत्रमा रहेका छन्, जहाँ आधारभूत शैक्षिक पूर्वाधारको समेत अभाव छ । केही विद्यालयहरूमा भवन छैनन् भने कतिपय विद्यालयहरूमा शौचालय, खानेपानी, विद्युतीय उपकरण तथा शैक्षिक सामग्रीको अभाव छ । दक्ष शिक्षकको अभाव, विद्यार्थीको निरन्तरता नहुनु, बालबालिकाहरु विद्यालयमा आकर्षण नहुनु, बाल विवाह तथा बालश्रमजस्ता समस्याले अझै पनि हाम्रो शिक्षा क्षेत्रलाई चुनौती दिइरहेका छन् । शिक्षामा समान पहुँच अझै सुनिश्चित हुन सकेको छैन । समुदायका गरिब, सीमान्तकृत, जनजाति, दलित तथा महिला बालबालिकाहरू अझै पनि गुणस्तरीय शिक्षाबाट टाढा छन् । शिक्षाको गुणस्तर र परिणाममुखी प्रणाली निर्माण गर्न अझ धेरै मेहनत आवश्यक छ ।

उल्लेखित सबै चुनौतीको दीर्घकालीन समाधान खोज्दै पुथा उत्तरगङ्गा गाउँपालिकाले सामुदायिक सहभागिता, शिक्षक-विद्यार्थी तथा शिक्षा विज्ञहरूको सहकार्यमा आगामी ५ वर्षलाई लक्षित गर्दै "गाउँपालिका शिक्षा क्षेत्र योजना (Rural Municipality Education Plan)" निर्माण गरेको हो । यो योजना केवल कागजी दस्तावेज मात्र नभई हाम्रो सामूहिक सपना, प्रतिबद्धता र परिवर्तनको दिशामा बढाइएको कदम हो । हामीले यो योजनालाई आधार मानेर आगामी दिनमा शिक्षा क्षेत्रमा आवश्यक नीति, कार्यक्रम, बजेट तथा स्रोतसाधनको व्यवस्थापन गर्नेछौं । यसले हाम्रो कार्यलाई मार्गदर्शन गर्नेछ ।

यो योजना निर्माण प्रक्रियाको सहभागीताको सुनिश्चित गर्न जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी, विषयविज्ञ, गैरसरकारी संस्था, दलित, जनजाति, महिला आदिको सरिकता गराइएको छ । हामीले शिक्षा योजनालाई सबै वर्ग, समुदाय र भूगोलको आवश्यकता र चाहनाअनुसार समावेशी बनाएका छौं । यसले कुनै पनि समुदायलाई पछि नपार्ने दृष्टिकोण लिएको छ ।

गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा **सर्वसुलभ, समान र गुणस्तरीय शिक्षा प्रवाह, विद्यालयको भौतिक पूर्वाधार सुधार, शिक्षकको क्षमता अभिवृद्धि, बालमैत्री र लैङ्गिक समानतामूलक शिक्षा प्रणाली, बालबालिकाको विद्यालयमा आकर्षण तथा उपस्थितिलाई प्रवर्द्धन, सूचना प्रविधिमैत्री शिक्षण प्रणाली** लगायत दलित, जनजाति, महिला,

अपाङ्गता बालबालिका, सीमान्तकृति बालवालिका तथा विपन्न वर्गलाई शिक्षाको पहुँचमा पुर्याउने गाउँपालिका शिक्षा योजनाको प्रमुख उद्देश्य रहेकोछ ।

अन्त्यमा शिक्षा योजना निर्माणको यो ऐतिहासिक अवसरमा जोडिनुभएका शिक्षा योजना निर्माण कार्यदल, जनप्रतिनिधि, वि.व्य.स, प्रधानाध्यापक, शिक्षा क्षेत्र योजना प्राबिधिक अधिकृत, शिक्षक कर्मचारी, विद्यालय परिवार, शिक्षाप्रेमी, सामाजिक अगुवा तथा विज्ञहरू तथा प्राविधिक सहयोग गर्ने कालिका स्वाबलम्बन सामाजिक केन्द्र कपिलवस्तु, युनिसेफ नेपाल र यूरोपियन यूनियनलाई समग्र गाउँपालिकाको तर्फबाई र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु । यस गाउँपालिकाको शिक्षा योजनाले गाउँपालिकाको शैक्षिक समृद्धिको ढोका खोल्ने आशा गरेको छु । गाउँपालिकाको शैक्षिक क्षेत्रको सुधार गाउँपालिका वासी सबैको सामूहिक उत्तरदायित्व हो यो योजना केवल दस्तावेजमा सिमित नगरी, व्यवहारमा लागू गर्न सबैको सहकार्यता रहनेछ । शिक्षाको माध्यमबाट पुथा उत्तरगङ्गालाई शिक्षित, सक्षम, सभ्य र समृद्ध गाउँपालिका बनाउने दिशामा एकजुट भएर अघि बढौं ।

धन्यवाद ।

**पुनीराज घर्ती मगर**
अध्यक्ष
पुथा उत्तरगङ्गा गाउँपालिका
तकसेरा, रुकुम पूर्वी भाग

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

# पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रूकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१ चैत्र ४

## भूमिका

पुथा उत्तरगङ्गा गाउँपालिकामा दक्ष जनशक्ति उत्पादनका लागि व्यावसायिक, गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षाको सुनिश्चितताका लागि तयार गरिएको "गाउँ शिक्षा क्षेत्र योजना" आगामी दिनमा बालबालिकाको समृद्ध भविष्यको मार्गचित्र बन्नेमा म विश्वस्त छु । शिक्षा कुनै पनि राष्ट्रको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासको मूल आधार हो । विशेषगरी हाम्रो जस्तो ग्रामीण तथा हिमाली भूगोलमा अवस्थित पालिकामा शिक्षा मात्र जीवन परिवर्तन गर्ने भरपर्दो साधन हो भन्ने कुरा हामी सबैमा बुझेको यथार्थ हो । शिक्षा प्रत्येक व्यक्तिको जीवनको उज्यालो दीप हो, जसले सोच, चेतना, विवेक र समृद्धिको मार्ग देखाउँछ ।

आजको युग समावेशी र गुणस्तरीय शिक्षाको युग हो, जहाँ हरेक बालबालिका, किशोरी र युवाले समान अवसर पाउने वातावरण निर्माण गर्नु हाम्रो साझा जिम्मेवारी हो । यस गाउँ शिक्षा क्षेत्र योजनाको मुख्य उद्देश्य पालिकाभित्रका सबै बालबालिकालाई समान अवसरमा गुणस्तरीय शिक्षा प्राप्त गराउने, विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार सुदृढ पार्ने, सिकाइमा प्रविधिको समुचित प्रयोग गर्ने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, र समुदाय तथा अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गर्ने रहेको छ । साथै, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा पुनःफर्काउने, किशोरीमैत्री र बालमैत्री वातावरण निर्माण गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्ने जस्ता महत्वपूर्ण विषयवस्तुहरू यस योजनामा समेटिएका छन् ।

गाउँ शिक्षा योजना केवल एक कागजी दस्तावेज मात्र नभई, यसले गाउँपालिकाको समग्र शैक्षिक आवश्यकताको चित्र प्रस्तुत गर्छ । यसले शिक्षा प्रणालीमा विद्यमान समस्या, चुनौती र सम्भावनाहरू पहिचान गर्दै विद्यालय तहदेखि समुदाय तहसम्मका सहभागिता र समाधानको रूपरेखा तयार पारेको छ । सहभागी र समावेशी प्रक्रिया अपनाई तयार गरिएको यस योजनाले पालिकाको वास्तविक आवश्यकता र सम्भावनाको समुचित प्रतिबिम्ब प्रस्तुत गरेको ठानेको छु । यस योजनाको निर्माण प्रक्रियामा सहभागि पालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा योजना निर्माण कार्यदल, शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षा शाखा, गैरसरकारी संस्था तथा अन्य सरोकारवालाहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

म प्रमुख प्रशासकीय अधिकृतको हैसियतले पुथा उत्तरगङ्गा गाउँपालिकाको तर्फबाट यस योजना कार्यान्वयनमा सबै सरोकारहरुको सहयोगका लागि अनुरोध गर्दछु । साथै कार्यान्वयनका लागि यस पालिकाबाट आवश्यक नीति, स्रोत र सहकार्य उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछु । साथै, यस योजना शिक्षाको गुणस्तर अभिवृद्धि, पहुँच विस्तार र सामाजिक न्यायको मार्ग प्रशस्त गर्न सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

..................
ध्रुव बि.क.
प्रमुख प्रशासकिय अधिकृत

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत

पुथा उत्तरगङ्गा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रूकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०८१ चैत्र ०४

## प्राक्कथन

शिक्षा प्रत्येक समाजको समृद्धि, सशक्तीकरण र समावेशी विकासको मेरुदण्ड हो । शिक्षाको व्यापकता र गुणस्तरको अभिवृद्धि बिना आधुनिक समाज निर्माणको परिकल्पना गर्न सकिँदैन । यहीँ सन्दर्भमा पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँपालिका शिक्षा क्षेत्र योजना (Rural Municipality Education Sector Plan 2081-2085) निर्माणको कार्य गरेको छ ।

यो योजना गाउँपालिकाको शिक्षाक्षेत्र सुधार गर्ने मुख्य रणनीतिक दस्तावेज हुनेछ, जसले शिक्षा सम्बन्धी आवश्यक सुधार, पूर्वाधार विकास, गुणस्तरीय सिकाइ प्रवर्द्धन, शिक्षक क्षमता अभिवृद्धि, छात्रवृत्ति व्यवस्थापन, प्रविधिमैत्री शिक्षण सिकाइ प्रविधि र शिक्षा क्षेत्रमा नवप्रवर्तनका नयाँ उपायहरू समेट्नेछ । साथैं, शिक्षालाई समाजका सबै वर्ग, विशेष गरी आर्थिक रूपमा पछाडि परेका, अपाङ्गता भएका, तथा सीमान्तकृत समुदायका बालबालिकासम्म पुर्याउन समेत विशेष ध्यान दिइनेछ । पुथा उत्तरगङ्गा गाउँपालिकाले स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै, शिक्षामा आमूल परिवर्तन ल्याउने दिगो नीति निर्माणको बाटो लिएको छ । यस योजनाले सार्वजनिक विद्यालयको पुनरुत्थान, निजी क्षेत्रको सहकार्य, शिक्षक तथा अभिभावकहरूको सक्रिय सहभागिता जस्ता महत्त्वपूर्ण पक्षहरूलाई प्राथमिकता समेत दिनेछ । शिक्षा, युवा तथा खेलकुद शाखाको नेतृत्वमा तयार पारिएको गाउँ शिक्षा क्षेत्र योजना स्थानीय आवश्यकता र सम्भावनालाई ध्यानमा राखी निर्माण गरिएको छ । यो योजनाले गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरूमा शिक्षा सुधारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा विद्यार्थीहरूका समग्र शैक्षिक उपलब्धिलाई बढवा दिने अभिलाषा राखिएको छ । साथैं, खेलकुद र युवाका गतिविधिहरूलाई समेत शिक्षा प्रणालीसँग समाहित गरी नयाँ पुस्तालाई ज्ञान, सीप र चरित्रवान नागरिकका रूपमा विकास गर्ने दीर्घकालीन उद्देश्य बोकेको छ ।

अन्त्यमा पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा क्षेत्रको मार्ग गाउँ शिक्षा योजना निर्माण कार्यमा सहयोग गर्नुहुने सबै कार्यदलका पदाधिकारीहरू, गाउँपालिका भित्रका सबै जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारीहरू, शिक्षक अभिभावक सङ्घका सबै पदाधिकारीहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरू र शिक्षा सरोकारवाला सबैमा हार्दिक धन्यवाद तथा योजना निर्माणको लागि प्राविधिक सहयोग गर्ने कालिका स्वाबलम्बन सामाजिक केन्द्र कपिलबस्तु, युनिसेफ नेपाल/ यूरोपियन यूनियन लाई समेत विशेष आभार प्रकट गर्दै, हामी आशा गर्छौं कि यस योजनाले गाउँपालिका भित्रका हरेक बालबालिकाको उज्वल भविष्य निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ । शिक्षा क्षेत्रको समृद्धि नै हाम्रो गाउँपालिकाको समृद्धि हो । यस अभियानमा सरोकारवालाहरूको निरन्तर साथ र समर्थन रहने विश्वासका साथ, शिक्षा, युवा तथा खेलकुद शाखा तथा व्यक्तिगत हिसाबबाट स्वयंम म यस योजनाको सफल कार्यान्वयनको अपेक्षा राख्दछु ।

धन्यवाद !

..........................

राम प्रसाद खड्का

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

राम प्रसाद खड्का

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

# विषय-सूचि

**कार्यकारी सारंश**.....१
परिच्छेद १ .....६
**परिचय**.....६
१.१ पृष्ठभूमि .....६
१.२ मुख्य समस्याहरु.....१३
१.३ शिक्षा क्षेत्रका चुनौतीहरु .....१५
१.४ शिक्षा क्षेत्रका अवसरहरु .....१७
परिच्छेद २ .....१९
**लक्ष्य निर्धारण**.....१९
२.१ दुरदृष्टि.....१९
२.३ उदेश्यहरु.....२०
२.४ रणनीतिहरु.....२०
२.५ कार्यनीतिहरु .....२७
२.६ अपेक्षित उपलब्धिहरु.....३४
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण.....३५
परिच्छेद ३ .....३९
**विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु**.....३९
**३.१ प्रारम्भिक बालविकास तथा शिक्षा** .....३९
३.१.३ लक्ष्य.....४०
३.१.४ उदेश्य .....४०
३.१.५ रणनीतिहरु .....४१
३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य .....४२
३.१.७ प्रमुख नतिजा .....४२
३.१.८ पुथा उत्तरगङ्गा गाउँपालिकाको बालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ....४३
३.१.९ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण .....४५
**३.२ आधारभूत शिक्षा**.....४७
३.२.१ परिचय.....४७
३.२.२ आधारभूत तहको वर्तमान अवस्था.....४७
३.२.३ लक्ष्य.....४९
३.२.४ उदेश्यहरु.....४९
३.२.५ रणनीतिहरु .....४९
३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य .....५१
३.२.७ पुथा उत्तरगङ्गा गाउँपालिकाको आधारभूत शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य.....५३
३.२.८ गाउँपालिकाको आधारभूत तह शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण.....५५

**३.३ माध्यमिक शिक्षा** ........ ६१
३.३.१ परिचय ........ ६१
३.३.२ वर्तमान अवस्था ........ ६२
३.३.३ लक्ष्य ........ ६३
३.३.४ उद्देश्य ........ ६४
३.३.५ रणनीतिहरु ........ ६४
३.३.६ प्रमुख उपलब्धि तथा नतिजा ........ ६५
३.३.७ पुथा उत्तरगङ्गा गाउँपालिकाको माध्यमिक तहको शिक्षाका नतिजा तथा परिणात्मक लक्ष्य ........ ६६
३.३.७ पुथा उत्तरगङ्गा गाउँपालिकाको माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ ६९
**३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा** ........ ७५
३.४.१ परिचय ........ ७५
३.४.२ वर्तमान अवस्था ........ ७६
३.४.३ लक्ष्य ........ ७७
३.४.४ उद्देश्य ........ ७७
३.४.५ रणनीतिहरू ........ ७७
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ७८
३.४.७ नतिजा ........ ७९
३.४.८ प्रविधिक तथा व्यवसायिक शिक्षाका नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ८०
३.४.९ प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ ८३
**३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ** ........ ८४
३.५.१ परिचय ........ ८४
३.५.२ वर्तमान अवस्था ........ ८५
३.५.३ लक्ष्य ........ ८७
३.५.४ उदेश्यहरु ........ ८७
३.५.५ रणनीतिहरू ........ ८७
३.५.६ प्रमुख उपलब्धि र नतिजा ........ ८८
३.५.७ प्रमुख नतिजा ........ ८८
३.५.८ अनौपचारिक र आजिवन शिक्षाका नतिजा र परिणात्मक लक्ष्य ........ ८९
३.५.९ अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाका प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य ........ ९०
परिच्छेद ४ ........ ९३
**अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** ........ ९३
**४.१ पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री** ........ ९३
४.२ वर्तमान अवस्था ........ ९४
४.१.३ लक्ष्य ........ ९५
४.१.४ उदेश्य ........ ९५

४.१.५ रणनीतिहरु ........................................ ९५
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा ........................................ ९६
४.१.७ प्रमुख नतिजा ........................................ ९६
४.१.८ पाठ्यक्रम तथा सामग्री विषय क्षेत्रका नतिजा तथा परिणात्मक लक्ष्य ........................................ ९७
**४.२ शिक्षक व्यवस्थापन र विकास** ........................................ ९९
४.२.१ परिचय ........................................ ९९
४.२.२ वर्तमान अवस्था ........................................ १००
४.२.३ लक्ष्य ........................................ १०२
४.२.४ उदेश्य ........................................ १०२
४.२.५ रणनीतिहरु ........................................ १०३
४.२.६ प्रमुख उपलब्धि तथा नतिजा ........................................ १०४
४.२.७ शिक्षक व्यवस्थापन तथा विकासका नतिजा तथा परिमाणात्मक लक्ष्य ........................................ १०५
४.२.८ शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........................................ १०७
**४.३ शैक्षिक समता तथा समावेशीकरण** ........................................ १११
४.३.१ परिचय ........................................ १११
४.३.२ वर्तमान अवस्था ........................................ ११२
४.३.३ लक्ष्य ........................................ ११३
४.३.४ उदेश्य ........................................ ११३
४.३.५ रणनीतिहरु ........................................ ११४
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा ........................................ ११५
४.३.७ शैक्षिक समता तथा समावेशीकरणका नतिजा तथा परिमाणात्मक लक्ष्य ........................................ ११६
४.३.८ शैक्षिक समता तथा समावेशीकरणका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........................................ ११९
**४.४ विद्यालय स्वास्थ्य तथा पोषण** ........................................ १२१
४.४.१ परिचय ........................................ १२१
४.४.२ वर्तमान अवस्था ........................................ १२२
४.४.४ उदेश्य ........................................ १२३
४.४.५ रणनीतिहरु ........................................ १२३
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा ........................................ १२३
४.४.७ विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य ........................................ १२४
४.४.८ विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........................................ १२५
**४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता** ........................................ १२६
४.५.१ परिचय ........................................ १२६
४.५.२ वर्तमान अवस्था ........................................ १२६
४.५.३ लक्ष्य ........................................ १२७
४.५.४ उदेश्य ........................................ १२८

४.५.५ रणनीतिहरु ........ १२८
४.५.६ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य ........ १२८
४.५.७ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलताका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य ........ १२९
४.५.८ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलताका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.. १३०
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** ........ १३२
४.६.१ परिचय ........ १३२
४.६.२ वर्तमान अवस्था ........ १३२
४.६.३ लक्ष्य ........ १३४
४.६.४ उदेश्य ........ १३४
४.६.५ रणनीतिहरु ........ १३४
४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १३५
४.६.७ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य ........ १३६
४.७.७ विद्यालय सूचना तथा प्रविधि विकासका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य ........ १४२
४.७.८ विद्यालय सूचना तथा प्रविधि विकासका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १४३
परिच्छेद ६ ........ १४४
**६.१ विद्यालय सुशासन तथा व्यवस्थापन** ........ १४४
६.१.१ परिचय ........ १४४
६.१.२ वर्तमान अवस्था ........ १४५
६.१.३ लक्ष्य ........ १४५
६.१.४ उदेश्य ........ १४६
६.१.५ रणनीतिहरु ........ १४६
६.१.७ विद्यालय सुशासन तथा व्यवस्थापनका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य ........ १४८
६.१.८ विद्यालय सुशासन तथा व्यवस्थापनका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १४९
**६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध** ........ १५१
६.२.१ परिचय ........ १५१
६.२.२ वर्तमान अवस्था ........ १५१
६.२.३ लक्ष्य ........ १५१
६.२.४ उद्देश्य ........ १५२
६.२.५ रणनीति ........ १५२
६.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १५२
परिच्छेद ७ ........ १५४
**७.१ लगानी तथा स्रोत व्यवस्थापन** ........ १५४
७.१.१ परिचय ........ १५४
७.१.२ वर्तमान अवस्था ........ १५५
७.१.३ लक्ष्य ........ १५६

७.१.४ उदेश्य ....................................................................................................१५७
७.१.५ रणनीतिहरु ....................................................................................................१५७
७.१.६ मुख्य उपलब्धि तथा प्रमुख नतिजा ....................................................................................................१५७
७.१.७ संघिय सरकारबाट शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुमानित बजेट.................१५८
७.१.८ प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुमानित बजेट..................१५९
७.१.९ स्थानीय सरकारबाट शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुमानित बजेट...............१६०
७.१.१० अभिभावक तथा समुदायबाट शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुमानित बजेट .....१६१
७.१.११ संघसंस्था तथा साझेदार निकायबाट योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुमानित बजेट ......... १६२
७.१.१२ स्थानीय दाता तथा अन्य स्रोतबाट योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुमानित बजेट............१६३
७.१.१३ शिक्षा योजना कार्यान्वयनका लागि अपुन हुने क्षेत्रगत अनुमानित बजेट...............................१६४
७.१.१४ शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि आवश्यक क्षेत्रगत अनुमानित जम्मा बजेट..................१६५
परिच्छेद ८ .................................................................................................... १६६
**८.१ अनुगमन तथा मूल्याङ्कन**.................................................................................................... १६६
८.१.१ परिचय.................................................................................................... १६६
८.१.२ वर्तमान अवस्था .................................................................................................... १६६
८.१.३ उदेश्य ....................................................................................................१६८
८.१.४ रणनीतिहरु ....................................................................................................१६८
८.१.५ प्रमुख उपलब्धि तथा नतिजा....................................................................................................१६९
८.१.६ अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................१७०

# कार्यकारी सारंश

लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वी भागमा अवस्थित पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक क्षेत्रको उन्नती र विकासको लागि शिक्षा क्षेत्र योजना तयार गरी हरेक बालबालिकाको अनिवार्य र निःशुल्क आधारभूत तहको शिक्षा साथै माध्यमिक तहको अनिवार्य शिक्षाको संवैधानिक अधिकारलाई सुनिश्चित गर्न कार्यान्वयन गर्ने कोसिस गरीएको छ ।यस योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानुनहरू, लुम्बिनी कानुनहरु, केन्द्रीय स्तरमा भएका आयोगका प्रतिवेदन समेतलाई आधार लिइएको छ । यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तहको शिक्षा, समावेशी शिक्षा, अनौपचारिक र निरन्तर शिक्षा, शिक्षक व्यवस्थापन र तालिम, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालय सुरक्षा तथा आपतकालिन अवस्थामा शिक्षा, विद्यालय स्वास्थ्य तथा पोषण, प्राविधिक र व्यवसायिक शिक्षाका साथै विद्यालय सुशासनलाई मुख्य उपक्षेत्रका रुपमा पहिचान गरी हरेक उपक्षेत्रको ब्यख्या र योजना तयार गरीएको छ । यसका साथै शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अलगअलग सवालमा पाँच वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरी सरोकारवालाहरुको बृहत छलफलबाट तयार गरीएको छ ।

नेपालको सन्दर्भमा सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पूरा गर्नका लागि आर्थिक वर्ष २०६६/०६७ मा समावेशी क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) समावेशी शिक्षाको समग्र दस्तावेजको रूपमा अगाडि ल्याइएको थियो । सो कार्यक्रमको समाप्ति र प्रभावकारीतासँगै आर्थिक वर्ष २०७३/०७४ देखि समावेशी क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण भई प्रभावकारी कार्यान्वयन पश्चात समग्र शिक्षा विकासको समग्र प्रगति र अपेक्षित नतिजा हासिल गर्नका लागि

विद्यालय शिक्षा क्षेत्र योजना २०२१-०३० विकास गरी कार्यान्वयनको अवस्थामा रहेकोछ । परिवर्तित सन्दर्भमा देशमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गठन भएसँगै शिक्षा क्षेत्रमा पनि राष्ट्रिय लक्ष्य तथा उद्देश्यलाई समेट्दै प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रको शैक्षिक उन्नती र विकासको लागि शैक्षिक योजना निर्माण र कार्यान्वयनको अभ्यास गर्दै आइरहेको अवस्था छ भने नेपाल सरकारले समावेशी शिक्षाका सबै कार्यक्रमहरू समावेशी शिक्षा क्षेत्र सुधार योजना योजनामार्फत विभिन्न अनुदानका रूपमा स्थानीय तहमा हस्तान्तरण गर्दै आएको छ । शिक्षक र कर्मचारीको तलब भत्तादेखि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शीर्षकमा अनुदान नियमित रूपमा समावेशीहरूलाई प्रदान गरिँदै आइएको छ । प्रदेश र स्थानीय तहले समेत शिक्षातर्फ वित्तीय समानीकरण अनुदान पनि विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरीरहेको अवस्था छ । पुथा उत्तरगङ्गा गाउँपालिले पनि बालबालिकाको शिक्षामा समतामूलक पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि सहयोग हुने थुप्रै कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक समावेशीहरूले आफ्नो समावेशीको सुधार र रुपान्तरणको लागि विगतदेखि नै पाँच वर्षे समावेशी सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य निरन्तर गरीरहेका छन् तथापी यसलाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ । यस गाउँपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्र एवं सामुदायिक समावेशीहरूको नेतृत्व सुधार तथा परिचालन गरी अझ अनौपचारिक तथा व्यवसायिक शिक्षामा अभ्यास गर्नु पर्ने अवस्था छ ।

पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा क्षेत्र योजना २०८१/०८२-२०८५/०८६ निर्माण गर्न गाउँपालिका अध्यक्ष श्री पुनिराज घर्तीको संयोजकत्वमा ८ सदस्यिय शिक्षा क्षेत्र योजना निर्माण कार्यदल गठन र जिम्मेवारी बाँडफाँड गरी कार्यदलको पटक पटक छलफल तथा मस्यौदा मार्फत विकास गरीएको छ । पटक पटक सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया, कार्यदलका पदाधिकारीहरुको बैठकबाट विषयवस्तु र

योजनाहरु ठोस गरीएको छ भने कार्यदलका पदाधिकारीहरुले तयार गरीएको मस्यौदामाथि सरोकारवालाहरुको सुझाव पृष्ठपोषण समेत समावेश गरी कार्यपालिकाको बैठकबाट अनुमोदन पश्चात कार्यान्वयनमा जादै छ ।

यस योजनाको अन्तसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिक र गुणस्तरमा सुधार हुने अपेक्षा गरेको छ । गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरीकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त हुने र समावेशीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाको अपेक्षा गरेको छ ।

## पुथा उत्तरगङ्गा गाउपालिकाको शिक्षा योजना निर्माणको औचित्य

१. सङ्घ प्रदेश र स्थानीय तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न,
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको कमी, दोहोरोपना र स्रोत परिचालनमा देखिएका समस्यालाई न्यूनीकरण गर्न,
४. पुथा उत्तरगङ्गा गाउँपालिकामा क्रियाशील सङ्घ संस्थाहरूसँग लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

## पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा योजना निर्माणका आधार

गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ।

(क) नेपालको संविधान
(ख) सोह्रौं आवधिक योजना
(ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
(घ) शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९
(ङ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
(च) विद्यालय शिक्षा क्षेत्र योजना
(छ) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
(ज) राष्ट्रिय शिक्षा नीति २०७६
(झ) शिक्षाको सोचपत्र २०७९
(ञ) विद्यालय शिक्षामा समता रणनीति
(ट) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
(ठ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
(ड) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
(ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
(ण) विद्यालय सुधार योजना
(त) पुथा उत्तरगङ्गा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/८२
(थ) पुथा उत्तरगङ्गा गाउँपालिकाको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क २०८१

## पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण प्रक्रियामा पुथा उत्तरगङ्गा गाउँपालीकाले सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको छ । योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा गाउँपालिकाको वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर, दूरदृष्टि उद्देश्य, रणनीति, क्रियाकलाप, बजेट र कार्यनीतिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त सुझावहरूलाई समेटेर योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थ परक बनाउने प्रयास गरिएको छ । पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा योजना निर्माणको प्रक्रिया र समग्र अवस्था तल उल्लेख गरिएको छ।

१. पुथा उत्तरगङ्गा गाउँ शिक्षा समिति र सरोकारवालाहरुको मिति २०८१।०५।१६ को बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि ७ सदस्यीय निर्माण कार्यदलको गठन भइ कार्यदलले कार्यविभाज गरि कार्यथालनी गरेको ।
२. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
३. योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी LGSESP Data toolkit बाट तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।
५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT Analysis तथा Gap Analysis गरिएको ।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
७. मुख्य सरोकारवालाहरूबाट मस्यौदा उपर सुझावको लागि मिति २०८१/१२/०४ मा कार्यशाला आयोजना गरी सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको ।
८. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा कार्यदलबाट योजनाको लेखन, छलफल तथा अन्तरक्रिया गरी अन्तिम मस्यौदा तयार गरिएको ।
९. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवाला माझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
१०. पुथा उत्तरगङ्गा गाउँपालिकाको मिति २०८१ चैत्र ४ गतेको बैठकबाट स्वीकृत तथा सिफारिस भई मिति २०८१..................गतेको गाउँ सभाबाट प्रमाणित गरिएको ।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा सङ्घीयताको स्थापना संगै राज्यको पुनसंरचाबाट तय गरीएको लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वी भागका तीन स्थानीय तहमध्ये पुथा उत्तरगङ्गा गाउँपालिका पनि एक स्थानीय तह हो । साविकको मध्यपश्चिम विकास क्षेत्र अन्तर्गत रुकुम जिल्लाका रन्मामैकोट, हुकाम, तकसेरा, जाङ, कोल र राङ्सी गरी ६ वटा गा.वि.स.हरुलाई समावेश गरी पुथा उत्तरगङ्गा गाउँपालिका निर्धारण गरीएको छ । हाल यस गाउँपालिकामा १४ वटा वडाहरु रहेका छन् भने गाउँपालिकाको केन्द्र १० नं. वडाको तकमा रहेको छ । मगर खाम भाषी जनजातिहरुको बाहुल्यता रहेको यो क्षेत्र भौगोलिक हिसाबले बिकट मानिन्छ । यस क्षेत्रको प्रशिद्द पुथा हिमाल र उत्तरगङ्गा नदिको नामबाट यस स्थानीय तहको नाम पुथा उत्तरगङ्गा रहन गएको छ ।

नेपालको एकमात्र शिकार आरक्ष रहेको ढोरपाटन शिकार आरक्षको ६० प्रतिशत भू-भाग पुथा उत्तरगङ्गा गाउँपालिकामा पर्दछ । ५६०.३४ वर्ग कि.मि. क्षेत्रफलमा रहेको यस पुथा उत्तरगङ्गा गाउँपालिकाको भूगोल सामुद्रिक सतहबाट न्यूनतम १ हजार १ सय मिटरदेखि अधिकतम ७ हजार २ सय ४६ मिटरसम्मको उचाईमा रहेको छ । बिश्वमानचित्रमा हेर्दा यो गाउँपालिका २८.५८ उत्तरी अक्षांश देखि ८२.८२ पूर्वी देशान्तरसम्म रहेको छ भने यस गाउँपालिकाको पूर्वी भागमा बाग्लुङ र म्याग्दी जिल्ला, पश्चिममा सिस्ने गाउँपालिकाको सिस्ने गाउँ, उत्तरमा डोल्पा जिल्ला तथा दक्षिणमा भूमे गाउँपालिका रहेका छन्।

पुथा उत्तरगङ्गा गाउँपालिका १४ वटा वडाहरु मध्ये वडा नं. १ को केन्द्र मैकोट गाउँ, वडा नं. २ को केन्द्र पेल्मा गाउँ र वडा नं. ३ को केन्द्र रन्मा गाउँ वडा नं. ४ को केन्द्र अर्जल, वडा नं. ५ को केन्द्र हुकाम गाउँमा रहेका छन् । यसैगरी वडा नं. ६, ७, ८, ९,१०,११ र १२ का केन्द्रहरु क्रमश मयाङ, जाङ, खराङ, खाराबाङ, तक, उपल्लो सेरा र कोल गाउँमा रहेका छन् भने वडा नं. १३ र १४ का केन्द्रहरु क्रमश पिपलटुङ र राङ्सी गाउँमा रहेका छन् ।

यस क्षेत्रका मिलेका झपक्क वस्ति, छुट्टै मौलिकता र मगर संस्कृति, मगर खाम भाषा यस क्षेत्रका पहिचान हुन् । पुथा हिमाल, उत्तरगङ्गा नदि, पुपाल दह, सुन दह, चौरी लेक लगायतका प्राकृतिक सम्पदाका कारण पनि यो पालिका पर्यापर्यटनको प्रचुर संभावना बोकेको पालिकामा पर्दछ । यार्चागुम्बा, पाँचऔंले, सतुवा, लौंट सल्ला लगायतका जडिबुटिहरु यस भेगमा पाइन्छन् भने लोपउन्मुख रेडपान्डाको बासस्थान समेत यस क्षेत्रमा रहेको छ ।

यातायातको पहुँचका हिसाबले सबै वडाहरुमा यातायातको पहुँच विस्तार हुन सकेको छैन भने केही वडाहरुमा कच्चि ग्रामिण सडकको पहुँच विस्तार भएको छ । स्थानीय लघु जलविद्युतबाट र सौर्य उर्जाबाट बिद्युतको आपुर्ति गरीएको छ । तथापी गाउँपालिकाको केन्द्र सम्म बिद्युतको केन्द्रिय प्रसारण लाइन विस्तार गरीएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १८३०८ (पुरुष ८९७९ र महिला ९३२९) रहेको छ ।

**पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्या**

| वडा | पुरुष | महिला | जम्मा | कुल जनसङ्ख्याको % | घरधुरी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ३८४ | ३८९ | ७७३ | ४.२२ | १५४ |
| २ | ८७० | ८८२ | १७५२ | ९.५७ | ४०८ |
| ३ | ३७९ | ३९९ | ७७८ | ४.२५ | १५९ |
| ४ | ४६२ | ४४९ | ९११ | ४.९८ | २०७ |
| ५ | ८५५ | ८७५ | १७३० | ९.४५ | ४०६ |
| ६ | ३७३ | ३८९ | ७६२ | ४.१६ | १६९ |
| ७ | ३८२ | ४२६ | ८०८ | ४.४१ | २०८ |
| ८ | ६७५ | ७०३ | १३७८ | ७.५३ | ३०६ |
| ९ | ५२० | ४९८ | १०१८ | ५.५६ | २२६ |
| १० | ९५९ | १०४५ | २००४ | १०.९५ | ५५९ |
| ११ | ६३४ | ६६१ | १२९५ | ७.०७ | ३२१ |
| १२ | ९८८ | १०५८ | २०४६ | ११.१८ | ४८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ५७२ | ५९९ | ११७१ | ६.४० | ३०६ |
| १४ | ९२६ | ९५६ | १८८२ | १०.२८ | ४५८ |
| **जम्मा** | **८९७९** | **९३२९** | **१८३०८** | **१००** | **४३६८** |

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्या १८,३०८ रहेको छ भने जम्मा घरधुरी सङ्ख्या ४३६८ रहेको देखिन्छ । जम्मा जनसङ्ख्या मध्ये ९३२९ (५०.९६ प्रतिशत) महिला र ८९७९ (४९.०४ प्रतिशत) पुरुषको सङ्ख्या रहेको छ । जस अनुसार लैङ्गिक अनुपात ९६.२५ पुरुष प्रति १०० महिला रहेको छ । पुथा उत्तरगङ्गा गाउँपालिकामा अपाङ्गता भएका ब्यक्तिहरूको जनसङ्ख्या ४.०० प्रतिशत रहेको छ । जसमध्ये ३.८ प्रतिशत महिलाको र ४.२ प्रतिशत पुरुषहरु रहेका छन् ।

तथ्याङ्क अनुसार बालविवाह गर्नेहरुको सङ्ख्या पनि निकै बढि देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार १०-१४ वर्षको उमेरमा विवाह गर्ने बालिकाको सङ्ख्या ४ प्रतिशत देखिन्छ भने पुरुषको सङ्ख्या २ प्रतिशत देखिन्छ भने १५-१७ वर्षको उमेरमा विवाह गर्ने बालिकाको सङ्ख्या २७.९ प्रतिशत र पुरुषको संङ्ख्या १५.४ प्रतिशत देखिन्छ ।यसैगरी १८-२० वर्ष उमेर समूहका ३७.८ प्रतिशत महिलाले र ३५ प्रतिशत पुरुषले विवाह गरेको पाइन्छ । अर्थात २० वर्ष उमेर नपुगि विवाह गर्नेहरुको सङ्ख्या पनि बढि छ । जसले बालबालिकाको पढाइ पूरा गर्ने अवसरलाई प्रभाव पारेको छ ।

### यस पालिकाको पेसा तथा ब्यवसाय

यस क्षेत्रका बासिन्दाहरुको मुख्य पेसा कृषि, पशुपालन र बैदेशिक रोजगार रहेको छ । हिमाली जिल्लाको एक स्थानीय तह जहाँ हिउँदको समयमा ४ महिनासम्म हिउँ पर्ने गर्दछ । परम्परागत खेती प्रणाली आवलम्बन गरीरहेका यहाँको मुख्य पेसा कृषि नै हो । चिसो मौसम भएका कारण माथिल्लो भू-भागमा खासै उत्पादन योग्य भूमि छैन । फलफूलमा स्याउ, खाद्य बालिमा आलु, मकै, गहुँ, जौं यस क्षेत्रका उत्पादन हुन् । यसका साथै समुद्रि सतहदेखि कम उचाईमा रहेका केही वडाहरुमा सुन्तला खेती समेत हुने

गरेको छ । खेतीयोग्य जमिनमा सिँचाई लगायतका कृषकहरूका लागि आधुनिक सुविधाहरू पर्याप्त नभएको हुँदा आकाशे खेतीमा निर्भर कृषकहरूले सोचे अनुरूप उत्पादन गर्न सकिरहेका छैनन । यस क्षेत्रमा पाइने औषधीजन्य जडिबुटीहरुको व्यापार पनि यस क्षेत्रका बासिन्दाहरुको आम्दानीको स्रोत हो ।

## शैक्षिक अवस्था

शिक्षा समाजको जग हो । ब्यक्ति तथा समाजको सामाजिक, नैतिक र व्यवसायिक विकासका लागि शिक्षा अपरिहार्य छ । हालको शैक्षिक अवस्था र शैक्षिक अभ्यासले आगामी दिनको समाजको आर्थिक तथा सामाजिक अवस्थालाई निर्धारण गर्दछ । हरेक नागरीकले उसको वैयक्तिक तथा सामाजिक जीवनयापनका लागि निश्चित तहसम्मको शिक्षा प्राप्तिको सुनिश्चितता राज्यले गर्नुपर्दछ ।

नेपालको सन्दर्भमा नेपालको संबिधान २०७२ ले हरेक नागरीकको आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क गरेको छ । संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने कुरा समेत उल्लेख भएको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) ले २३ वटा बुँदामा शिक्षा सम्बन्धी व्यवस्थापन कर्यान्वयन र नियमन गर्न स्थानीय तोकेको छ। भोलिको समृद्दिका लागि वर्तमान अवस्थाको शिक्षालाई व्यवहारिक, गुणस्तरीय र जीवनोपयोगी बनाउनुपर्ने आजको आवश्यकता छ । नेपालको शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न नेपाल सरकारबाट पनि विभिन्न नीति, मार्गदर्शन र योजनाहरु कार्यान्वयनमा ल्याइएका छन् । शिक्षा क्षेत्रका असल अभ्यासहरु, विधि, पद्धति तथा तथ्यहरूलाई आधार मानेर सोही अनूरुपको स्थानीय तहको शैक्षिक योजना आवश्यकता रहेको हो । नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्नका लागि तहगत र कक्षागत रुपमा बालविकास देखि माध्यमिक तहसम्म उमेर समूह निर्धारण गरीएको छ । जसअनुसार प्रारम्भिक बालविकासको ३ देखि ४ वर्ष, आधारभूत तहका लागि ५ देखि १२ वर्ष र माध्यमिक तहका लागि १३ देखि १६ वर्ष उमेर

समूह निर्धारण गरीएको छ । उल्लेखित अवस्थालाई मध्यनजर गरी पुथा उत्तरगङ्गा गाउँपालिकाको विद्यमान शैक्षिक अवस्थालाई तल उल्लेख गरीएको छ ।

शैक्षिक हिसाबले हेर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिकामा प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्मका ५७ वटा शैक्षिक संस्थाहरु (विद्यालय) सञ्चालनमा रहेका छन् भने अनौपचारिक तथा निरन्तर शिक्षाका लागि ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा छन् । यस पालिका भित्र सञ्चालित शैक्षिक संस्थाहरुको विवरण तल उल्लेख गरीएको छ ।

| सञ्चालित तह | सङ्ख्या | कैफियत |
|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्र | ५७ | १ संस्थागत |
| आधारभूत तह कक्षा १-३ का विद्यालय सङ्ख्या | ६ | |
| आधारभूत तह कक्षा १-४ का विद्यालय सङ्ख्या | १ | |
| आधारभूत तह कक्षा १-५ का विद्यालय सङ्ख्या | २२ | १ संस्थागत |
| आधारभूत तह कक्षा ६-८ का विद्यालय सङ्ख्या | ९ | |
| आधारभूत तह कक्षा १-८ का विद्यालय सङ्ख्या | ४६ | १ संस्थागत |
| माध्यमिक तह कक्षा ९-१० का विद्यालय सङ्ख्या | ४ | |
| माध्यमिक तह कक्षा ११-१२ का विद्यालय सङ्ख्या | ४ | |
| माध्यमिक तह कक्षा ९-१२ का विद्यालय सङ्ख्या | ८ | |

पालिकाको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विवरण अनुसार ५६ वटा सामुदायिक र १ वटा संस्थागत गरी ५७ वटा प्रारम्भिक वालविकास तथा शिक्षाका केन्द्रहरु सञ्चालनमा रहेका छन् । कक्षा १-८ सञ्चालित जम्मा ४६ विद्यालयहरु छन् भने जसमध्ये १ वटा मात्र संस्थागत विद्यालय रहेको छ । यसैगरी कक्षा ९-१० सञ्चालित सामुदायिक माध्यमिक विद्यालय ४ वटा रहेका छन् भने उच्च माध्यमिक विद्यालय कक्षा ९-१२ सञ्चालित ४ वटा रहेका छन् । प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्नका

लागि यस पुथा उत्तरगङ्गा गाउँपालिकामा कक्षा ९-१२ सञ्चालित १ वटा सामुदायिक विद्यालय छ ।

विद्यार्थि सङ्ख्या (पालिकाको शैक्षिक सूचना व्यवस्थापन प्रणाली अनुसार)

| तह | | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | केटी | ४३७ | ४२ | ४७९ |
| | केटा | ४६८ | ४८ | ५१६ |
| | जम्मा | ९०५ | ९० | ९९५ |
| आधारभूत तह कक्षा १-५ | केटी | ९८८ | ३५ | १०२३ |
| | केटा | ९८२ | ३५ | १०१७ |
| | जम्मा | १९७० | ७० | २०४० |
| आधारभूत तह कक्षा ६-८ | केटी | ६२५ | ६ | ६३१ |
| | केटा | ५६१ | ८ | ५६९ |
| | जम्मा | ११८६ | १४ | १२०० |
| माध्यमिक तह कक्षा ९-१० | केटी | २८४ | ० | २८४ |
| | केटा | २७२ | ० | २७२ |
| | जम्मा | ५५६ | ० | ५५६ |
| माध्यमिक तह कक्षा ११-१२ | केटी | १६७ | ० | १६७ |
| | केटा | ११२ | ० | ११२ |
| | जम्मा | २७९ | ० | २७९ |
| आधारभूत तह कक्षा १-८ | केटी | १६१३ | ४१ | १६५४ |
| | केटा | १५४३ | ४३ | १५८६ |
| | जम्मा | ३१५६ | ८४ | ३२४० |
| माध्यमिक तह कक्षा ९-१२ | केटी | ४५१ | ० | ४५१ |
| | केटा | ३८४ | ० | ३८४ |
| | जम्मा | ८३५ | ० | ८३५ |
| जम्मा विद्यार्थि सङ्ख्या | केटी | २५०१ | ८३ | २५८४ |

| | | | | |
|---|---|---|---|---|
| | केटा | २३९५ | ९१ | २४८६ |
| | जम्मा | ४८९६ | १७४ | ५०७० |

पुथा उत्तरगङ्गा गाउँपालिका रुकुम पूर्वी भागको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क अनुसार शैक्षिक वर्ष २०८१/०८२ मा जम्मा ५०७० (छात्रा २५८४ र छात्र २४८६) विद्यार्थि भर्ना भइ अध्ययनरत छन् । प्रारम्भिक बालविकास तथा शिक्षाको खुद भर्ना दर ७८.४२ प्रतिशत, आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर ९५.३९ प्रतिशत र आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर ८७.० प्रतिशत रहेको देखिन्छ । साथै कक्षा १ मा भर्ना भएका जम्मा विद्यार्थि सङ्ख्यामध्ये ८७.५० प्रतिशत मात्र कक्षा ८ सम्म पुग्ने गरेको तथ्याङ्कबाट देखिन्छ । कक्षा १-८ का विद्यार्थिहरुमध्ये ४१.६४ प्रतिशत विद्यार्थिहरु कक्षाको तोकिएको उमेर समूहभन्दा कम वा बढि उमेर समूहका रहेका देखिन्छन् । अर्थात विद्यालयमा रहेका विद्यार्थिहरुको उमेर अनुसारको कक्षाको सहभागिता कम नै देखिन्छ । यसका साथै आधारभूत तह कक्षा १-८ मा अध्ययनरत विद्यार्थिहरुमध्ये १०.३१ प्रतिशत विद्यार्थिले कक्षा दोहोर्याउछन, १३.६६ प्रतिशत विद्यार्थिले कक्षा कक्षा छोड्छन र जम्मा ७६.०३ प्रतिशत विद्यार्थिमात्र कक्षा उन्नती हुन्छन् ।

यस पुथा उत्तरगङ्गा गाउँपालिकाको हालको शिक्षक विद्यार्थि अनुपातलाई हेर्दा प्रारम्भिक बालविकास तथा शिक्षामा २०.११, आधारभूत तह कक्षा १-५ मा १९.१३, आधारभूत तह कक्षा ६-८ मा ४७.४४, माध्यमिक तह कक्षा ९-१० मा २९.२६ र माध्यमिक तह कक्षा ११-१२ मा ४६.५० देखिन्छ भने औसतमा जम्मा शिक्षक विद्यार्थि अनुपात १४.६९ रहेको देखिन्छ । यस पालिकामा अध्ययनरत विद्यार्थिहरुमध्ये १.९७ प्रतिशत विद्यार्थिरुमा अपाङ्गता भएको तथ्याङ्कले देखाउँछ । यस गाउँपालिकाको साक्षरता दर ६७.७ (महिला ६०.४ र पुरुष ७५.५) प्रतिशत रहेको देखिन्छ ।

आधारभूत तह कक्षा ३ मा अध्ययनरत विद्यार्थिहरुले हासिल गरेको पढाइ सीपको उपलब्धि औसतमा ४७.७ प्रतिशत र गणितीय सीपमा ६१.३ प्रतिशत रहेको अवस्था छ भने कक्षा ५ मा अध्ययनरत विद्यार्थिहरुले हासिल गरेको पढाइ सीपको उपलब्धि

५६.० प्रतिशत र गणितीय सीपको उपलब्धि ६७.५ रहेको देखिन्छ । यसैगरी कक्षा ८ मा अध्ययनरत विद्यार्थिले हासिल गरेको नेपाली विषयको शैक्षिक उपलब्धि औसतमा ५६.६ प्रतिशत र गणित विषयको शैक्षिक उपलब्धि औसतमा ४२.९ प्रतिशत रहेको छ भने कक्षा १० का विद्यार्थिको शैक्षिक उपलब्धि औसतमा नेपालीमा ६३.०, अङ्ग्रेजीमा ४९.०, गणितमा ५४.० र विज्ञान विषयमा ३७.० प्रतिशत रहेको देखिन्छ ।

यस पालिकाभित्र बसोबास गर्ने समुदायहरुमा ५७.४, दलित ३०.२, ब्रहामण क्षेत्री ५.८ र ठकुरी ६.६ प्रतिशत रहेको जनगणनाको तथ्याङ्कले देखाउँदछ ।

## १.२ मुख्य समस्याहरु

पुथा उत्तरगङ्गा गाउँपालिका रुकुम पूर्वी भाग हिमाली भौगोलिक हिसावले विकट स्थानीय तह हो । राज्यको पुनर्संरचना सँगै सङ्घीयताको अभ्यासमा यस स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहि हरेक नागरीकको गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरीरहेको छ । अभिभावक तथा सरोकारवालाहरुको सहभागितामा सुधार गरी विद्यार्थिहरुको गुणस्तरीय सिकाइ प्रवर्द्धन गर्न नसकिनु, सबै बालबालिकाहरुको विद्यालय निरन्तरता कायम राख्न नसक्नु, दक्ष शैक्षिक जनशक्तिको परिचालनको अभाव र उल्लेख्य शैक्षिक उपलब्धि हासिल गराउनु यस स्थानीय तहका शैक्षिक क्षेत्रका समस्याहरु हुन । यस पालिकाका मूल समस्याहरुलाई यसरी बुँदागत रुपमा उल्लेख गरीएको छ ।

- सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुन नसकेको अवस्था छ ।
- विद्यालय भौतिक पूर्वाधार विकासका लागि प्रयाप्त स्रोत साधन छैन ।
- अभिभावक तथा समुदाय र विद्यालयको पारस्परिक सहयोग तथा अपनत्वको अभाव छ ।
- गुणस्तरीय, व्यवसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक समावेशीहरू विकास हुन सकेको छैन ।

- बालबालिकाहरुको वर्तमान शैक्षिक उपलब्धि, वैयक्तिक ज्ञान, सीप र क्षमताको अन्तर छ । अर्थात आर्जन गरेको शिक्षा व्यवहारिक हुन सकेको छैन ।
- भौगोलिक बिकटताले सबै बालबालिकाहरुका लागि सहज पहुँच पुग्न सकेको अवस्था छैन ।
- युवाहरुको बैदेशिक रोजगारको प्रभावले बालबालिकाहरुमा पढेर रोजगार पाइदैन भन्ने गलत भ्रम छ ।
- स्थानीय तहको सिमीत स्रोत साधन र विद्यालय पूर्वाधार विकासमा कठिनाई छ ।
- विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको अभाव छ । उपलब्ध शैक्षिक सामग्रीहरुको समुचित प्रयोग हुन सकेको छैन ।
- विद्यालयहरु पूर्ण रुपमा बालमैत्री, अपाङ्गमैत्री हुन सकेका छैनन ।
- शसक्त र सक्षम विद्यालय व्यवस्थापन समिति र प्रभावकारी विद्यालय सुशासनको अभाव छ ।
- प्राथमिकताको आधारमा योजना निर्माण र कार्यान्वयनको कमि छ ।
- शैक्षिक तथ्यांङ्क सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी अद्यावधिक र व्यवस्थापन हुन सकेको छैन ।
- तथ्याङ्क संकलन, विश्लेषण र योजना निर्माणमा बहुक्षेत्रगत समायोजना गरी एकरुपता कायम गर्न सकिएको छैन ।
- मगर खाम भाषीका समुदायहरुमा मातृभाषा खाममा पठनपाठन हुन सकेको छैन ।
- अपाङ्गता भएका तथा फरक क्षमता भएका बालबालिकाहरुको विद्यालयमा पहुँच विस्तारका कार्यक्रमहरु छैनन् ।
- विद्यालयमा तहगत र विषयगत शिक्षकको व्यवस्थापन पुगेको छैन ।
- पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल हुन सकेका छैनन ।
- विद्यालय शिक्षामा प्रविधि विकास र प्रयोगको अभाव छ ।
- नतिजामा आधारित नियमित अनुगमन तथा पृष्ठपोषण पुगेको छैन ।

- स्थानीय तहमा सिमित शैक्षिक जनशक्तिका कारण विद्यालयहरुमा शैक्षणिक सहयोग पुगेको छैन ।
- साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर र कार्यक्रमहरु उपलब्ध कार्यान्वयनमा रहेका छैनन।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाका माध्यम र संरचनाहरु ठोस भइ कार्यान्वयनका लागि तयारी छैनन ।
- शिक्षा आत्मसम्मान र बौद्धिक पहिचानका लागि हो भन्ने बुझाई नभइ पढाइलाई जागिरसँग मात्र जोड्ने मानसिकता हावी छ ।
- अभिभावकको बालबालिकाप्रति स्याहार र सहयोगको कमि र जिम्मेवारी बोधमा कमि छ ।
- लगानी अनुसारको शैक्षिक उपलब्धी हासिल हुन सकेको छैन ।
- स्थानीय तहभित्र दक्ष शैक्षिक जनशक्तिको अभाव छ । सबै शिक्षकहरु शैक्षणिक कला र प्रविधि सम्बन्धी दखलता भएका छैनन ।
- शिक्षक, विद्यार्थी र सरोकारवालाहरुमा शैक्षिक सुधारका लागि सकारात्मक सोचको विकास हुन सकेको छैन ।
- विद्यालयप्रति समुदाय तथा अभिभावकको सक्रियता र सहभागिता कमजोर छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीहरु

पालिकाको शैक्षिक उपलब्धि सुधार, दक्ष जनशक्ति निर्माण र व्यवहारिक शिक्षाको सुनिश्चितता आजको चुनौती हो । चुनौतीहरुबाट अवसरहरुको सिर्जना हुन्छ । आम अभिभावकहरुलाई विद्यालयमा जोडी विद्यालय सुशासनमार्फत गुणस्तरीय शिक्षा प्रदान गरी बाबालिकाहरुको शैक्षिक उपलब्धिमा सुधार गर्नु नै चुनौती हो । पुथा उत्तरगङ्गा गाउँपालिकाका शिक्षा क्षेत्रका मुख्य चुनौतीहरु निम्न देखिए ।

- भौगोलिक बनावट तथा बिकटता र छरिएका वस्तिका कारण सबै बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चितता गर्न,

- सामुदायिक समावेशीमा अभिभावकको आकर्षण र सहभागितामा सुधार गर्न,
- अभिभावकहरुलाई आयआर्जन र उत्पादनसँग जोडी बालबालिकाहरुको शिक्षामा लगानी बढाउन,
- विद्यालयमहरुमा तहगत र विषयगत शिक्षकहरू व्यवस्थापन गर्न,
- परीक्षा प्रणाली तथा निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यावहारिक कार्यान्वयन गरी आधारभूत तहमा शैक्षिक प्रभावकारिता बृद्धि गर्न,
- विद्यालय शिक्षामा प्रविधिको पहुँच र उपयोगमा सुधार गर्न,
- पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्रीको व्यवस्थापन तथा प्रयोगमा ल्याउन,
- भौगोलिक, सामाजिक, आर्थिक र भाषीक बिबिधताका कारण माध्यमिक तहमा प्राविधिक धारका उपयुक्त विषय छनौट गरी कार्यान्वयन गर्न,
- अपाङ्गतामैत्री भौतिक पूर्वाधार र वातावरण निर्माण गरी सबै किसिमका बालबालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गर्न,
- शैक्षिक सरोकारवालाहरुको विद्यालय क्षेत्रमा चासो र जिम्मेवारी बोधको महसुसिकरण गराइ सहभागि गराउन,
- शिक्षा क्षेत्रको सुधार र परिमाणात्मक उपलब्धि सबैको सहभागिताबाट मात्र सम्भव छ भन्ने मान्यता स्थापित गरी सबैको सहकार्य स्थापित गर्न,
- समावेशी शिक्षामा प्रवेश गरेका बालबालिको बीचमा कक्षा छोड्ने दरलाई न्यूनीकरण गर्न,
- विपद् तथा महामारीको समयमा शिक्षण सिकाइ क्रियाकलापको निरन्तरता कायम गर्न,
- यस क्षेत्रको भाषा र पृष्ठभूमि अनुसार आधारभूत तहमा दक्ष जनशक्ति परिचालन गर्न,
- निःशुल्क तथा अनिवार्य शिक्षालाई पूर्ण रुपमा कार्यान्वयन गर्न,
- स्थानीय तहको स्रोत र साधनबाट उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न,
- समावेशी शिक्षामा सुशासन कायम गर्न,
- बैदेशिक रोजगारको प्रभाव निराकरण गरी बालबालिकाहरुमा शिक्षा जीवनको आधारभूत आवश्यकता हो भन्ने अनुभूति गराउन,

- समग्र शैक्षिक उपलब्धिमा सुधार गर्न,
- वडा शिक्षा समिति र टोल शिक्षा समितिको क्षमता विकास गरी परिचालन गर्न,
- समावेशी व्यवस्थापन समिति र शिक्षकविच साझा बुझाई तथा सुझबुझ स्थापित गरी साझा मुद्दाका साथ अगाडि बढ्न,
- यस क्षेत्रको विद्यमान गलत सामाजिक अभ्यास (बालविवाह, सामुहिक मदिरा सेवन र चलन) र सामाजिक मान्यतालाई सकारात्मक रुपान्तरण गरी युवा तथा बालबालिकाहरुमा पर्ने प्रभाव न्यूनिकरण गर्न,
- विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप, वार्षिक उत्सब जस्ता क्रियाकलापको नियमितता गर्न,
- प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षाका कार्यक्रम विकास र कार्यान्वयन गर्नु र
- समावेशी नकसाङ्कनका आधारमा शिक्षक दरबन्दी मिलान समावेशी मर्ज तथा बन्द गरी व्यवस्थापन गर्न ।

## १.४ शिक्षा क्षेत्रका अवसरहरु

शिक्षा क्षेत्रका उल्लेख गरीएका समस्या तथा चुनौतीहरु हुदा हुदै ति समस्या तथा चुनौतीका विचबाट यस गाउँपालिकाको शैक्षिक समृद्धिका लागि थुप्रै अवसरहरु छन् । समावेशी शिक्षामा सबैको पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा व्यवसायिक र उत्पादनमुखी शिक्षा प्रदान गरी सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादनमा जोड दिन सकिन्छ । निर्धारित र निर्देशित पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी ज्ञान प्रवाह गर्ने, ज्ञानलाई दैनिक जीवनसँग जोडी सीप हासिल गराउने र सीपलाई उत्पादनमा प्रयोग गराई शिक्षामा उल्लेख्य सुधार गर्न सकिन्छ । यस पालिकाका शैक्षिक अवसरहरु यस प्रकार पहिचान भएका छन् -

- तीन तहका सरकारविच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु,

- शिक्षामा स्थानीय परिबेश र आवश्यकताका आधारमा स्रोत र लगानी वृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्न सकिनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु,
- तीन तहका सरकार तथा अन्य सङ्घसंस्थाहरूको सहलगानीबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
- शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गरी सन्दर्भ र आवश्यकता अनुसार कार्यान्वयन गर्ने आधार हुनु,
- स्थानीय सरकारको आफू अनुकुलको नीति, योजना, कार्यक्रम र स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयनको अवसर हुनु,
- स्थानीय तहमा शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूको प्रत्यक्ष सहभागिता र क्रियाशीलता हुनु,
- अभिभावकहरुमा गुणस्तरीय शिक्षाको आवश्यकता महशुस गराउन जनप्रतिनिधिहरुको प्रत्यक्ष सहभागिता हुनु,
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुनु र व्यापक लगानी हुनु,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्न सकिनु,
- प्राकृतिक सुन्दरता र पर्यटकिय सम्भावना र यस क्षेत्रको उत्पादनमार्फत शैक्षिक लगानीमा बृद्दि गर्न सकिने अवसर हुनु र
- विकासका हिसाबले सडक, पूर्वाधार, सञ्चार, बिद्युतको विकास हुनु यस पालिकाका शैक्षिक अवसरहरु हुन ।

# परिच्छेद २

# लक्ष्य निर्धारण

समाजको आर्थिक, सामाजिक वैयक्तिक रुपान्तरणको कडी शिक्षा हो ।जसले मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपमा प्रभाव पार्दछ । शिक्षाको स्वरुप, संरचना र कार्यान्वयन पद्दतिको ठोस योजना गरी लागु गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न लक्ष्य निर्धारण गर्नु पर्दछ । स्थानीय तहको विविधता लाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूको रहेको अवस्थामा यस पुथा उत्तरगङ्गा गाउँपालिका रुकुम पूर्वी भागको शिक्षा योजना निर्माण गरीदैछ ।

हरेक नागरीकले पाउनुपर्ने निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक अभिकारको सुनिश्चिता गर्न र सिर्जनशील, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण बोकेका दक्ष र व्यवहारिक जनशक्ति तयार पार्न समेत यो योजनाले भूमिका खेल्ने अपेक्षा गरीएको छ ।

स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको आधारभूत तथा माध्यमिक तहको शिक्षा व्यवस्थापनको अधिकार बमोजिम पुथा उत्तरगङ्गा गाउँपालिकाको पञ्चपर्षिय शिक्षा योजनाको विकास गर्ने प्रयास भएकोछ । योजना प्रभावकारी बनाउन योजनाको दुरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण स्पष्ट रूपमा गरीएको छ ।

## २.१ दुरदृष्टि

"व्यवसायिक र दक्ष जनशक्तिको विकासका लागि गुणस्तरीय समावेशी, जीवनोपयोगी शिक्षा"

## २.२ लक्ष्य

'सक्षम, कर्तब्यनिष्ठ र सकारात्मक सुझबुझ भएका व्यवसायिक जनशक्ति विकासका लागि बालमैत्री विद्यालय विकास गरी बालबालिकाको गुणस्तरीय शिक्षामा पँहुच सुनिश्चित गर्ने'

## २.३ उदेश्यहरु

१. पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका सबै तहका विद्यालयहरुमा बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच पुर्याउने,

२. विद्यालय पूर्वाधार विकासलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित र सुबिधायुक्त बनाउने,

३. शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ सीपयुक्त, सक्षम, नैतिकवान र प्रतिष्पर्धि नागरीक तयार गर्ने,

४. सक्षम, दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही शिक्षकको व्यवस्थापन गर्ने,

५. गुणस्तरीय सिकाइ प्रवर्द्धन तथा समग्र शैक्षिक विकासका लागि अनौपचारिक तथा निरन्तर शिक्षा तथा अनुसन्धानमा आधारित शैक्षिक माध्यमको विकास गर्ने,

६. विपद् तथा आपतकालिन अवस्थामा समेत शिक्षा निरन्तरताका लागि सुनिश्चित गर्ने र

७. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने।

## २.४ रणनीतिहरु

| उदेश्य | रणनीतिहरु |
| --- | --- |
| उदेश्य १ : पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका सबै बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच पुर्याउने । | • विद्यालयको भौतिक तथा शैक्षिक नक्सांङ्कन गरी समायोजना तथा एकीकरण र विस्तार गर्ने साथै साथै विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी विद्यालय पहुँचमा पुर्याउने,<br>• प्रारम्भिक बालविकासलाई प्रभावकारी गराउन नमूना बालविकास तथा नमुना विद्यालयको अवधारणा आवलम्बन गर्ने,<br>• विद्यालयमा वडा शिक्षा समिति र बिब्यस/शिअसको क्षमता विकास गरी परिचालन मार्फत समुदायको सक्रियता बढाउने,<br>• शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरीयता सुनिश्चित गर्ने, |

| | |
|---|---|
| | • आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,<br>• शैक्षिक आवश्यकताका आधारमा बालबालिकाको रुचि चाहना र सम्भावना पहिचान गरी सोहि बमोजिमको सिकाइ वातावरण तयार गर्ने,<br>• अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,<br>• विद्यालयमा विद्यार्थि झिकाउने, टिकाउने, सिकाउने र बिकाउने अवधारणा शसक्त गराउने,<br>• आधारभूत तह कक्षा १-५ का बालबालिकाहरुको सुरक्षित र प्रभावकारी दिवा खाजा कार्यक्रमको व्यवस्थापन गर्ने,<br>• विविध विपद तथा महामारीबाट सिकाइ क्षति भएका बालबालिकाहरुको सिकाइ आपुरण तथा द्रुत सिकाइ योजनाको कार्यान्वयन गर्ने,<br>• शिक्षामा नतिजामुखि उपलब्धि हासिल गर्नका लागि विभिन्न ब्यक्ति तथा साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने,<br>• सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,<br>• बालबालिका लाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने,<br>• समतामुलक छात्रबृत्ति, शैक्षिक सहयोग कार्यक्रमको विकास र परिचालन गर्ने,<br>• विद्यालयको शैक्षिक स्रोत विकासका लागि विभिन्न शैक्षिक कोषहरुको स्थापना र परिचालन गर्ने, |

| | |
|---|---|
| | • औपचारिक, अनौपचारिक तथा अरितिक्त शिक्षकका विच अन्तरसम्बन्ध स्थापित गर्ने,<br>• स्थानीय तहलाई पूर्ण साक्षर पालिका बनाउन साझेदारी र सहलगानीको वातावरण तयार गर्ने,<br>• विद्यालयहरुमा सूचना तथा प्रविधि विकासमा जोड दिने र<br>• कक्षा १ मा भर्ना हुंदा बालविकासको अनुभव अनिवार्य गर्ने । |
| उदेश्य २ : विद्यालय पूर्वाधार विकासलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित र सुबिधायुक्त बनाउने । | • विद्यालयका पूर्वाधारहरुको अवस्था पहिचानका लागि विद्यालय नक्साङ्कन गरी स्तरीकरण तथा प्राथमिकिकरण गर्ने,<br>• पूर्वाधार विकासका लागि सहकार्य तथा सहलगानीका लागि समन्वय गर्ने,<br>• विद्यालय पूर्वाधार विकास गर्दा मापदण्डहरु पूरा गरी बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित वातावरण भएका विद्यालय निर्माण गर्ने,<br>• भौतिक पूर्वाधार विकास तथा विद्यालयमा पूर्वाधार विकासका लागि नीजि क्षेत्र, संघसंस्था, तथा दातृ निकायहरुसँगको साझेदारीलाई आवलम्बन गर्ने,<br>• विद्यालयका सुबिधाहरु खानेपानी, शौचालय, पुस्तकालय, प्रयोगशाला र प्रविधिको पहुँचलाई वालमैत्री र पहुँचयोग्य बनाउने र<br>• बढ्दो प्रविधिको विकासलाई आत्मसाथ गरी कक्षाकोठामा प्रविधिको प्रयोग र विकासलाई प्रभावकारी बनाउने । |
| उदेश्य ३ : शिक्षालाई समावेशी, जीवनोपयोगी, | • स्थानीय पाठ्यक्रमको विकास परिमार्जन तथा कार्यान्वयन गर्ने, |

| | |
|---|---|
| व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ सीपयुक्त, सक्षम, नैतिकवान र प्रतिष्पर्धि नागरीक तयार गर्ने । | • स्थानीय तहमा आवश्यकता र सान्दर्भिकता अध्ययन गरी प्रविधिक तथा व्यवसायिक धारको विद्यालयको विकास र कार्यान्वय गर्ने,<br>• प्राविधिक धारका विद्यालयहरुको सुदृढिकरण र आवश्यकतामा आधारित विषयको छनौट गर्ने,<br>• विद्यालयहरुमा प्रविधिको स्थापनामा जोड दिइ उपयोगिताको सुनिश्चित गर्ने,<br>• शिक्षण सिकाइमा परियोजना कार्य र अनुसन्धानात्मक कार्यहरु समावेश गर्न प्रोत्साहित गर्ने,<br>• विषयवस्तुहरुलाई व्यवहारिकरण गर्त परियोजना कार्य तथा सामुहिक कार्यको प्रवर्द्धन गरी सामाजिक भाव र कर्तब्यपालनालाई जोड्ने,<br>• ई-लर्निङ, ई-लाइब्रेरी, र अनलाइन सिकाइ स्रोतहरूको प्रयोगमा पहूँच बृद्दि गरेर सिकाइलाई प्रविधिमैत्री बनाउने,<br>• प्रविधि विकासका लागि विभिन्न निकायसँगको साझेदारी समन्वय र सहलगानि बृदि गर्ने,<br>• विद्यालय भौतिक पूर्वाधार विकासमा प्रविधिको समाजस्यतालाई सम्बोधन गरी विकास गर्ने र<br>• शैक्षिक व्यवस्थापन तथा सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने । |
| उदेश्य ४ : सक्षम, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको | • विद्यालयमा पाठ्यवस्तुसँग स्थानीय सन्दर्भ, जीवनोपयोगी सीप, सामाजिक निष्ठा र स्थानीय पेसाका विषयहरुलाई समाहित गरी कार्यान्वयनका लागि वातावरण तयार गर्ने, |

| | |
|---|---|
| सिकाइ प्रति जवाफदेही शिक्षकको व्यवस्थापन गर्ने | • सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्ने,<br>• शिक्षक क्षमता विकास तथा रुपान्तरित सन्दर्भसँग अध्यावधिक गराउन शिक्षक तालिम, गोष्ठि, अभिमुखिकरण जस्ता कार्यक्रम सञ्चालनको संयन्त्र बनाउने,<br>• शिक्षक नियुक्ति र पुनर्वितरणलाई वस्तुगत र सुदृढ बनाउने,<br>• विषयवस्तुमा निपुण र दक्ष शिक्षकको सुनिश्चितता गर्ने,<br>• शिक्षक क्षमता विकासका लागि खोज, अनुसन्धानात्मक र अध्ययनको अवसर प्रदान गरी प्रोत्साहन गर्ने,<br>• शिक्षकहरुको नकसांकन, स्तरीकरण र प्राथमिकिकरण गरी विज्ञ शिक्षक तथा शैक्षणिक स्रोत ब्यक्ति परिचालन गर्ने,<br>• शिक्षा व्यवस्थापन, आन्तरिक सरुवा तथा करार सम्झौता कार्यविधि बनाई कार्यान्वयन गर्ने,<br>• योजना कार्यान्वयनको दोस्रो वर्षमा योजनाको समिक्षा र नक्साङ्कन गरी विद्यालय मर्ज तथा समायोजनमार्फत ठूला विद्यालय (Big School) को अवधारणा आवलम्वन गर्ने,<br>• सबै तहमा सक्षम, पेसाप्रति प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्ने,<br>• सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र |

| | |
|---|---|
| | • शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्ने । |
| उदेश्य ५ : गुणस्तरीय सिकाइ प्रवर्द्धनका लागि प्रविधिमैत्री, प्राविधिक र व्यवसायिक तथा अनुसन्धानमा आधारित विद्यालयहरुको विकास गर्ने | • पाठ्यक्रम कार्यान्वयन तथा स्थानीय पाठ्यक्रमलाई परियोजना कार्यसँग जोडी प्रभावकारी बनाउने,<br>• स्थानीय माटो सुहाउँदो प्रविधि र प्राविधिक विषयको छनौट गरी कार्यान्वयन गर्ने,<br>• पालिकाभित्र कम्तिमा एक प्राविधिक विषय सञ्चालित विद्यालयको विकास गरी क्रमश स्तरउन्नती गर्दै लैजाने,<br>• गुणस्तर विकासका लागि समुदाय तथा सरोकारवालाहरुको विद्यालयमा उपस्थिति बढाउन कार्यक्रम तय गर्ने,<br>• शैक्षिक जनशक्तिको दक्षता विकास गर्न खोज अनुसन्धान भ्रमण लाई प्रवर्द्धन गर्ने,<br>• पालिकाभित्र सकारात्मक उर्जा तथा उत्प्रेरणा प्रवाहका लागि नमूना विद्यालय तथा ठूलो विद्यालयको अवधारणा कार्यान्वयन गर्ने र<br>• विद्यालयहरुको नक्साङ्कन, स्तरीकरण र प्राथमिकरण गर्ने । |
| उदेश्य ६ : बिपत् तथा आपतकालिन अवस्थामा समेत शिक्षा निरन्तरताका लागि सुनिश्चित गर्ने । | • विद्यालय संरचना निर्माणमा बालमैत्री र विपद् जोखिम बहन क्षमता भएका संरचना निर्माणमा जोड दिने,<br>• विपद्को अवस्थामा शिक्षा निरन्तरताका रणनीतिहरु मापदण्डहरु निर्माण गर्ने र कार्यान्वयन गर्ने, |

| | |
|---|---|
| | • विद्यालयमा अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलापमा विद्यालय सुरक्षा, विपत सुरक्षा अभ्यासलाई प्राथमिकिरण गरी कार्यान्वयन गर्ने<br>• औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्वी भाग सावधानी र तयारीको वातावरण तयार गर्ने,<br>• सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने,<br>• विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने,<br>• विपद्का कारण क्षति हुने सिकाइ आपुरण परिपुर्तिका लागि योजना बनाई कार्यान्वयन गर्ने,<br>• हरेक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माणमा सहजिकरण गरी कार्यान्वयन गर्ने गराउने,<br>• आपत्कालिक अवस्थामा शिक्षा निरन्तरताका लागि अल्पकालीन र दीर्घकालीन पुनर्स्थापनाको ब्यवस्था गर्ने,<br>• विद्यालयमा विद्यालय सुरक्षाका कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने,<br>• विद्यालयको संस्थागत क्षमता विकास र सुदृढिकरण गर्ने । |
| उदेश्य ७: स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा | • विद्यालय तथा शैक्षिक संरचनाहरुलाई शसक्त बनाई परिचालन गर्ने,<br>• समुदाय तथा सरोकारवालाहरुको विद्यालयमा सहभागिता बृद्दि गर्ने कार्यक्रमको तय गर्ने, |

| | |
|---|---|
| व्यवस्थापनको प्रबर्द्धन गर्नु । | • 'विद्यालय समुदायको दायित्व र अपनत्व' भन्ने जागृत गराउन अभिभावक तथा समुदायको विद्यालयमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,<br>• विद्यालय व्यवस्थापन प्रणालीलाई सुदृढ गरी जिम्मेवारी र कर्तब्यबोधले सुसज्जित बनाउने,<br>• स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,<br>• तीनै तहका सरकारविचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,<br>• विद्यालय साझा फूलवारी भन्ने मनोभावना उत्प्रेरित वातावरण तयार गर्ने,<br>• गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने,<br>• जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने र<br>• कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने । |

## २.५ कार्यनीतिहरु

### उदेश्य १ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- पालिका भित्रका समावेशीहरूमा आधारभूत भौतिक पूर्वाधार (शुद्ध पिउने पानी, सरसफाइयुक्त शौचालय, पुस्तकालय, प्रयोगशाला) को विकास गरीनेछ ।
- समावेशीमा डिजिटल शिक्षण प्रविधि (स्मार्ट कक्षा, इन्टरनेट पहुँच) उपलब्ध गराइने छ ।
- नमूना बालविकास तथा विद्यालयका कार्यक्रम क्रमश सञ्चालन गर्दै लगिने छ ।
- विद्यालयमा निःशुल्क पाठ्यपुस्तक, छात्रबृत्ति तथा शैक्षिक सामग्री तथा आधारभूत तह कक्षा १-५ सम्म गुणस्तरीय र सुरक्षित खाजाको ब्यवस्था गरीने छ ।

- समुदायलाई शिक्षाको महत्वमा जागरुक गराउने साथै विद्यालय बाहिर रहेका बालबालिकाको नक्साङ्कन गरी आवश्यकताका आधारमा सहयोग उपलब्ध गराई विद्यालयमा पहुँच सुनिश्चितता गर्ने कार्यक्रम सञ्चालन गरीने छ ।
- अपांगता भएका बालबालिकालाई समावेशी शिक्षा प्रदान गर्न अपाङ्गमैत्री र बालमैत्री पूर्वाधार निर्माणममा जोड दिइने छ ।
- हरेक वर्ष प्रभावकारी रुपमा विद्यालय भर्ना अभियान सञ्चालन गरीने छ ।
- विद्यालयहरुमा मनोरम वातावरण निर्माणका लागि बिद्याल फूलवारी तथा हरित विद्यालयका कार्यक्रमहरु सञ्चालन गरीने छ ।
- शैक्षिक सहभागिता र जनचेतना अभिवृद्दिका लागि बालक्लवको परिचालन गरीने छ
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि ऐन २०७५ लाई आधार बनाइ आवश्यक मापदण्डहरु बनाइ कार्यान्वयन गरीनेछ ।
- विद्यालयका भौतिक संरचनाहरु सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री बनाइने छ ।
- कक्षामा बालबालिकाहरुलाई टिकाई राख्न कक्षाकोठालाई सामग्रीयुक्त र छापायुक्त बनाउनेतर्फ जोड दिइने छ ।
- वडा/टोल शिक्षा समिति गठन गरी शिक्षामा निगरानी बढाइने छ ।
- बालविवाह र बालश्रमलाई घटाउन जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरीने छ र घटनामा कानुन बमोजिम कारबाही गरीनेछ ।
- स्रोत व्यवस्थापन, प्रभावकारीता र गुणस्तरीयताका लागि बहुक्षेत्रगत साझेदारीका कार्यक्रम आवलम्बन गरीनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरु मार्फत बैकल्पिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी अनिवार्य शिक्षाको उद्देश्य पूरा गरीनेछ।

### उदेश्य २ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- विद्यालयको भौतिक पूर्वाधार विकासमा विद्यालय सुरक्षा, अपाङ्गमैत्री, लैंगिकमैत्री र बालमैत्री संरचना निर्माणमा ध्यान दिइनेछ ।
- अपाङ्गता भएका, बिशेष अवस्थाका र भिन्न क्षमता भएका बालबालिकाहरुको बिशेष आवश्यकता र अवस्थाका आधारमा सिक्ने सिकाउने वातावरणको प्रवन्ध गरिनेछ ।

- अपांगता भएका बालबालिकाहरूका लागि पहुँचयोग्य कक्षाकोठा, सहायक उपकरण र शिक्षण सामग्रीहरूको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा सिकाइका कुनाहरु, सिकाइ सामग्रीहरुको प्रयोग, पुस्तकालय, प्रयोगशाला तथा अनुसन्धान केन्द्रको कार्यान्वयन सुनिश्चित हुने वातावरण तयार गरीनेछ ।
- प्रविधि विकासका लागि विभिन्न निकायसँग समन्वय तथा साझेदारी मार्फत स्रोत अभिवृद्दिमा जोड दिइने छ ।
- समुदायको संरचना नक्साङ्कन गरी जनसङ्ख्या, भौगोलिक बनोट, लैंगिकता र आवश्यकताका आधारमा बालविकास केन्द्र तथा विद्यालयका कक्षाकोठाको गुणस्तर सुनिश्चित गरीनेछ ।
- विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरीनेछ ।
- विभिन्न प्रकोपहरुको सामनाका लागि उत्थानशील विद्यालय संरचनाको निर्माणमा जोड दिइने छ ।
- विद्यालयका संरचना निर्माणमा प्रविधि विकास र व्यवसायिक तालिमको पहुँच सुनिश्चित हुने गरी निर्माण गरीनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरुका लागि सुरक्षित खानेपानी, शौचालय र प्रयोगशालामा पहुँच सुनिश्चित गरीने छ ।

### उदेश्य ३ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- आर्थिक रूपमा अतिविपन्न, अपाङ्ग, लैंगिक अल्पसंख्यक, आदिवासी/जनजाति तथा दुर्गम क्षेत्रका बालबालिकाका लागि छात्रवृत्ति तथा निःशुल्क शिक्षाको व्यवस्था गरीनेछ ।
- स्थानीय स्रोत र आवश्यकता अनुसार स्थानीय पाठ्यक्रममा रैथाने कृषि, पशुपालन, पर्यटन तथा साना व्यवसाय सञ्चालन सम्बन्धी विषय समावेश गरीनेछ ।
- पाठ्यक्रमले निर्देशित गरेका विषयवस्तुलाई व्यवहारिक र जीवनोपयोगी बनाउन परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई प्राथमिकता दिइनेछ ।
- सीपमूलक कार्यक्रम सञ्चालनका लागि सामुदायिक सिकाइ केन्द्रहरुलाई परिचालन गरीनेछ ।
- आवश्यकता र पूर्वाधार विकास सँगसँगै प्रविधि विकासमा जोड दिइनेछ ।

- एक शिक्षक एक कम्प्यूटरको अवधारणालाई क्रमश पूरा गर्दै लगिनेछ ।
- कक्षाकोठालाई प्रविधिमैत्री बनाउन हरेक विद्यालयका सुधार योजनामा समावेश गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने छ ।

## उदेश्य ४ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- विद्यालय नक्साङ्कन गरी शिक्षकहरुको आवश्यकता, वर्गीकरण र अवस्थाको पहिचान गरीने छ ।
- पालिका भित्र आवश्यकता र सान्दर्भिकताका आधारमा शिक्षकहरुको आन्तरिक व्यवस्थापन गरीने छ ।
- शिक्षक कार्य सम्पादन तथा स्व:मूल्याङ्कनलाई प्रभावकारी बनाउदै लगिनेछ ।
- शिक्षक उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरीने छ ।
- शिक्षक पुरस्कार र दण्डका संयन्त्र निर्माण गरी कार्यान्वयन गरीने छ ।
- एक शिक्षक एक कम्प्यूटरको अवधारणालाई क्रमश पूरा गर्दै लगिनेछ ।
- शिक्षक तालिम, शिक्षक घुम्ति बैठकहरुको आयोजना गरी क्षमता विकासका अवसरहरु सिर्जना गरीनेछ ।
- शिक्षकहरुलाई पेसाप्रति उत्प्रेरित र समर्पित बनाईने छ ।
- प्रधानाध्यापक बैठक तथा शिक्षक क्षमता विकास र उत्प्रेरणाका लागि विद्यालयमा शैक्षिक विज्ञ भेटघाट तथा सहयोग कार्यक्रम सञ्चालन गरीने छ ।
- पालिका भित्रका शिक्षकहरुको क्षमता विकास र शैक्षिणिक सहयोगका लागि विषयगत स्रोत शिक्षकको व्यवस्थापन गरीनेछ ।
- विद्यालयमा स्वास्थ्य सेवा तथा मनोपरामर्शका सेवाहरु सञ्चालन गर्न विद्यालय नर्स व्यवस्थापन गरी परिचालन गरीनेछ ।
- समाहित कक्षा सञ्चालनका लागि शिक्षकहरुको क्षमता अभिवृद्दि गरीने छ ।
- विपद् तथा महामारीका बेला शैक्षिक निरन्तरताका लागि शिक्षा तथा विद्यालयलाई तयार गरीनेछ । शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गरीनेछ

- समावेशी शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन गरीनेछ ।
- निरन्तर मूल्याङ्कन प्रणाली, शैक्षिक सूचना व्यवस्थापन प्रणाली र परीक्षा प्रणालीलाई व्यवस्थित गर्न विद्यालय प्रशासन तथा शिक्षकको क्षमता विकास गरीने छ ।

### उदेश्य ५ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- पालिकाभित्र कम्तिमा एक प्राविधिक धारको विद्यालय स्थापना गरी प्रभावकारी बनाइने छ ।
- हरेक विद्यालयहरुको मापनयोग्य सूचकहरु निर्माण गरी नक्साङ्कन गरीनेछ ।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न समावेशीहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गरीनेछ ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने छ ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरीने छ ।
- सिकाइलाई व्यवहारिक र अनुभवमा आधारित बनाउन शैक्षिक भ्रमण, कार्यमूलक अनुसन्धान, सिकाइ सम्प्रेषण, अन्तरविद्यालय अनुभव आदान प्रदान र प्रतिस्पर्धा कार्यक्रमलाई बढवा दिँदै निरन्तरता दिइनेछ।
- समुदाय जागरण तथा विद्यालयमा सहभागिताका कार्यक्रम सञ्चालन गरीने छ ।
- विद्यालयलाई प्रभावकारी र गुणस्तरीय बनाउन ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरीनेछ ।
- स्थानीय पाठ्यक्रममा जीवनउपयोगी सीप, स्थानीय कला, संस्कृति, भाषा, पर्यटन र उत्पादनका विषयहरु समावेश गरी व्यवहारिक बनाइने छ ।

### उदेश्य ६ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- विद्यालय संरचना निर्माण गर्दा बालमैत्री र विपद् जोखिम बहन क्षमता भएका संरचना निर्माणमा जोड दिइने छ ।

- विद्यालय भौतिक पूर्वाधार मर्मत तथा सम्भारका कार्य गरी जोखिम न्यूनिकरणको अभ्यास गरीने छ ।
- हरेक विद्यालय सुरक्षित विद्यालयको अनुभूतिका लागि विद्यालयहरुको नक्साङ्कन तथा प्रथमिकिकरण गरी कार्य गरीनेछ ।
- विद्यालयहरुमा विपद् जोखिम न्यूनिकरणका अभ्यासहरु (प्रयोगात्मक ड्रिल, सिमुलेसन) कार्यक्रमहरु अतिरिक्त क्रियाकलापहरुसँग जोडी सञ्चालन गरीने छ ।
- विपद्को अवस्थामा शिक्षा निरन्तरताका रणनीतिहरुका मापदण्डहरु निर्माण गरी कार्यान्वयन गरीने छ ।
- विद्यालय सुधार योजनामा विद्यालय सुरक्षाका योजना समावेश गरी कार्यान्वयन गर्न प्रेरित गरीनेछ ।
- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्वी भाग सावधानी र तयारीको वातावरण तयार गरीनेछ ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गरीनेछ ।
- पालिका भित्र विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गरी परिचालन गरीनेछ।
- बिपद्का कारण क्षति हुने सिकाइ आपुरण परिपुर्तिका लागि योजना बनाई कार्यान्वयन गरीनेछ ।
- हरेक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माणमा सहजिकरण गरी कार्यान्वयन गर्ने गराउने कार्य गरीने छ ।
- विद्यालय फूलवारी हरित विद्यालयको अवधारणाबाट बालक्लको परिचालन गरी कार्यान्वयन गरीनेछ ।
- विद्यालय व्यवस्थापन समिति तथा विद्यालय संस्थागत संरचनाहरुको प्रकोप सामनाका लागि तयारी रहन क्षमता अभिवृद्दि गरीनेछ ।

- आपत्कालिक अवस्थामा शिक्षा निरन्तरताका लागि अल्पकालीन र दीर्घकालीन पुनर्स्थापनाको ब्यवस्था गरीनेछ।
- विद्यालयमा विद्यालय सुरक्षाका कार्यक्रमहरु तय गरी कार्यान्वयन गरीनेछ ।

## उदेश्य ७ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरीने छ ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था तथा क्षमता विकासका कार्यक्रम गरीने छ ।
- वडा शिक्षा समिति, टोल शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बालक्लवहरुलाई शसक्त बनाई परिचालन गरीनेछ ।
- विद्यालयमा समुदायको सहभागिता र अपनत्वका लागि कार्यक्रमको विकास गरीनेछ ।
- पालिकामा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरी कार्यान्वयन गरीनेछ ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरीने छ ।
- शैक्षिक जनशक्तिको उत्प्रेरणा विकासको लागि कार्यक्रम सञ्चालन गरीनेछ ।
- एकीकृत सहभागितामुलक शैक्षिक अनुगमन तथा मूल्याङ्कन, सुपेरिबेक्षण र मार्गदर्शन लाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।
- विद्यालय अनुगमनमा निश्चित मापदण्ड र सूचको कार्यान्वयन गरीनेछ ।
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरीने छ ।
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गरीनेछ ।

- प्रमाणमा र वास्तविकातामा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरीनेछ ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरीने छ ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरीने छ ।
- पुरस्कार र दण्ड प्रणालीको विकास प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ ।

## २.६ अपेक्षित उपलब्धिहरु

- पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका सबै बालबालिकाहरुको विद्यालयमा गुणस्तरीय शिक्षामा पहुँच बृद्दि भएको हुनेछ ।
- विद्यालय भौतिक पूर्वाधारहरु बालमैत्री, अपाङ्गमैत्री, विपद् उत्थानशील, प्रविधिमैत्री र सुबिधायूक्त रुपमा विकास भएका हुनेछन् ।
- सबै बालबालिकाहरूका लागि समतामूलक, समावेशी तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित भएको हुने छ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील, दक्ष र प्रतिस्पर्धी नागरीक तयार भएका हुनेछन् ।
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
- विद्यालयमा अभिभावकको सहभागिता, सक्रियता र अपनत्वमा सुधार भई बालबालिकाको गुणस्तरीय सिकाइमा सुधार भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रबर्द्धन भएको हुनेछ ।

- विद्यालयहरु वातावणमैत्री, अपाङ्गमैत्री, बालमैत्री र लैंगिक समानताका हिसावले सक्षम भएका हुनेछन् ।
- अन्तरसम्बन्धित विषयको सामनिकरण र कार्यकान्वयनका माध्यमबाट शिक्षामा हरेक क्षेत्रको विषय एकिकरण भई कार्यान्वयन भएको हुनेछ ।
- विद्यालयको शुसासन तथा शासकीय प्रवन्ध सुदृढ भएको हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**तालिका नं. १, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ७८.४ | ८३.८ | ८९.६ | ९५.८ | LGSESP | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८९.० | ९७.७ | ९४.५ | ९७.५ | LGSESP | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३.० | ८५.० | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ८८.० | ९०.८ | ९३.८ | ९६.८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९.० | १०० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | ९८.२ | ९८.६ | ९९.० | ९९.४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | ९६.४ | ९७.५ | ९८.६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | दि.वि.ल. ४ (ने.रा.का.) (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | १३३.० | १२३.८ | ११५.४ | १०७.४ | | |
| | | प्रदेश | ११८.५ | | | | | |
| | | राष्ट्रिय | ११८.० | ११५.० | | | वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९८.३ | | | | | |
| | | प्रदेश | | | | | | |

| क्र.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९८.३ | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | स्थानीय | ११३ | ११० | १०७ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | **दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ४९.६ | ५७.९ | ६७.५ | ७८.७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ३८.६ | ४६.४ | ५५.७ | ६६.९ | | |
| | | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | **दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** |
| २.९ | आधारभूतहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर स्मुहका बिद्यार्थीको प्रतिशत* (%) | स्थानीय | ४१.६ | ३२.३ | २२.० | ११.९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | **फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.७३ | ०.७९ | ०.८६ | ०.९३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | **दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ८७.० | ८८.२ | ९१.६ | ९५.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९.० | | १०० | **पन्ध्रौं योजना वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १२८.६ | १२०.३ | ११३.६ | १०७.४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ३१.८ | ४१.३ | ५३.७ | ६९.८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** |
| २.१४ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९६ | ०.९८ | ०.९८ | ०.९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.० | १.० | | | **फ्ल्यास रिपोर्टवि.क्षे. वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.१५ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि | स्थानीय | ४७.७ | ५४.३ | ६१.९ | ७०.५ | | |
| | | प्रदेश | | | | | | |

| क्र.स. | सूचक | | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | राष्ट्रिय | | | | | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | ६१.३ | ६५.६ | ७०.१ | ७५.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.० | ६१.३ | ६७.१ | ७३.४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | ६७.५ | ७०.५ | ७३.७ | ७७.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.६ | ६१.८ | ६७.६ | ७३.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | ४२.९ | ४९.५ | ५७.० | ६५.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना** |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना** |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४७.५ | ६०.४ | ६५.३ | ७६.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | **फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना** | **पन्ध्रौं योजनाले वि.सं.२१०० (९५.० %) मा पुऱ्याउने लक्ष** |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | | स्थानीय | १०२.३ | १०२.२ | १०१.० | १००.७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० | **फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा)** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र दि.वि.ल. (रा.समीक्षा)** |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.३६ | १.३६ | १.१८ | १.१० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | **पन्ध्रौं योजना** | **फ्ल्यास रिपोर्ट** |

| क्र.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **वि.क्षे.वि.यो. दि.वि.ल. (रा.समीक्षा)** | **दि.वि.ल. (रा.समीक्षा)** |
| ३.४ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६३.० | ६५.५ | ६८.२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६३.० | ६५.५ | ६८.२ | | |
| | | गणित | स्थानीय | ५४.० | ५८.२ | ६२.७ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५४.० | ५८.२ | ६२.७ | | |
| | | विज्ञान | स्थानीय | ३७.० | ४१.८ | ४७.२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ३७.० | ४१.८ | ४७.२ | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४९.० | ५३.८ | ५९.१ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४९.० | ५३.८ | ५९.१ | | |
| **४.** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७५.१ | ८२.२ | ८६.५ | ८५.६ | | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | **दि.वि.ल. ४ (ने.रा.का.)** | **दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना** |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८०** | **दि.वि.ल. (रा.समीक्षा)** | **दि.वि.ल. (रा.समीक्षा)** |
| **५.** | **शिक्षामा लगानी** | | | | | | | |
| ५.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४०.३३ | ४२.६८ | ४१.९२ | ४२.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | **दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना** |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | **पन्ध्रौं योजना** | **शैक्षिक सूचना** |

# परिच्छेद ३

# विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ परिचय

विद्यालय प्रबेश गर्नु पूर्वी भाग बालबालिकाहरुलाई विद्यालयका लागि तयार पार्न प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ । प्रारम्भिक बालविकासका बालबालिकाहरुको सर्वाङ्गिन विकास गराई विद्यालयमा प्रबेशका लागि परिपक्व बनाउनका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको जरुरी हुन्छ । नेपालको सन्दर्भमा ४ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम तय गरीएको छ । नेपाल सरकारले प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वी भागप्राथमिक शिक्षा मार्फत आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिबद्ध रहदै बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको अवस्था छ भने नेपालको 'अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५' ले ४ वर्ष उमेर समूहका हरेक बालबालिकाहरुका लागि एक वर्षे प्रारम्भिक बालविकासको कार्यक्रम सञ्चालन गरीने ब्यवस्था समेत गरेको छ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरीएको छ र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई समावेशी शिक्षाकै अङ्गको रूपमा मान्यता दिएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम समावेशी शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई पहुँचयोग्य, सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । प्रारम्भिक बालविकासमा सहभागि बालबालिकाले भविश्यमा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सक्दछ भन्ने मान्यतामा आधारित रहि पुथा उत्तरगङ्गा गाउँपालिकाले समेत प्रारम्भिक

बालविकास तथा शिक्षालाई योजनाको मुख्य उपक्षेत्रमा समावेश गरी योजना निर्माण गरेको छ ।यसै सन्दर्भमा पुथा उत्तरगङ्गा गाउँपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन कार्यक्रमहरु तय गरेको छ ।

## ३.१.२ वर्तमान अवस्था

| सूचक | वर्तमान अवस्था |
|---|---|
| जम्मा बालविकास केन्द्र: | ५७ |
| सामुदायिक बालबिकास केन्द्र: | ५६ |
| संस्थागत बालविकास केन्द्र: | १ |
| समुदायमा स्थापना गरीएका बालविकास केन्द्र: | ११ |
| जम्मा विद्यार्थि सङ्ख्या: | ९९५ |
| बालिका सङ्ख्या: | ४७९ |
| बालक सङ्ख्या: | ५१६ |
| बालविकासको कुल भर्ना दर: | ९८.४ |
| बालविकासको खुद भर्ना दर: | ७८.४ |
| कक्षा १ मा बाल विकासको अनुभव गरेका विद्यार्थि: | ८९.० |
| बालविकास तथा शिक्षाको तालिम प्राप्त शिक्षक: | १२.४ |
| बालबिकासको कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क: | ०.७३ |
| शिक्षक विद्यार्थि अनुपात | १:१७.४५ |

## ३.१.३ लक्ष्य

प्ररम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरु (४ वर्ष उमेर समूह) लाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरी बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या शतप्रतिशत पुर्याउने ।

## ३.१.४ उदेश्य

१. प्रारम्भिक बालविकासका भौतिक पूर्वाधारहरु गुणस्तरीय र मापदणडमा आधारित बनाउने,

२. प्रारम्भिक बालविकासको सेवालाई सुरक्षित, प्रविधिमैत्री र गुणस्तरीय बनाई प्रभावकारी बनाउने,
३. प्रारम्भिक बालविकासका शिक्षकको क्षमता विकास गरी सेवालाई प्रभावकारी बनाउने र
४. प्ररम्भिक बालविकासमा समुदायको संलग्नता अभिवृद्दि गर्ने ।

### ३.१.५ रणनीतिहरु

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास तथा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- प्रारम्भिक बालविकासको पाठ्यक्रममा स्थानीय सन्दर्भको समायोजन गरी कार्यान्वयन गर्ने,
- प्रारम्भिक बालविकासको दैनिक कार्ययोजना लागु गर्ने,
- प्रारम्भिक बालविकासको प्रभावकारीताका लागि लागत सहभागिता खोजि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र र समावेशीहरूसँग सहकार्य तथा समन्वय गर्ने,
- बालविकास तथा शिक्षामा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरीवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- बालविकासका संरचना, प्रविधि तथा सामग्रीलाई अपाङ्गमैत्री र बालमैत्री बनाउने,
- प्रारम्भिक बालविकासका बालबालिकाहरुको स्वास्थ्य, दिवाखाजा र सरसफाईको सुनिश्चिता गर्ने र
- प्रारम्भिक बालविकास केन्द्रलाई मनोरम बनाउन आवश्यक प्रवन्ध मिलाउने.

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

### ३.१.७ प्रमुख नतिजा

- यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गरेका हुनेछन ।
- सबै बालविकासले क्रमश तोकिएको मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गरेका हुनेछन् ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी मार्फत सेवा प्रवाह भएको हुनेछ ।
- प्रारम्भिक बालविकासको पाठ्क्रममा स्थानीय विषय समाहित गरी कार्यान्वयन भएको हुनेछ ।
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास भएका हुनेछन् ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र समावेशीहरू बलियो सम्बन्ध स्थापित भएको हुनेछ ।

### ३.१.८ पुथा उत्तरगङ्गा गाउँपालिकाको बालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको कुल भर्ना दर | ९८.४ | ९८.६ | ९८.८ | ९९.० | ९९.२ | ९९.४ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको खुद भर्ना दर | ७८.४ | ८१.१ | ८३.८ | ८६.७ | ८९.६ | ९२.७ |
| ३ | प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश सङ्ख्या | ८९.० | ९०.४ | ९१.७ | ९३.१ | ९४.५ | ९५.९ |
| ४ | सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षकहरुको व्यवस्थापन | १२.४ | १५.६ | २०.३ | २४.५ | ३०.३ | ४०.६ |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्रहरुको न्यूनतम | १.० | २.५ | ४.० | ५.६ | ६.५ | १०.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मापदण्ड पूरा भइ सञ्चालन भएका सङ्ख्या | | | | | | |
| ६ | सबै बालविकास तथा शिक्षाका केन्द्रहरुलाई सिकाइ सामग्री, खेल सामग्रीहरुले सुसज्जित बनाई रमाईलो वातावरण भएका बालविकास | १.० | १.८ | २.५ | ४.० | ७.८ | १०.८ |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा बहुक्षेत्रगत लगानी, साझेदारी र सहकार्यमा बृद्धि गर्ने | १.० | १.० | १.० | १.० | १.० | १ |
| ८ | नमूना वालविकास तथा शिक्षाको अवधारणालाई लागु गर्ने | ०.० | १.० | १.० | १.० | १.० | १.० |

## ३.१.९ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण

| पूर्वी भाग प्रा.बि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | | | | | | | | | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित रकम (हजारमा) | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | |
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| पूर्वी भाग प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | ० | १५० | १५० | २५० | २५० | ० | ५० | ० | ३ | ३ | ५ | ५ | FG+PG+LG+Other |
| बालविकासमा WASH का सुबिधा सुनिश्चित गरी न्यूनतम मापदण्ड कार्यान्वयन गर्ने | ० | ३०० | ४५० | ४५० | ४५० | ० | १५० | | २ | ३ | ३ | ३ | FG+PG+LG+Other |
| बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम | ५६९४.३ | ५१७२.७५ | ४९७०.४ | ४८८२.०५ | ४९७८.९५ | ० | २.८५ | १९९८ | १८१५ | १७४४ | १७१३ | १७४७ | FG+LG |
| बालबालिकाहरुको सर्वाङ्गिन विकासका लागि पूर्वी भाग बाल्याबस्था र सिकाइ कार्यान्वयन | ४४१ | ३७५ | ३८१.५ | ३८८.५ | ३९५ | ० | ०.५ | ८८२ | ७५० | ७६३ | ७७७ | ७९० | FG+PG+LG+Other |
| कार्य सम्पादनमा आधारित बालविकास शिक्षक अनुदान (Performance grant to ECED centers and teachers (based on imporvement against set standards) | ५० | ५० | ५० | ५० | ५० | | ५० | १ | १ | १ | १ | १ | FG |
| विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | ५० | ५० | ५०.० | ५०.० | ५०.० | ० | ५० | १ | १ | १ | १ | १ | FG+PG+LG+Other |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | ० | ५६.०० | ५६.०० | ५६.०० | ५६.०० | ० | १ | ० | ५६ | ५६ | ५६ | ५६ | FG+PG+Other |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | - | ९,७२४.० | ९,९४५.० | ९,९४५.० | ९,९४५.० | २४७ | २२१ | ० | ४४ | ४५ | ४५ | ४५ | FG+LG |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोसाक भत्ता | - | ४४० | ४५० | ४५० | ४५० | | १० | ० | ४४ | ४५ | ४५ | ४५ | FG+LG |
| ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | - | २,२४४ | २,२४४ | २,२४४ | २,२४४ | | २०४ | ० | ११ | ११ | ११ | ११ | FG+LG |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान | ४०० | ४०० | ४०० | ४०० | ४०० | | २० | २० | २० | २० | २० | २० | FG+LG+Other |
| ECED कक्षाहरूका सिकाइ सामग्री र बिद्धुतीय सिकाइ सामग्रीका लागि बजेट अनुदान | १,५०० | ५०० | ५०० | १,००० | १,००० | | १०० | १५ | ५ | ५ | १० | १० | FG+LG+Other |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | २२१ | १८८ | १९१ | १९४ | १९८ | | २.५ | ८८ | ७५ | ७६ | ७८ | ७९ | FG+LG+Other |
| **तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| बालबिकासको नक्साङ्कन, पुनारावलोकन तथा प्राथमिकीरण | – | १०० | १०० | १०० | १०० | | १०० | ० | १ | १ | १ | १ | LG+Other |
| बालविकासमा सहभागी बालवालिकाहरुका अभिभावका लागि अभिभावक शिक्षा कार्यक्रम तथा समुदायमा प्रारम्भिक वालविकासको महत्वमा सचेतिकरण गर्ने | – | ५६० | ५६० | ५६० | ५६० | | ४० | ० | १४ | १४ | १४ | १४ | |
| उत्कृष्ट बालविकास तथा नमूना वालविकास स्थापना गर्ने शिक्षक तथा वालविकासको प्रोत्साहन कार्यक्रम | – | ४० | ४० | ६० | ६० | | २० | ० | २ | २ | ३ | ३ | FG+LG+Other |
| बालविकास केन्द्रहरुमा फर्निचर, बसाइ व्यवस्थापन तथा सिकाइ सामग्रीहरुको व्यवस्थापन गर्ने (खेल सामग्री समेत) | – | ४०० | ४०० | ५०० | ५०० | | ५० | ० | ८ | ८ | १० | १० | FG+LG+Other |
| **जम्मा बजेट** | ८,३५५,८०० | २०,७४९,२५० | २०,९३७,६५० | २१,५७९,८०० | २१,६८६,४५० | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

समावेशी शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरीन्छ । आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ वर्षका बालबालिकाहरूलाई समेट्छ । यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र अनुकुल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ । नेपालको संविधानले हरेक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई समावेशी पठाउने प्रत्येक नागरीकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ ।

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने व्यवस्था गरेको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई समावेशी पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुने उल्लेख छ । पुथा उत्तरगङ्गा गाउँपालिकाले पनि यस पालिकाभित्रका विद्यालय उमेरका बालबालिकाहरुको आधारभूत तहको शिक्षा गुणस्तरीय र प्रभावकारी बनाउन लक्ष्य, उदेश्य र कार्यक्रमहरु समाहित गरी योजनामा समावेश गरेको छ ।

### ३.२.२ आधारभूत तहको वर्तमान अवस्था

| सूचक | वर्तमान अवस्था |
|---|---|
| जम्मा आधारभूत तह कक्षा १-५ सञ्चालित विद्यालय | ४६ |
| आधारभूत तह कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालय | ६ |
| आधारभूत तह कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयः | ४६ |

| | |
|---|---|
| आधारभूत तह कक्षा १-५ सञ्चालित संस्थागत विद्यालयः | १ |
| आधारभूत तह कक्षा १-८ सञ्चालित जम्मा विद्यालय | १७ |
| आधारभूत तह कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालय | १७ |
| आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर | १३३ |
| आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९५.४ |
| आधारभूत तह कक्षा १-८को कुल भर्ना दर | १२८.६ |
| आधारभूत तह कक्षा १-८को खुद भर्ना दर | ८७.० |
| कक्षा १ को कुल भर्ना दरः | ९८.२ |
| कक्षा १ को खुद भर्ना दरः | ६३.२ |
| कक्षा ८ को टिकाउ दर | ४२.९ |
| कक्षा १-५ को कक्षाउत्तिर्ण दर | ६४.२ |
| कक्षा १-८ को कक्षाउत्तिर्ण दर | ७९.४ |
| कक्षा १-५ को शिक्षक विद्यार्थि अनुपात | १:१२ |
| कक्षा ६-८ को शिक्षक विद्यार्थि अनुपात | १:१६ |
| कक्षा १-८ मा कक्षा छोड्ने दर | १३.७ |
| कक्षा १-८ मा कक्षा  दोहोऱ्याउने दर | १०.३ |

यस पुथा उत्तरगङ्गा गाउँपालिकामा आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न, सूचना तथा सञ्चार लगायत प्रविधिमैत्री वातावरणको व्यवस्थापन गर्न, अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्न, बालबालिकालाई सुरक्षित, भौतिक तथा बालमैत्री वातावरणको व्यवस्था गर्न, सिकाइको गुणस्तरमा सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउन  र विषयगत शिक्षकहरुको व्यवस्थापन गरी शैक्षिक सुधार गर्न चुनौतीहरु रहेका छन् । आधारभूत तहको शिक्षाका लागि दुरदराजका छरिएका वस्ति, समुदायको शिक्षाप्रतिको लगाव तथा चेतनास्तर, आर्थिक तथा सामाजिक अवस्था, सरोकारवालाहरुको विद्यालयमा चासो र सहभागिता तथा शैक्षिक जनशक्तिको दक्षता पनि यस पालिकाको शैक्षिक समस्या र चुनौतीहरु हुन ।

### ३.२.३ लक्ष्य

समावेशी, समतामूलक र गुणस्तरीय शैक्षिक वातावरण मार्फत स्तरीय नतिजाका साथ आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुको आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

### ३.२.४ उदेश्यहरु

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- आधारभूत तहको शैक्षिक वातावरण गुणस्तरीय, सुरक्षित र प्रभावकारी बनाउने,
- आधारभूत कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने,
- विद्यालयमा सरोकारवाला तथा समुदायको सहभागिता बृद्दि गर्ने,
- आधारभूत समावेशीको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
- आधारभूत तहको समावेशी शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने,
- समावेशी पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने,
- अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ३.२.५ रणनीतिहरु

- समावेशी नक्साङ्कन गरी समावेशीहरूको पुनर्वितरण तथा समायोजना गर्ने,

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
- आधारभूत कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
- समावेशी बाहिर रहेका समावेशी उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नआवश्यक व्यवस्था मिलाउने,
- प्रभावकारी मूल्याङ्कन पद्दतिको कार्यान्वयन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने,
- समावेशीहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
- समावेशीमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- शिक्षण सिकाइका नवीनतम विधि, परियोजनाकार्य र अभ्यास अवलम्बन गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- शैक्षिक जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- समावेशीमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
- समावेशी शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषीक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- समावेशी शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

- समावेशी शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने र
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि :

पहुँचयोग्य, गुणस्तरयूक्त र व्यवहारिक आधारभूत तहको शिक्षा सुनिश्चित भै आधारभूत तह पार गर्ने बाबालिकाको शैक्षिक उपलब्धिमा सुधार भएको हुनेछ ।

नतिजा :

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने,
- आधारभूत तहको सबै समावेशीले मापदण्डका न्यूनतम सक्षमता पूरा गरेको हुने,
- आधारभूत न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
- समावेशीमा पोषण तथा स्वास्थ्य कार्यक्रम र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्ध हुने,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
- समावेशी शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,

- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी समावेशी तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,समावेशीको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित हुने,
- शिक्षक विकास र सहायता प्रणालीलाई विकास हुने र
- विद्यालयमा सरोकारवाला तथा समुदायको सक्रियतामा सुधार भै विद्यालय शुसासनमा सुधार हुने ।

### ३.२.७ पुथा उत्तरगङ्गा गाउँपालिकाको आधारभूत शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९५.४ | ९५.९ | ९६.४ | ९७.० | ९७.५ | ९८.० |
| २ | आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर | ८७.० | ८६.३ | ८८.० | ८९.८ | ९१.६ | ९३.५ |
| ४ | आधारभूत तह कक्षा ८ को समग्र शैक्षिक उपलब्धि दर | ४९.८ | ५२.६ | ५५.७ | ५८.९ | ६२.३ | ६५.९ |
| ५ | न्यूनतम भौतिक पूर्वाधार सुबिधा भएका विद्यालय सङ्ख्या | ३ | ५ | ८ | १० | १२ | १५ |
| ६ | आधारभूत तहका तालिमप्राप्त शिक्षक सङ्ख्या | ३८.४ | ४१.६ | ४४.९ | ४८.१ | ५०.४ | ५२.८ |
| ७ | विद्यालयमा कम्तिमा अर्धवार्षिक स्वास्थ्य जाँच तथा जुकाको औषधी वितरण गरेका विद्यालय सङ्ख्या | १ | २० | २६ | ५७ | ५७ | ५७ |
| ८ | शैक्षिक सुधारका लागि उपचारात्मक कक्षा तथा | ० | ५ | ५ | ६ | ६ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अतिरिक्त कक्षाको व्यवस्थापन गरी कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | | | | | | |
| ९ | अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गरी शत प्रतिशत विद्यार्थि भर्ना गर्ने विद्यालय सङ्ख्या | ० | १४ | २८ | ४५ | ४५ | ५७ |
| १० | न्यूनतम सिकाइ सबलिकरण मापदण्ड (Minimum Enabling Condition) पूरा गरेका आधारभूत तहका विद्यालय सङ्ख्या | ६ | ९ | १४ | २० | २४ | २८ |
| ११ | प्रविधि विकास गरी प्रविधिमार्फत शिक्षण सिकाइ सहजिकरण गरेका विद्यालय सङ्ख्या | २ | ५ | १४ | १४ | २८ | ४५ |
| १२ | पौष्टिक आहार तथा दिवा खाजा व्यवस्थापन गरी कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |

# ३.२.८ गाउँपालिकाको आधारभूत तह शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level) | | | | | | | | | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित रकम | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | | | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | ६०,८४०.० | ६०,८४०.० | ६०,८४०.० | ६०,८४०.० | ६०,८४०.० | | ५८५ | १०४ | १०४ | १०४ | १०४ | १०४ | FG |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | १५,६००.० | १५,६००.० | १५,६००.० | १५,६००.० | १५,६००.० | | ६२४ | २५ | २५ | २५ | २५ | २५ | FG |
| आधारभूत तह १-५ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको तलव भत्ता | १२,४८०.० | १२,४८०.० | १२,४८०.० | १२,४८०.० | १२,४८०.० | | २४० | ५२ | ५२ | ५२ | ५२ | ५२ | FG |
| आधारभूत तह १-५ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको पोसाक भत्ता | - | - | - | - | - | | | | | | | | FG+LG |
| आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको तलव भत्ता (स्थानीय तर्फ) | ९,९३६.० | ९,९३६.० | ९,९३६.० | ९,९३६.० | ९,९३६.० | | २७६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | FG+PG +LG |
| आधारभूत तह ६-८ मा कार्यरत शिक्षकको पोसाक भत्ता | २५०.० | २५०.० | २५०.० | २५०.० | २५०.० | | १० | २५ | २५ | २५ | २५ | २५ | FG |
| आधारभूत तह ६-८ मा कार्यरत स्थानीय तहबाट ब्वस्थापन गरीएका शिक्षकको पोसाक भत्ता | - | - | - | - | - | | | | | | | | FG+LG |
| सामुदायिक आधारभुत तह (कक्षा ६-८) विद्यालयहरुमा प्रशासन सहायक | - | - | २,९२५.० | २,९२५.० | २,९२५.० | | ३२५ | | | ९ | ९ | ९ | FG+PG +Other |
| सामुदायिक आधारभुत तह (कक्षा ६-८) विद्यालयहरुमा प्रशासन सहायकको पोसाक भत्ता | | - | ९०.० | ९०.० | ९०.० | | १० | | | ९ | ९ | ९ | FG+LG +Other |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता (पोसाक र दुर्गम भत्ता सहित) | ७,०२०.० | ७,०२०.० | ७,०२०.० | ७,०२०.० | ७,०२०.० | | १९५ | ३६ | ३६ | ३६ | ३६ | ३६ | FG+LG +Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि पोसाक भत्ता | ३६०.० | ३६०.० | ३६०.० | ३६०.० | ३६०.० | | १० | ३६ | ३६ | ३६ | ३६ | ३६ | FG+LG |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ३०६.० | २७७.० | २६५.३ | २५९.६ | २६३.९ | | ०.१५ | २०४० | १८४७ | १७६९ | १७३१ | १७५९ | FG+LG |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ६४८.० | ५८६.१ | ५४१.० | ५११.४ | ५०७.३ | | ०.२ | ३२४० | २९३१ | २७०५ | २५५७ | २५३७ | FG+LG |
| आधारभूत तह (कक्षा १-५) का लागि प्र.अ.भत्ता | २०१.६ | २०१.६ | २०१.६ | २०१.६ | २०१.६ | | ९.६ | २१ | २१ | २१ | २१ | २१ | FG+LG +Other |
| आधारभूत तह (कक्षा ६-८) का लागि प्र.अ.भत्ता | १०८.० | १०८.० | १०८.० | १०८.० | १०८.० | | १२ | ९ | ९ | ९ | ९ | ९ | FG+LG +Other |
| आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ६७५.० | ६७५.० | ६७५.० | ६७५.० | ६७५.० | | १५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | FG+LG +Other |
| आधारभूत तह (कक्षा १-५) सञ्चालित परम्परागत धार्मिक विद्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | – | – | – | – | – | | ० | ० | ० | ० | ० | ० | FG |
| आधारभूत तह (कक्षा १-८) सञ्चालित परम्परागत धार्मिक विद्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | – | – | – | – | – | | | | | | | | FG+LG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दुर्गम तथा हिमाली जिल्लाहरुमा सञ्चालित घुम्ती विद्यालयहरुका लगी बजेट अनुदान | – | १२०.० | १२०.० | १२०.० | १२०.० | | ४० | | ३ | ३ | ३ | ३ | FG+PG +LG+O ther |
| बहुकक्षा/बहुभाषीक कार्यक्रम (MGML program) सञ्चालन (मातृभाषा-मगर खाम) | | ७००.० | ७००.० | ७००.० | ७००.० | | ७०० | | १ | १ | १ | १ | FG+LG |
| बहुभाषीक कार्यक्रम (ML program) सञ्चालन भएका विद्यालयका लागि सञ्चालन अनुदान | – | १००.० | १००.० | १००.० | १००.० | | १०० | | १ | १ | १ | १ | |
| Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागि विद्यालयहरुलाई बजेट अनुदान | – | २००.० | २००.० | २००.० | २००.० | | २०० | ० | १ | १ | १ | १ | LG |
| पालिका स्तरमा स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वस्थ्य कार्यक्रम सञ्चालन | – | ५६.० | ५६.० | ५६.० | ५६.० | | १ | ० | ५६ | ५६ | ५६ | ५६ | FG+LG+ Other |
| विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAl Plan) कार्यान्वयन सहयोग | ५६०.० | ५६०.० | ५६०.० | ५६०.० | ५६०.० | | १० | ५६ | ५६ | ५६ | ५६ | ५६ | FG+LG+ Other |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिब र वितरण अनुदान | ८६०.९ | ८६०.९ | ८६०.९ | ८६०.९ | ८६०.९ | | ०.४३ ७ | १९७० | १९७० | १९७० | १९७० | १९७० | LG+Oth er |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिब र वितरण अनुदान | १,१५९.९ | १,१५९.९ | १,१५९.९ | १,१५९.९ | १,१५९.९ | | ०.९७ ८ | ११८६ | ११८६ | ११८६ | ११८६ | ११८६ | LG |
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान | ५,६१४.५ | ५,६१४.५ | ५,६१४.५ | ५,६१४.५ | ५,६१४.५ | | २.८५ | १९७० | १९७० | १९७० | १९७० | १९७० | LG+Oth er |
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान (भान्से) | – | ४२०.० | ४२०.० | ४२०.० | ४२०.० | | ३० | ० | १४ | १४ | १४ | १४ | FG+LG+ Other |
| आधारभूत तहमा अध्ययनरत विद्यार्थि मध्ये साधारण छात्रावृत्ति बापतको बजेट अनुदान (छात्राबृत्ति) अतिबिपन्न, अपाङ्ग, जेहन्दार | | | ३९५.२ | ३९५.२ | ३९५.२ | | ०.४ | | ९८८ | ९८८ | ९८८ | ९८८ | LG+Oth er |
| आधारभूत तहमा अध्ययनरत विद्यार्थि मध्ये साधारण छात्रवृत्ति बापतको बजेट अनुदान (छात्राबृत्ति) अतिबिपन्न, द्वन्दपिडित, अपाङ्ग, जेहन्दार | – | १००.० | १५०.० | १५०.० | १५०.० | | ५ | ० | २० | ३० | ३० | ३० | FG+LG+ Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति बापतको बजेट अनुदान (छात्राबृत्ति PMT) | – | २००.० | ३००.० | ३००.० | ३००.० | | १० | | २० | ३० | ३० | ३० | LG+Other |
| दलित छात्रबृत्ति सहयोग कार्यक्रम (Boys) | – | १०१.६ | १०१.६ | १०१.६ | १०१.६ | | ०.४ | | २५४ | २५४ | २५४ | २५४ | LG+Other |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका विभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | – | – | – | – | – | | | | | | | | LG+Other |
| आवासीय सुबिधा सहितको छात्रवृत्ति बापतको बजेट अनुदान | – | – | – | – | – | | | | | | | | LG |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | ७०३.१ | ७०३.१ | ७०३.१ | ७०३.१ | ७०३.१ | | १.५ | ४६९ | ४६९ | ४६९ | ४६९ | ४६९ | FG+LG |
| महिनावारी स्वच्छता सम्बन्धि सचेतना तथा सेनीटरी प्याड निर्माण र व्यवस्थापन कार्यक्रम | – | ७००.० | ७००.० | ७००.० | | | ५० | | १४ | १४ | १४ | १४ | FG+LG |
| विद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | – | – | – | – | – | | | | ५ | ५ | ५ | ६ | FG+LG |
| आधारभूत तह कक्षा ६-८ का लागि मिनि विज्ञान प्रयोगशाला स्थापना तथा सञ्चालन सहयोग | – | २००.० | २००.० | २००.० | २००.० | | १०० | | २ | २ | २ | २ | FG+LG |
| समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | – | १००.० | १००.० | १००.० | १००.० | | १०० | | १ | १ | १ | १ | FG+LG |
| शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान (१-५) | ७,०००.० | ९,०००.० | ९,०००.० | ९,०००.० | ९,०००.० | | १००० | ७ | ९ | ९ | ९ | ९ | |
| शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ सिकाइ अनुदान (६-८) | ३,१६०.४ | ६,३२०.९ | ६,३२०.९ | ६,३२०.९ | ६,३२०.९ | | ४५१.५ | ७ | १४ | १४ | १४ | १४ | LG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ सिकाइ अनुदान प्राप्त गर्ने शिक्षकको पोसाक (६-८) | ७०.० | १४०.० | १४०.० | १४०.० | १४०.० | | १० | ७ | १४ | १४ | १४ | १४ | FG+LG +PG+Other |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | - | - | - | - | - | | | | | | | | LG+FG |
| विद्यालयको सामाजिक लेखा परीक्षण तथा समिक्षा कार्यक्रम | - | १,४००.० | १,४००.० | १,४००.० | | | २५ | | ५६ | ५६ | ५६ | ५६ | LG+FG+ Other |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन (स्तर बृद्दि समेत) बापत स्थानीय तहलाई बजेट अनुदान | ४३७.० | ४५५.१ | ४२२.६ | ३१५.३ | २७२.९ | | १ | ४३७ | ४५५ | ४२३ | ३१५ | २७३ | LG+FG+ Other |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| आधारभूत तहका विद्यालयहरुको नक्साङ्कन, पुनर्वितरण, समायोजन तथा दरवन्दि मिलान गर्ने (शिक्षक उत्प्रेरणा सहित शिक्षकहरुको आन्तरिक सरुवा तथा व्यवस्थापनको कार्यान्वयन) | - | १५०.० | - | १५०.० | - | | १५० | ० | १ | | १ | | LG+FG+ Other |
| सामुदायिक आधारभूत विद्यालयहरुमा प्रविधि विकास (बिद्युत इन्टरनेट सुबिधा) तथा कार्यकान्वयन गर्ने | - | १,०००.० | १,१००.० | १,२००.० | १,२००.० | | १०० | ० | १० | ११ | १२ | १२ | LG+Other |
| आधारभूत तहको शैक्षिक गुणस्तर परीक्षण कार्यक्रम (कक्षा ३, ५ र ८) | - | ७००.० | ७००.० | ७००.० | ७००.० | | ५० | | १४ | १४ | १४ | १४ | LG |
| आधारभूत तहका कक्षाहरुमा आवश्यकता तथा मागमा आधारित बसाई व्यवस्थापन तथा फर्निचर व्यवस्थापन कार्यक्रम | - | ८००.० | ८००.० | १,०००.० | १,०००.० | | १०० | ० | ८ | ८ | १० | १० | LG+FG+ Other |
| विद्यालयको जोखिम न्यूनिकरण कार्यक्रम (विद्यालय मर्मत, खेलमैदान, विद्यालय घेराबार, रंगरोगन लगायत) | - | १,६००.० | १,६००.० | २,०००.० | २,०००.० | | २०० | ० | ८ | ८ | १० | १० | LG+FG+ Other |
| वडा शिक्षा समिति, बिब्यस तथा शिक्षकहरुलाई आपतकालिन अवस्थामा शिक्षा निरन्तरता तथा विद्यालय सुरक्षा तालिम कार्यक्रम | - | ४२०.० | ४२०.० | ४२०.० | ४२०.० | | ३० | ० | १४ | १४ | १४ | १४ | LG+ Other |
| प्रभावकारीता र उपयुक्तता सुनिश्चित गरी बालबालिकाहरुका अनुभव र सिकाइ आदान प्रदान गर्न अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप तथा | - | २८०.० | २८०.० | २८०.० | २८०.० | | २० | ० | १४ | १४ | १४ | १४ | LG+ Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालबालिका निर्मित शैक्षिक सामग्री प्रदर्शनि कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | | | | | | |
| पालिका स्तरीय सिकाइ आदान प्रदान तथा अतिरिक्त क्रियाकलाप तथा शैक्षिक मेला सञ्चालन | – | ५००.० | ५००.० | ५००.० | ५००.० | | ५०० | ० | १ | १ | १ | १ | LG+ FG+Other |
| स्थानीय पाठ्क्रमको विकास परिमार्जन र कार्यान्वयन (पुनरावलोकन समेत) | ७००.० | ७००.० | ७००.० | ३५०.० | ३५०.० | ७०० | ३५० | २ | २ | २ | १ | १ | LG |
| आधारभूत तह नमूना विद्यालय सहयोग कार्यक्रम (हरेक वर्ष नमूना विद्यालयको अवधारणा/प्रस्ताव आव्हान गरी क्रमश सङ्ख्यामा बढोत्तरी गर्दै लैजाने) | – | १,०००.० | – | १,०००.० | १,०००.० | | १००० | ० | १ | | १ | १ | LG |
| सिकाइ स्तर कमजोर भएका बालबालिकाहरु पहिचान गरी अतिरिक्त उपचारात्मक कक्षाका सेसनहरु सञ्चालन गर्ने | – | ९०.० | ९०.० | ९०.० | ९०.० | | १५ | ० | ६ | ६ | ६ | ६ | LG |
| हरित विद्यालय, विद्यालय फूलवारी, विद्यालय सरसफाई, विद्यालय क्षेत्रमा बृक्षारोपन जस्ता कार्यक्रमको अवधारणा स्थापित गरी कार्यान्वयन गर्ने विद्यालयहरुको नक्साङ्कन गरी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम गर्ने। | – | ४० | ६० | ६० | ६०.० | | २० | ० | २ | ३ | ३ | ३ | LG |
| वडा स्तरमा वार्षिक विद्यार्थि भर्ना अभियान सञ्चालन (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन मार्फत विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी विद्यालय भर्नाका कार्यक्रम सञ्चालन गर्ने ) | | २८० | २८० | २८० | २८०.० | | २० | | १४ | १४ | १४ | १४ | LG |
| विद्यालयमा विद्यार्थि टिकाउन शैक्षिक बृत्ति कार्यक्रम | | १२० | १२० | १२० | १२०.० | | ५ | | २४ | २४ | २४ | २४ | LG |
| एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षकको क्षमता विकास | | ६०० | ६०० | | | | ६०० | | १ | १ | | | LG+FG |
| कार्यसम्पादन तथा सूचकहरुको आधारमा उत्कृष्ठ विद्यालय तथा कर्मचारी सम्मान कार्यक्रम | १०० | १०० | १०० | १०० | १००.० | ३०० | १०० | १ | १ | १ | १ | १ | LG |
| **आधारभूत तहको जम्मा बजेट** | **१२८,७९०,४५३** | **१४५९२५७४३** | **१४८३६६५५३** | **१४९,१२३,९८२** | **१४६,८३१,७५९** | | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा उच्च शिक्षाको जग हो । नेपालको सन्दर्भमा कक्षा ९ देखि १२ सम्मको शिक्षा तहलाई माध्यमिक शिक्षा भनिन्छ । श्रमप्रति सकारात्मक भावना भएका सिपमुलक जनशक्ति उत्पादन गर्ने उद्देश्य रहेको माध्यमिक शिक्षाबाट ब्यक्तिको उच्चस्तरीय बिचार, सामाजिक दक्षता, समालोचक, सर्जक, अनुसन्धानमुखि तथा सकारात्मक ब्यवहारको अपेक्षा गरीन्छ । माध्यमिक शिक्षाले आजको तिब्र विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्यलाई हासिल गर्दै योग्य नागरीक उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने सोंच राख्दछ ।

नेपालको संबिधान २०७२ ले माध्यमिक शिक्षालाई निःशुल्क हुने ब्यवस्था गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरीकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले पनि समावेशी तह देखि परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

आधारभूत तहबाट पूरा हुन नसकेका शैक्षिक सीपको स्तर उन्नती गरी यस तहको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्दै गुणस्तरीय बनाउनु आवश्यक छ । आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्नका लागि समय सापेक्ष रूपमा यस तहको शिक्षाको विकास र विस्तार गर्नु पनि अपरिहार्य छ । श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण र व्यवसायिक गरी २ धारमा बाँडिएको छ । समावेशी क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुआत गरीएको हो ।

### ३.३.२ वर्तमान अवस्था

पुथा उत्तरगङ्गा गाउँपालिकामा माध्यमिक तह सञ्चालित विद्यालयहरु ८ वटा रहेका छन् । जसमध्ये ४ वटा विद्यालयहरुमा कक्षा १-१० र ४ वटा विद्यालयहरुमा कक्षा १-१२ सञ्चालनमा रहेका छन् । यस पालिकामा प्राविधिक धार तर्फको जम्मा एउटा समावेशी छ । प्रविधिक धार सञ्चालित विद्यालय श्री महेन्द्र माध्यमिक विद्यालय तकसेरामा सिटिइभिटी स्विकृत आइसिटी (कम्प्युटर शिक्षा) कार्यक्रम सञ्चालनमा रहेको छ ।

| | |
|---|---|
| माध्यमिक तह कक्षा १-१० सञ्चालित विद्यालय | ४ |
| माध्यमिक तह कक्षा १-१२ सञ्चालित संस्थागत विद्यालय | ४ |
| माध्यमिक तह कक्षा ९-१० सञ्चालित विद्यालय | ४ |
| माध्यमिक तह कक्षा ९-१२ सञ्चालित विद्यालय | ४ |
| माध्यमिक तह कक्षा ११-१२ मा प्राविधिक तथा व्यवसायिक धार सञ्चालित विद्यालय | १ |
| माध्यमिक तह कक्षा ९-१२ को कुल भर्ना दर | १०२.३ |
| माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर | ४७.५ |
| माध्यमिक तह कक्षा ९-१० को कुल भर्ना दर | ९१.० |
| माध्यमिक तह कक्षा ९-१० को खुद भर्ना दर | ४०.८ |
| माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर | ६४.२ |
| माध्यमिक तह कक्षा ९-१२ को शिक्षक विद्यार्थि अनुपात | ३३ |
| कक्षा ९-१० मा उत्तीर्ण दर | ८६.८ |
| कक्षा ११-१२ मा उत्तीर्ण दर | ७१.३ |
| लैंगिक समता सूचक | १.२६ |

उल्लेखित तथ्याङ्कबाट प्रष्ट हुन्छकी यस पालिकाको कक्षा ९-१२ को कुल भर्ना दर १०२.३ रहेको छ र खुद भर्ना दर ४७.५ प्रतिशत मात्र रहेको देखिन्छ । कक्षा ९-१० को कक्षा उत्तर्णदर ८६.८ प्रतिशत देखिन्छ भने कक्षा ११-१२ को कक्षा उत्तिर्ण

दर ७१.३ प्रतिशत रहेको छ । यस पालिकामा शैक्षकि उपलब्धि मापन गर्न छुट्टै स्तरीय मापन भने गरीएको छैन ।

पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका ९-१२ सञ्चालित विद्यालयहरुमा हाल ४० जना शिक्षकहरु कार्यरत छन् । जसमध्ये ५ जना स्थायी, १५ जना करार तथा राहत, १० जना गाउँपालिका करार, ५ जना अस्थायी करार र ५ जना सिकाइ अनुदानबाट कार्यरत शिक्षकहरु छन् । माध्यमिक तह कक्षा ९-१२ सञ्चालित विद्यालयहरुमध्ये कक्षा ९-१० मा ५५६ जना र कक्षा ११-१२ मा २७९ गरी जम्मा ८३५ विद्यार्थिहरु अध्ययनरत छन् ।

### समस्या तथा चुनौतीहरु

- तहगत र विषयगत दक्ष शिक्षक व्यवस्थापन हुन नसक्नु,
- व्यवस्थित र सुरक्षित विद्यालय पूर्वाधारको अभाव छ,
- प्राविधिक र व्यवसायिक धारका विद्यालयहरुको छनौट, व्यवस्थापन र कार्यान्वयमा समस्या छ,
- भौगोलिक विकटता र समुदायको चेतनास्तरका कारण विद्यालयमा अपनत्व र सहभागिताको अभाव छ,
- सबै विद्यार्थिका माग सम्बोधन गरी प्राविधिक धारका विषयहरु सञ्चालन गर्न स्थानीय स्रोत तथा साधनको अभाव छ,
- सिकाइ क्रियाकलापहरु व्यवहारिक र प्रयोगात्मक हुन सकेको अवस्था छैन,
- कक्षा उन्नती दर र सिकाइ उपलब्धि दरमा सुधार गर्नु चुनौती छ र
- बैदेशिक रोजगार तथा समुदायको परम्परागत अभ्यासले शैक्षिक सुधारमा असर गरेको छ ।

### ३.३.३ लक्ष्य

स्थानीय कला, संस्कृति र विज्ञान तथा प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने ।

### ३.३.४ उद्देश्य

पुथा उत्तरगङ्गा गाउँपालिकाको माध्यमिक शिक्षाको उदेश्य गुणस्तरीय र प्रभावकारी माध्यमिक शिक्षाको सुनिश्चितता मार्फत व्यवसायिक र दक्ष जनशक्तिको निर्माण गर्नु हो । यस पालिकाको माध्यमिक शिक्षाका उदेश्यहरु निम्न हुनेछन् ।

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- समावेशीहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
- विद्यालयको शैक्षिक वातावरण समावेशी, सहभागितामुलक र सबैको चासोको रुपमा स्थापित गर्ने,
- शैक्षिक कार्यक्रमलाई प्रभावकारी र व्यवहारिक बनाई माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बृद्दि गर्ने,
- स्थानीय आवश्यकता र सम्भावना, विद्यार्थिको आकांक्षा, रुचि र चाहना अनुसारका प्राविधिक विषयहरुको अध्ययन अध्यापनको वातावरण बनाउने,
- माध्यमिक तहमा विषयगत दक्ष शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने,
- प्राविधिक धारका विद्यालयहरुको ब्यबस्थित र प्रभावकारी कार्यान्वयनबाट व्यवसायिक र सीपयुक्त जनशक्तिको विकास गर्ने र
- माध्यमिक विद्यालयहरुको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने ।

### ३.३.५ रणनीतिहरु

- समावेशीहरूको नक्साङ्कन र विश्लेषण गरी अवस्थाको पहिचान गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न समावेशीहरूको अवस्था र अवस्थितिका आधारमा पुनर्वितरण, समायोजन तथा तह बृद्दि गर्ने,
- निःशुल्क माध्यमिक शिक्षाका कार्यक्रम तयार गरी लागु गर्ने,
- विद्यार्थी उत्प्रेरणा र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरी विद्यालयमा टिक्ने वातावरण तयार गर्ने,

- सबैको शिक्षामा पहुँच सुनिश्चित गर्न वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- पालिका स्तरमा माध्यमिक तहको गुणस्तर परीक्षण गर्न स्तरीय मूल्याङ्कन पद्दति तय गरी कार्यान्वय गर्ने,
- माध्यमिक तहमा पर्याप्त दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास, उत्प्रेरणा र सहयोग कार्यक्रम सञ्चालन गर्ने,
- हरेक समावेशीमा सूचना, सञ्चार तथा प्रविधि विस्तार गर्ने,
- हरेक विद्यालयलाई सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री बनाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- व्यवसायिक तथा प्राविधिक धारका विषय अध्ययनका लागि पूर्वाधार, प्रयोगशाला र अभ्यास केन्द्रको व्यवस्था गर्ने,
- समुदाय र विद्यालयविच सुमधुर सम्बन्ध स्थापित गर्न नियमित परामर्श, बैठक तथा भेलाको आयोजना गर्ने,
- बिद्यालको स्रोत विकास तथा अभिवृद्दिका लागि विभिन्न निकायसँग समन्वय, सम्पर्क तथा साझेदारी गर्ने,
- हरेक विद्यालयमा सक्षम, सकारात्मक र उत्प्रेरित प्रधानाध्यापक व्यवस्था गर्ने,
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ उपलब्धि प्रति जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

माध्यमिक तह शिक्षामा सबैको पहुँच सुनिश्चित भई व्यवसायिक र गुणस्तरीय शिक्षा मार्फत दक्ष र सीपयुक्त जनशक्तिको विकास हुने ।

नतिजा

माध्यमिक शिक्षा निःशुल्क हुने संवैधानिक अधिकार सुनिश्चित भई गुणस्तरीय र व्यवसायिक सीप हासिल भएका जनशक्ति निर्माण हुने ।

### ३.३.७ पुथा उत्तरगङ्गा गाउँपालिकाको माध्यमिक तहको शिक्षाका नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका विद्यार्थिको कुल भर्ना दर | | | | | | |
| २ | माध्यमिक तहका विद्यार्थिको खुद भर्ना दर | | | | | | |
| ३ | कक्षा १० को उत्तर्ण दर | ५५.१ | ५६.४ | ५८.२ | ६०.४ | ६५.५ | ६६.२ |
| ४ | पूर्वाधारहरु विकास, प्रविधि जडित, प्रयोगशाला प्राक्टिकल कार्यका लागि निर्धारित स्थान तयार गरीएका विद्यालय | ० | १ | ३ | ४ | ८ | ८ |
| ५ | विद्यार्थि सङ्ख्या र फरक फरक साधारण र प्राविधिक विषयको अध्ययन अध्यापनका लागि प्रयाप्त कक्षाकोठा | १ | ४ | ४ | ४ | ८ | ८ |
| ६ | कक्षाकोठामै SMART Board, Digital Board, Projector तथा प्रविधि जडान गरी पठन पाठन हुने विद्यालय सङ्ख्या | ० | १ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विषयगत तालिम प्राप्त प्रयाप्त शिक्षक व्यवस्थापन भएका विद्यालय | ० | ३ | ४ | ८ | ८ | ८ |
| ८ | विद्यालयमा कम्तिमा अर्धवार्षिक स्वास्थ्य जाँच तथा जुकाको औषधी वितरण गरेका विद्यालय सङ्ख्या | ० | ८ | ८ | ८ | ८ | ८ |
| ९ | फरक र अपाङ्गता भएका विद्यार्थिका लागि आवश्यक सुबिधा सहित पहुँच सुनिश्चित गरेका विद्यालय सङ्ख्या | ० | ० | ० | १ | १ | १ |
| १० | विषयबस्तुको प्रकृतिका आधारमा प्रभाबकारी रुपमा परियोजना कार्य र अभ्यास सञ्चालन गरी सिकाइलाई व्यवहारिकरणको अभ्यास गरेका विद्यालय सङ्ख्या | १ | ९ | ९ | ९ | ९ | ९ |
| ११ | सेवाक्षेत्रभित्रका सबै विद्यार्थिलाई माध्यामिक तहको शिक्षामा पहुँच सुनिश्चितता गरेका विद्यालय | ० | २ | ४ | ४ | ८ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | आपत्कालिन अवस्थामा शिक्षा सुनिश्चित गरी योजना बनाइ कार्यान्वयन गरेका विद्यालय | ० | २ | ४ | ४ | ८ | ८ |
| १३ | सुरक्षित विद्यालयका सूचकहरुमा न्यूनतम मापदण्ड पूरा गरी सुरक्षित विद्यालय सुनिश्चित गरेका विद्यालय | ० | २ | ४ | ४ | ८ | ८ |
| १४ | माध्यमिक समावेशीहरूमध्ये प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील योजना वनाई कार्यान्वयन गरेका विद्यालय | ० | २ | २ | ४ | ४ | ८ |
| १५ | स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा सञ्चालित प्राविधिक धारका विद्यालय | १ | १ | १ | २ | २ | २ |
| १६ | सबै मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ० | १ | १ | २ | ४ | ८ |

## ३.३.७ पुथा उत्तरगङ्गा गाउँपालिकाको माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित रकम | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| माध्यमिक तहसम्म सञ्चालित विद्यालयहरूको सङ्ख्या | | | | | | | | ८ | ८ | ८ | ८ | ८ |
| सबै प्रकार र तहका विद्यालय नक्शांकन, समायोजन, दरवन्दि मिलान तथा पुनर्वितरण कार्यक्रम सञ्चालन | - | १६० | - | १६० | १६० | | २० | | ८ | | ८ | ८ |
| सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (हिमाली भत्ता सहित) | १८,५२५ | १८,५२५ | १८,५२५ | १८,५२५ | १८,५२५ | | ७४१ | २५ | २५ | २५ | २५ | २५ |
| सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (पालिका स्तर) | ३,०२४ | ३,०२४ | ३,०२४ | ३,०२४ | ३,०२४ | | ३३६ | ९ | ९ | ९ | ९ | ९ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | १० | १० | १० | १० | १० | | १.२ | ८ | ८ | ८ | ८ | ८ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता | २,२८८ | २,२८८ | २,२८८ | २,२८८ | २,२८८ | | २८६ | ८ | ८ | ८ | ८ | ८ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोसाक) | ८० | ८० | ८० | ८० | ८० | | १० | ८ | ८ | ८ | ८ | ८ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाइ सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | २०९ | २०९ | २०९ | २०९ | २०९ | | ०.२५ | ८३५ | ८३५ | ८३५ | ८३५ | ८३५ | |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ४०० | ४०० | ४०० | ४०० | ४०० | | ५० | ८ | ८ | ८ | ८ | ८ | |
| माध्यमिक विद्यालय (कक्षा १-१०) सञ्चालित परम्परागत धार्मिक विद्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | – | – | – | – | – | | ० | ० | ० | ० | ० | ० | |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | ४४१ | ४४१ | ४४१ | ४४१ | ४४१ | | ०.७९ | ५५६ | ५५६ | ५५६ | ५५६ | ५५६ | |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | २७६ | २७६ | २७६ | २७६ | २७६ | | ०.९९ | २७९ | २७९ | २७९ | २७९ | २७९ | |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न द्वन्दपिडित छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ३३४ | ४३४ | ४६७ | ५०० | ५३४ | | ६ | ५६ | ७२ | ७८ | ८३ | ८९ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | २०० | २०० | २०० | २०० | २०० | | १० | २० | २० | २० | २० | २० | |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | ६२८ | ६७७ | ६२३ | ६१२ | ६१७ | | १.५ | ४१८ | ४५१ | ४१५ | ४०८ | ४११ | |
| माध्यमिक विद्यालय तहमा E-पुस्तकालय, वाचनालय तथा पुस्तकालय स्थापना तथा मर्मत सम्भार र सञ्चालन सहयोग | - | १,३०० | १,३०० | १,३०० | १,३०० | | ६५० | ० | २ | २ | २ | २ | |
| माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना, अध्यावधिक र सामग्री थप अभिमुखिकरण सञ्चालन बजेट अनुदान | - | ५० | ५० | ५० | ५० | | ५० | ० | १ | १ | १ | १ | |
| माध्यमिक विद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सामग्री थप र अभिमुखिकरण तथा सिकाइ सामग्री थप र सञ्चालन बजेट अनुदान | - | ५० | ५० | ५० | ५० | | ५० | ० | १ | १ | १ | १ | |
| नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | - | २,५०० | - | - | २,५०० | | २५०० | ० | १ | | | १ | |
| नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र विज्ञान प्रयोगशाला, सामग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | - | | | | | | | | | | | | |
| प्र.अ.हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन र नमूना विद्यालय कार्यक्रम सञ्चालन भएका विद्यालयमा कार्य सम्पन्नका | - | ५० | ५० | ५० | ५० | | ५० | ० | १ | १ | १ | १ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | | | | | | | | | | | | | |
| सबै प्रकारका छात्रबास सञ्चालन तथा सहजिकरण कार्यक्रम | - | २०० | - | २०० | - | | १०० | ० | २ | | २ | | |
| कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | - | ३,९०० | ३,९०० | ३,९०० | ३,९०० | | ६५० | ० | ६ | ६ | ६ | ६ | |
| कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रत्ति बिद्यार्थी सिकाइ सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सञ्चालन खर्च बापतको बजेट अनुदान | - | ३०० | ३०० | ३०० | ३०० | | १५ | ० | २० | २० | २० | २० | |
| कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | |
| **तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| विद्यालयहरुमा पेरियोडिक रुपमा माध्यमिक स्तरीय अन्तर विद्यालय प्रतिष्पर्धात्मक अतिरिक्त क्रियाकलाप तथा शैक्षिक प्रदर्शनि कार्यक्रम सञ्चालन | - | ३०० | ३०० | ३०० | ३०० | | ३०० | | १ | १ | १ | १ | |
| माध्यमिक विद्यालय तहमा एक कक्षा एक SMART Board कार्यक्रम कार्यान्वयन गर्ने (क्रमश विस्तार गर्दै लैजाने) | - | ७०० | ७०० | ७०० | ७०० | | ३५० | | २ | २ | २ | २ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १-१० तथा १-१२ सञ्चालित विद्यालयहरुमा हरित विद्यालय, विद्यालय फूलवारी, विद्यालय सरसफाई, विद्यालय क्षेत्रमा बृक्षारोपन जस्ता कार्यक्रमको अवधारणा स्थापित गरी कार्यान्वयन गर्ने विद्यालयहरुको मूल्याङ्कन र स्तरीकरण गरी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम गर्ने । | - | ७५ | ७५ | ७५ | ७५ | | २५ | | ३ | ३ | ३ | ३ | |
| विद्यालय स्तरीय उत्कृष्ट बालक्लव प्रोत्साहन कार्यक्रम सञ्चालन | - | ५० | ७५ | ७५ | ७५ | | २५ | | २ | ३ | ३ | ३ | |
| विद्यालयमा जीवनउपयोगी सीप तथा ब्यवहार, असल आचरण र नागरीक कर्तब्य सम्बन्धीका साप्ताहिक सेसनहरु सञ्चालन गर्ने (कक्षा ९ र १०) | - | ३६० | ३६० | ३६० | ३६० | | ४५ | | ८ | ८ | ८ | ८ | |
| स्थानीय कला, सीप र संस्कृतिको पुस्तान्तरणका साथै आफ्नो मौलिकताप्रति पहिचान बोकेको नागरीक तयारीका लागि माध्यमिक विद्यालय स्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालन | - | २०० | २०० | २०० | २०० | | २०० | | १ | १ | १ | १ | |
| वडा स्तरमा वार्षिक विद्यार्थि भर्ना अभियान सञ्चालन साथै सेवाक्षेत्रभित्रका सबै विद्यार्थिलाई माध्यामिक तहको शिक्षामा पहुँच सुनिश्चितता गर्ने (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन) | - | २०० | २०० | २०० | २०० | | २५ | ० | ८ | ८ | ८ | ८ | |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहयोगी | २,१४५ | २,१४५ | २,१४५ | २,१४५ | २,१४५ | | १९५ | ११ | ११ | ११ | ११ | ११ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्मचारीहरूका लागि तलब भत्ता (स्थानीय तह) | | | | | | | | | | | | | |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहयोगी कर्मचारीहरूका लागि पोसाक भत्ता (स्थानीय तह) | ११० | ११० | ११० | ११० | ११० | | १० | ११ | ११ | ११ | ११ | ११ | |
| कक्षा ९-१२ का विद्यार्थिहरुको परियोजना कार्य प्रवर्दन गर्ने, प्रकाशन गर्ने र प्रवाह गर्ने कार्यक्रम | – | १०० | १०० | १०० | १०० | | १०० | | १ | १ | १ | १ | |
| पालिका स्तरमा रनिङ शिल्ड सञ्चालन तथा कार्यान्वयन | १,२०० | १,२०० | १,२०० | १,२०० | १,२०० | | १२०० | १ | १ | १ | १ | १ | |
| जिल्ला स्तरीय रनिङ शिल्ड सञ्चालन तथा कार्यान्वय | ३०० | ३०० | ३०० | ३०० | ३०० | | ३०० | १ | १ | १ | १ | १ | |
| विद्यालयमा किशोर किशोरीमैत्री सूचना केन्द्र परिचालन तथा बृहत्तर यौनिकता शिक्षा कार्यक्रम सञ्चालन | – | २०० | २०० | २०० | २०० | | २५ | ० | ८ | ८ | ८ | ८ | |
| **माध्यमिक तहको जम्मा बजेट** | **३०,२६९,३६८** | **४१,११३,८७०** | **३८,२५७,६५०** | **३८,६४०,६०८** | **४०,९७८,३४४** | | | | | | | | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

वैयक्तिक दक्षता तथा व्यवसायिक विकासका लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको जरुरत पर्दछ । नेपालका सन्दर्भमा कृषि, पशुपालन, बन विज्ञान, इन्जिनियरिङ्ग, चिकित्सा विज्ञान, सूचना तथा प्रविधि, उद्यमशीलता विकास र कम्प्युटर जस्ता विषय क्षेत्रहरु प्राविधिक तथा व्यवसायिक क्षेत्रहरु हुन ।औपचारिक शैक्षिक विकासको सुरुआतका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । बदलिदो समय र प्रविधिको विकाससंगै प्राविधिक तथा व्यवसायिक क्षेत्रका दक्ष जनशक्तिको माग उच्च रहेको छ । बिश्व बजारमा प्राविधिक तथा व्यवसायिक दक्ष जनशक्तिको माग बढि हुनुले पनि यस क्षेत्रका अवसरहरु थुप्रै भएको आंकलन गर्न सकिन्छ भने वर्तमान शिक्षा पद्दतिलाई प्राविधिक र व्यवहारिक बनाउनुपर्ने आवश्यकता बढेको छ ।

स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा प्राविधिक धारका विद्यालयहरुको स्थापना र सञ्चालन गरी पहुँच पुर्याउनु पर्ने देखिन्छ । साथै प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरीबी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेका समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने देखिन्छ । नीतिगत हिसावले हेर्दा पन्ध्रौ योजनाले राखेको “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यवसायिक शिक्षालाई समावेशी शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरीएको छ ।प्राविधिक तथा व्यवसायिक ज्ञान सीप हासिल भएका जनशक्तिको निर्माण गरी उत्पादन केन्द्रित जनशक्तिको परिचालन मार्फत आर्थिक शसक्तिकरणमा जोड दिनुपर्ने अवस्था छ । जसलाई विद्यालय तहदेखि नै कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

### ३.४.२ वर्तमान अवस्था

नेपालको सन्दर्भमा आंगिक र संस्थागत/नीजि क्षेत्रबाट प्राविधिक धारका विषयहरु सञ्चालित विद्यालयहरु छन् ।नेपालमा ५५२ सामुदायिक विद्यालयहरुमा प्राविधिक विषयहरु अध्ययन अध्यापन भैरहेको छ । यस अन्तर्गत लामो समय अवधिका विषयहरुका रुपमा डिप्लोमा र छोटो समयावधिका प्रि डिप्लोमा तथा प्रमाण पत्र तहका विषयहरु समावेश छन् । हाल नेपालको शैक्षिक प्रणाली अनुसार माध्यमिक तह कक्षा ९ देखि १२ सम्म पनि प्राविधिक तथा व्यवसायिक धारका विषयहरु समावेश गरी कार्यान्वयन गरीएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई दिएको अधिकार अनुसार स्थानीय माटो सुहाउँदो र आवश्यकतामा आधारित प्राविधिक धारका विषयहरु छनौट गरी कार्यान्वयन गर्न सक्ने स्वायत्तता रहेको छ ।

पुथा उत्तरगगा गाउँपालिका रुकुम पूर्वी भागले पनि एउटा सामुदायिक विद्यालय श्री महेन्द्र माध्यमिक विद्यालय तकसेरामा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थिहरुका लागि प्राविधिक धारको कम्प्यूटर शिक्षा लागु गरी कार्यान्वयनमा ल्याएको छ ।यस भन्दा अन्य प्राविधिक तथा व्यवसायिक धारका शिक्षालयहरु छैनन । प्रयाप्त भौतिक पूर्वाधार विकासको अभाव, प्रयाप्त जनशक्ति, समुदायको संरचना, सामाजिक अवस्था र चेतना साथै भौगोलिक अवस्था आदिका कारण प्रभावकारी कार्यान्वयन हुन भने सकेको छैन ।

**प्रमुख समस्या र चुनौती**

- प्रविधिक तथा व्यवसायिक धारका शिक्षालयहरुको स्थापना र सञ्चालनका लागि स्रोत व्यवस्थापनमा चुनौती छ ।
- प्राविधिक तथा व्यवसायिक धारलाई प्रभावकारी बनाउन विद्यालयसँग सम्बन्धित संस्थागत संरचनाहरुको क्षमता विकास र परिचालनको समस्या छ ।

- यस पालिकामा सामाजिक, आर्थिक, साँस्कृतिक, भाषीक र भौगोलिक बिबिधता छन् तसर्थ सबै बिबिधता अनुकुलका प्राविधिक धारका विषयहरु छनौट गरी सञ्चालन गर्न समस्या छ ।

### ३.४.३ लक्ष्य

स्थानीय आवश्यकता र सान्दर्भिकतामा आधारिक प्राविधिक तथा व्यवसायिक धारका शिक्षामा पहुँच पुर्याई सीपमुलक र दक्षता हासिल भएका जनशक्तिको परिचालन मार्फत आर्थिक समुन्नतिमा टेवा पुर्याउने

### ३.४.४ उद्देश्य

- यस पालिका भित्रको प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थित गरी गुणस्तरीय र प्रभावकारी बनाउने ।
- प्राविधिक र व्यवसायिक शिक्षा कार्यान्वयन मार्फत उत्पादनशिल दक्ष, सीपयुक्त र व्यवसायिक जनशक्तिको निर्माण गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा सबैको पहुँच बृद्दि गर्ने ।

### ३.४.५ रणनीतिहरू

- स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच पुर्याउनका लागि शिक्षालय तथा संस्थागत विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक विषय कार्यान्वयन गर्ने ।
- प्राविधिक तथा ब्यवसायकि धारको अवस्था र आवश्कता पहिचान गर्ने नक्साङ्कन गर्ने र योजना निर्माण गर्ने ।
- आवश्यकतामा आधारित विषयहरुको छनौट, पुनरावलोकन तथा परिमार्जन गरी कार्यान्वयन गर्ने ।
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता, पहुँच र स्रोत बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,

- प्राविधिक तथा ब्यवसायकि धारलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति तथा प्रशिक्षकको व्यवस्थापन गर्ने साथै क्षमता अभिवृद्दि गर्ने ।
- व्यवसायिक सीप हासिल जनशक्तिलाई बजारसँग जोड्न समन्वय, सहकार्य गर्ने र योजना निर्माण गर्ने ।
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरीक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन थप आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- प्राविधिक तथा ब्यवसायकि धार सम्बन्धि तथ्याङ्कहरुको चुस्त दुरुस्त अभिलेखिकरण गर्ने ।
- सरोकारवाला निकायसँग परामर्श, समन्वय तथा सहकार्य गर्ने ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

- यस क्षेत्रमा प्राविधिक तथा व्यवसायिक विषय अध्ययन तथा अनुसन्धान गर्न चाहनेका लागि पहुँच पुगेको हुनेछ ।
- प्राविधिक तथा व्यवसायिक सीपयूक्त दक्ष जनशक्तिको विकास भई व्यवसायिकरण मार्फत उत्पादनमा सुधार भई आर्थिक विकासमा टेवा पुगेको हुनेछ ।
- पालिकाको आवश्यकता र विद्यार्थिको रुचि अनुसारका प्राविधिक तथा व्यवसायिक धारका शैक्षिक संस्थाको स्थापना भई सञ्चालन भएको हुनेछ ।

### ३.४.७ नतिजा

- स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यवसायिक सिपका अवसर प्राप्त गरेको हुने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूका कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडीएको हुने
- स्थानीय स्तरका परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन हुने,
- यस क्षेत्रमा खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने ।

## ३.४.८ प्रविधिक तथा व्यवसायिक शिक्षाका नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक धारका विषय सञ्चालित विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ | २ |
| २ | पालिका भित्र प्राविधिक र व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | १ | २ | २ |
| ३ | माध्यमिक तह उत्तिर्ण गरेका मध्ये प्राविधिक र व्यवसायिक तालिम प्राप्त विद्यार्थिको सङ्ख्या | | | | | | |
| ४ | पूर्वाधारहरु विकास, प्रविधि जडित, प्रयोगशाला प्राक्टिकल कार्यका लागि निर्धारित स्थान तयार गरीएका विद्यालय | १ | १ | १ | १ | २ | २ |
| ५ | विद्यार्थि सङ्ख्या र फरक फरक साधारण र प्राविधिक विषयको अध्ययन अध्यापनका लागि प्रयाप्त कक्षाकोठा | ० | १ | १ | १ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | कक्षाकोठामै SMART Board, Digital Board, Projector तथा प्रविधि जडान गरी पठन पाठन हुने विद्यालय सङ्ख्या | ० | १ | १ | १ | २ | २ |
| ७ | विषयगत तालिम प्राप्त प्रयाप्त शिक्षक व्यवस्थापन भएका विद्यालय | ० | १ | १ | १ | २ | २ |
| ८ | प्रयाप्त स्रोत साधन र आवश्यकता अनुसार प्रयोगशाला, प्रायाक्टिकल स्थल भएका विद्यालय | ० | १ | १ | १ | २ | २ |
| ९ | फरक र अपाङ्गता भएका विद्यार्थिका लागि आवश्यक सुबिधा सहित पहुँच सुनिश्चित गरेका विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| १० | विषयबस्तुको प्रकृतिका आधारमा प्रभाबकारी रुपमा परियोजना कार्य र अभ्यास सञ्चालन गरी सिकाइलाई व्यवहारिकरणको अभ्यास गरेका विद्यालय सङ्ख्या | ० | १ | १ | १ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | न्यनतम सिकाइ सबलिकरण मापदण्ड (Minimum Enabling Condition) पूरा गरेका प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालित विद्यालय सङ्ख्या | ० | १ | १ | १ | २ | २ |
| १२ | आपतकालिन अवस्थामा शिक्षा सुनिश्चित गरी योजना बनाइ कार्यान्वयन गरेका विद्यालय | ० | १ | १ | १ | २ | २ |
| १३ | प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवहारिकरण गर्न पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरेका विद्यालय | ० | १ | १ | १ | २ | २ |

## ३.४.९ प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Technical & Vocational Educatioon) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| प्राविधिक तथा व्यवसायिक शिक्षाको आवश्यकता र सान्दर्भिकता पहिचान, नक्साङ्कन | – | ० | १०० | ० | १०० | **पटक** | १०० | ० | ० | १ | | १ | LG |
| आवश्यकता पहिचान गरी प्राविधिक तथा बहुप्राविक शिक्षालय स्थापनाका लागि सहजिकरण तथा सहयोग | – | ० | ८०० | ८०० | ८०० | **पटक** | ८०० | ० | ० | १ | १ | १ | FG+LG |
| प्राविधिक धार सञ्चालन र सञ्चालन भएका समावेशीमा प्रयोगशाला व्यवस्थापन सहयोग तथा सामग्री व्यवस्थापन | – | ० | २०० | २०० | २०० | **विद्यालय** | २०० | ० | ० | १ | १ | १ | LG+Othe r |
| सामुदायिक समावेशीमा प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन तथा सञ्चालन भएका समावेशीमा थप विषय सञ्चालनका लागि जनशक्ति व्यवस्थापन | – | ० | १६९० | १६९० | १६९० | **जना** | ८४५ | ० | ० | २ | २ | २ | FG+LG |
| प्राविधिक तथा व्यवसायिक सीपका छोटो अवधिका तालिम सञ्चालन (३ महिने) छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन (लक्षित बर्ग) | – | ४०० | ४०० | ४०० | ४०० | **पटक** | ४०० | ० | १ | १ | १ | १ | FG+LG+ Other |
| प्राविधिक शिक्षा अध्यापनरत प्रशिक्षक र सहायक प्रशिक्षकलाई क्षमता विकास तालिम | – | ५० | ५० | ५० | ५० | **पटक** | ५० | ० | १ | १ | १ | १ | FG+LG |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | ५० | ५० | ५० | ५० | ५० | **पटक** | ५० | १ | १ | १ | १ | १ | LG |
| प्राविधिक र व्यवसायिक शिक्षा सम्बन्धी पालिका पालिकाको नीति निर्माण | – | १०० | ० | ० | ० | **पटक** | १०० | ० | १ | | | | LG |
| प्राविधिक धार सञ्चालन भएका समावेशीमा पढ्दै सिक्दै र कमाउदै गर्नका लागि पालिकाबाट अनुदान | – | ४०० | ४०० | ४०० | ४०० | **विद्यालय** | ४०० | ० | १ | १ | १ | १ | FG+PG+ LG+Othr |
| प्राविधिक धार सञ्चालन सम्बन्धि छलफल तथा अन्तर्क्रियका कार्यक्रम सञ्चालन | ० | ० | १५० | ० | ० | **पटक** | १५० | ० | ० | १ | ० | ० | LG |
| **प्राविधिक तथा व्यवसायिक कार्यक्रमको जम्मा बजेट** | ५०००० | १०००००० | ३८४०००० | ३५९०००० | ३६९०००० | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र व्यवहारको प्रशोधन गर्ने जीवन पर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, ज्ञानसँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाको महत्वपूर्ण भूमिका रहने गर्दछ ।

संविधानले सुनिश्चित गरेको हरेक नागरीकले शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नव साक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमुलक साक्षरता, आयआर्जन, समूह साझेदारी डिजिटल साक्षरता लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका बीचमा तादम्यता कायम गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता, अनुकुलता र सान्दर्भिकतामा आधारित बनाउँदै लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतीको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरीक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । जसका लागि सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ जस्ता नीतिगत व्यवस्था गरीएको गरी कार्यान्वयन गरीएको अवस्था छ । पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र पनि अनौपचारीक तथा जिवनपर्यन्त शिक्षाका लागि सामुदायिक सिकाइ केन्द्रहरुको सवलिकरण तथा आवश्यकताका आधारमा थप गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.५.२ वर्तमान अवस्था

पुथा उत्तरगङ्गा गाउँपालिकामा हाल यस पालिकामा ४ हजार ३ सय अठसट्ठि घरधुरि रहेका छन् भने पालिकाको तथ्याङ्क अनुसार १९ हजार ९ सय नौ जनसङ्ख्या रहेको छ । जसमध्ये ९ हजार ६ सय छैसट्ठी महिला र १० हजार २ सय त्रिचालिस पुरुषको जनसङ्ख्या रहेको छ । पुथा उत्तरगङ्गा गाउँपालिकाको साक्षरताको अवस्थालाई हेर्दा साक्षरता दर ६७.७ प्रतिशत रहेको देखिन्छ । जसमध्ये ६०.४ प्रतिशत महिला साक्षरता र ७५.५ प्रतिशत पुरूषको साक्षरता दर रहेको छ ।

हाल पुथा गाउँपालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरुको कार्यान्वयन मार्फत अनौपचारिक तथा जिवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालन भैरहेको अवस्था छ । अझ सामुदायिक सिकाइ केन्द्रहरुको सबलिकरण गर्नु पर्ने र थप सामुदायि सिकाइ केन्द्रहरु स्थापना गरी अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाका कार्यक्रमहरुको योजनाका साथ अगाडि बढ्नुपर्ने टड्कारो आवश्यकता छ । पालिकाभित्र ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु कार्यान्वयनमा रहेको भएपनि दिगो योजना र कार्यक्रमका साथ सक्रिय रुपमा परिचालन भएको भने छैन ।

**समस्या तथा चुनौतीहरु**

- सामुदायिक सिकाइ केन्द्रहरूलाई व्यवस्थित गरी क्रियाशिल रूपमा परिचालन गर्ने,

- औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिलाई पहिचान गरी अनौपचारिक शिक्षामा पहुँच पुर्याउन,
- पालिका भित्र रहेका बहुआयामिक बिबिधताका कारण हरेको रुचि र आवश्यकता अनुसार अनौपचारिक तथा जिवनपर्न्त शिक्षाका कार्यक्रम बनाई सञ्चालन गर्न,
- पर्याप्त पठन तथा स्रोत सामग्रीहरूको व्यवस्थापन तथा उपलब्ध गराउन,
- सामुदायिक सिकाइ केन्द्र, समावेशी, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरीक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता स्थिति बढाउने,
- सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सबलिकरण गर्न सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्ने,
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास गर्नु,

**अवसर**

- अनौपचारिक शिक्षा र निरन्तर सिकाइलाई नेपालको संबिधानले संबोधन गर्नु र अन्य कानूनी प्राबधानहरुमा समेत अनपचारिक तथा निरन्तर सिकाइको ब्यवस्था हुनु,
- अधिकार स्थानीय तहमा अनौपचारिक तथा जिवनपर्यन्त शिक्षा प्रवाहको जिम्मेवारी हुनु,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन, व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था हुनु,
- विभिन्न सङ्घसंस्था तथा सरोकारवालाहरूले सबैका लागि शिक्षामा प्रतिवद्दता जनाउनु,
- रुकुम जिल्ला साक्षर जिल्ला घोषणा हुनु र अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धि ऐन २०७५ जारी भई कार्यान्वयन हुनु ।

### ३.५.३ लक्ष्य

पालिका भित्रका नागरीकहरुमा अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाका अवसरमा पहुँच अभिवृद्दि गरी साक्षरता दरलाई शत प्रतिशत बनाउने साथै जिवनपर्यन्त शिक्षा मार्फत गुणस्तरीय जीवनयापनमा सहयोग गर्ने ।

### ३.५.४ उदेश्यहरु

- सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरुको सवलिकरण तथा व्यवस्थापन गर्ने,
- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षकाविच अन्तरसम्बन्ध स्थापित गर्ने,
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने,
- पुथा उत्तरगङ्गा गाउँपालिकाको साक्षरता दरलाई सुधार गर्ने ।

### ३.५.५ रणनीतिहरू

- सामुदायिक सिकाइ केन्द्रहरुको सबलिकरण तथा व्यवस्थापन गर्ने,
- आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना र परिचालन गर्ने,
- मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवद्र्धन, आधुनिकीकरण एवम पुस्तान्तरण सम्वन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
- अनौपचारिक शिक्षा तथा जिवनपर्यन्त सिकाइका कार्यक्रमहरु तय गरी लागु गर्ने,
- सिकाइका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषीक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ समावेशी, वैकल्पिक, खुला तथा परम्परागत समावेशीहरूको सुदृढीकरण गर्ने,

- सामुदायिक सिकाइ केन्द्रलाई विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र जीवनउपयोगी सीप आर्जन संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

### ३.५.६ प्रमुख उपलब्धि र नतिजा

सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरु प्राप्त भएको हुने ।

### ३.५.७ प्रमुख नतिजा

- सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,
- सिकारूको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
- अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी तथ्याङ्क अध्यावधिक हुने,
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने ।

### ३.५.८ अनौपचारिक र आजिवन शिक्षाका नतिजा र परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकाको समग्र साक्षरता दर | ६७.७ | ६८.५ | ७०.१ | ७६.८ | ८०.४ | ८२.२ |
| २ | भाषीक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथी) % | | | | | | |
| ३ | भाषीक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथी महिला) % | | | | | | |
| ४ | आवश्यकतामा आधारित सामग्री सुसज्जित सामुदायिक सिकाइ केन्द्र | ४ | ४ | ४ | ८ | १२ | १४ |
| ५ | अनौपचारिक कार्यक्रमहरुको वार्षिक सङ्ख्या | ० | ० | २ | २ | ४ | ४ |
| ६ | अनौपचारिक तथा आजिवन सिकाइ कार्यक्रममा सहभागि सङ्ख्या | ० | ० | २८ | ६० | १०० | १४० |
| ७ | छोटो समयको जीवनोपयोगी तालिम सङ्ख्या | ० | १ | १ | ४ | ४ | ४ |
| ८ | पालिकाभित्र स्थापना भएका सामुदायिक सूचना केन्द्र सङ्ख्या | ४ | ४ | ४ | ८ | १२ | १४ |

# ३.५.९ अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाका प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | | | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | ० | ० | ० | ० | सङ्ख्या | ० | | ० | | ० | | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | ० | | ० | | | सङ्ख्या | ० | ० | | | | | |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सञ्चालन | २०० | – | २०० | – | २०० | पटक | २०० | १ | | १ | | १ | |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी र सामाजिक संजाल जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी विषयबस्तुहरुको विकास, वितरण र प्रचारप्रसार गर्ने) | २०० | २०० | २०० | २०० | २०० | पटक | २०० | १ | १ | १ | १ | १ | |
| स्थानीय तहको प्रत्येक वार्डमा सञ्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सञ्चालन | – | ८० | ८० | ८० | ८० | वटा | २० | ० | ४ | ४ | ४ | ४ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सञ्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने तलव बापतको बजेट | ५२० | ८८४ | १,७६८ | २,६५२ | ३,०९४ | वटा | १३० | ४ | ४ | ८ | १२ | १४ | |
| हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सञ्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन व्यवस्थापन खर्च | २०० | २०० | ४०० | ६०० | ७०० | वटा | ५० | ४ | ४ | ८ | १२ | १४ | |
| अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्याङ्कन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | – | २० | २० | २० | २० | पटक | २० | | १ | १ | १ | १ | |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सञ्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | ५० | ५० | ५० | ५० | ५० | पटक | ५० | १ | १ | १ | १ | १ | |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | – | २० | ४० | ६० | ७० | वटा | ५ | ० | ४ | ८ | १२ | १४ | |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | २० | २० | २० | २० | २० | पटक | २० | १ | १ | १ | १ | १ | |
| अनौपचारिक शिक्षाका लागि प्रौढ विद्यालय सञ्चालन बजेट अनुदान | – | १०० | १०० | १०० | १०० | वटा | १०० | ० | १ | १ | १ | १ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| सामुदायिक सिकाइ केन्द्र CLC मार्फत जीवनउपयोगी सीप तथा सचेतना कार्यक्रम सञ्चालन (घरेलु बुनाइ, आयआर्जन तथा साक्षरता शिक्षा) | - | १०० | १०० | २०० | २०० | वटा | ५० | ० | २ | २ | ४ | ४ | |
| सामुदायिक सिकाइ केन्द्र CLC का लागि प्रविधि तथा इन्टरनेट सुबिधा | - | २०० | ४०० | ६०० | ७०० | वटा | ५० | ० | ४ | ८ | १२ | १४ | |
| समुदायमा जनसङ्ख्याको तथ्याङ्क संकलन वर्गीकरण बिष्लेषण गर्ने विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने | - | २० | ४० | ६० | ७० | वटा | ५ | | ४ | ८ | १२ | १४ | |
| जिवनपर्यन्त सिकाइका लागि छोटो अवधिका कार्यक्रम तथा तालिम | - | १५० | ६०० | ६०० | ६०० | वटा | १५० | ० | १ | ४ | ४ | ४ | |
| विद्यालयहरुमा कानुनी सचेतना, लागु औषद दुर्व्यसनी, समाजिक गलत अभ्यास तथा डिजिटल साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन | | ५०० | ५०० | २०० | २०० | पटक | १०० | | ५ | ५ | २ | २ | |
| आवश्यकता अनुसार अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन (स्थानिय तह अन्तरगत संचालित रोजगार तथा सिपमुलक कार्यक्रममा समावेश गर्ने) | | ५०० | ५०० | ५०० | ५०० | पटक | ५०० | ० | १ | १ | १ | १ | |
| पालिका भित्र डिजिटल शिक्षा तथा बित्तिय साक्षरता शिक्षा सञ्चालन गर्ने | | ४०० | ८०० | १२०० | १४०० | वटा | १०० | | ४ | ८ | १२ | १४ | |
| अनौपचारिक शिक्षा प्रवाहका लागि समुदाय स्तरमा बालक्लव, यूवा क्लब र नागरीक समाज संजालको परिचालन गर्ने । | ०.० | १०० | २०० | ३०० | ३५० | पटक | २५ | | ४ | ८ | १२ | १४ | |
| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्मा बजेट** | **११९००००** | **३५४४०००** | **६०१८०००** | **७४४२०००** | **८५५४०००** | | | | | | | | |

# परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### ४.१ पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री

कुनैपनि विषय क्षेत्रको पूर्णता र प्रभावकारिताका लागि अन्य सहायक विषयक्षेत्रको समायोजन उत्तिकै महत्वपूर्ण हुने गर्दछ । शिक्षा क्षेत्रका पनि अन्य थुप्रै अन्तरसम्बन्धित विषय क्षेत्रहरु रहेका छन् । जसमध्ये पाठ्यक्रम, पाठ्यसामग्री तथा सिकाइ सामग्रीहरु प्रमुख हुन् । शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभएर विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको पुस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्य भित्र पर्दछन् । यसका साथै पाठ्यक्रमको कार्यान्वयनलाई पूर्णता दिनका लागि पाठ्यसामग्री र सिकाइ सामग्रीको उत्तिकै भूमिका रहेको हुन्छ । प्रभावकारी र प्रयाप्त पाठ्यसामग्री र सिकाइ सामग्रीको प्रयोगबाट हुने शिक्षण सिकाइ क्रियाकलापले दिगो प्रतिफल दिन सक्दछ ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभई सकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक समावेशीमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरीएको छ भने विभिन्न तहबाट विद्यालयहरुमा सिकाइ सामग्रीहरुको समेत व्यवस्थापन हुने गरेको छ ।

### ४.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा सर्वप्रथम समावेशी तहमा पाठ्यक्रमलाई दस्तावजीकरण गरीएको थियो भने पाठ्क्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँगै समावेशी तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ देखि ११ मा कार्यान्वन सुरु भएको छ ।

पुथा उत्तरगङ्गा गाउँपालिकामा वि.सं. २०७९ देखि कक्षा १ देखि ८ सम्मको लागि क्रमश स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरीएको छ भने पाठ्यपुस्तक समेत निर्माण गरी निर्माण गरी चरणबद्द कार्यान्वयन गरीएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म नेपाल सरकारले सबै र कक्षा ११-१२ मा अनिवार्य विषयका पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ भने स्थानीय पाठ्यक्रमका पाठ्यपुस्तक समेत निःशुल्क वितरण गरीएको छ । पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरीएको छ । विभिन्न भाषीक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरीएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षरांकन पद्धति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । यस पालिका भित्र मगर खाम समुदायको खाम भाषा मातृभाषा भएपनि मगर खाम भाषाका समग्री भने तयार गरीएको छैन ।

## चुनौतीहरू तथा अवसरहरू

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पाठ्क्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखिकरण गर्नु , पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु, सबै भाषीक समुदायका बालबालिकाको लागि मातृभाषामा पाठ्यसामग्रीको विकास गर्नु, अपाङ्गता भएका बालबालिकाको लागि अनुकुलको पाठ्सामग्रीको व्यवस्था गरी प्रभावकारी बनाउनमा समस्या तथा चुनौतीहरु भए पनि माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, स्थानीय पाठ्यक्रमको विकास र प्रयोग, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को कार्यान्वयन, विभिन्न विषयका पाठ्यसामग्रीहरू मातृभाषामा तयार गरी कार्यान्वयनका गर्ने अवसरहरू रहेका छन् ।

### ४.१.३ लक्ष्य

तोकिएको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र क्षमताको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार गर्ने ।

### ४.१.४ उदेश्य

- पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रयोग तथा कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउने,
- स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन गरी प्रभावकारी बनाउनु,

### ४.१.५ रणनीतिहरु

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने,
- विकास गरीएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरू लाई प्रबोधिकरण गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन बिधि तय गर्ने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध सुनिश्चित गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
- माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषाका सामग्रीहरुको विकास गर्ने,
- पाठ्यक्रम विकास, सामग्री विकास र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्ने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

पाठ्यक्रम तथा सामग्रीको व्यवस्थापन र प्रभावकारी कार्यान्वयनबाट गुणस्तरीय शिक्षा प्राप्त व्यवसायिक दक्षता हासिल भएका नागरीक तयार हुने ।

### ४.१.७ प्रमुख नतिजा

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने,
- विद्यार्थिको सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने ।

## ४.१.८ पाठ्यक्रम तथा सामग्री विषय क्षेत्रका नतिजा तथा परिणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | इकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको प्रबोधिकरण विकास गर्ने) | २०० | २०० | २०० | २०० | २०० | | २०० | १ | १ | १ | १ | १ | |
| **पाठ्यक्रमको मूल्याङ्कन** (मूल्याङ्कन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | – | १०० | ० | ० | १०० | | १०० | | १ | | | १ | |
| **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरीएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित | – | १५० | ३०० | ३०० | ३०० | | १५० | ० | १ | २ | २ | २ | |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (विज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | – | २०० | २०० | २०० | २०० | | २०० | ० | १ | १ | १ | १ | |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई अभिमुखीकरण प्रबोधिकरण तालिम प्रदान गर्ने | १७४ | १७४ | १७४ | १७४ | १७४ | | ६ | २९ | २९ | २९ | २९ | २९ | |
| आन्तरिक र बाह्य दुवै विधिका बिद्यार्थी मूल्याङ्कन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मूल्याङ्कनका मापदण्डहरूको विकास र तिनको बारेमा | २७० | २७० | २७० | २७० | २७० | | ६ | ४५ | ४५ | ४५ | ४५ | ४५ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | | | | | | | | | | | | | |
| प्राविधिक धारका विषयहरुको पाठ्यक्रम र सिकाइ सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राविधिक धारका विषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाइ सामग्रीहरूको विकास, मूल्याङ्कन पद्धतिको विकास र तिनको प्रबोधिकरण, वितरण, प्रयोग विषयहरु समावेश गर्ने) | - | १०० | १०० | १०० | १०० | | १०० | ० | १ | १ | १ | १ | |
| बहूपाठ्यपुस्तकहरूको कार्यान्यिन गर्ने (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यिन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मूल्याङ्कन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परीक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | २०० | ० | २०० | ० | २०० | | २०० | १ | ० | १ | ० | १ | |
| विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | | ० | ० | ० | ५०० | | ५०० | | ० | ० | | १ | |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| स्थानीय पाठ्यक्रमको आवश्यक परिमार्जन, संशोधन र विकास प्रबोधिकरण गर्ने | | ० | ४०० | ० | ४०० | | ४०० | ० | | १ | ० | १ | |
| आवश्यकतामा आधारित पाठ्य सामग्री तथा सामग्री ब्वस्थापन | | ५०० | ५०० | ५०० | ५०० | | १०० | ० | ५ | ५ | ५ | ५ | |
| विषय बस्तु तथा पाठ्यक्रममा जलवायू परिवर्तन तथा उत्थानशिलता सामग्री समायोजना र कार्यान्वयन | | १०० | ० | १०० | ० | | १०० | | १ | | १ | | |
| पालिका स्तरमा प्रारम्भिक वालविकास शिक्षा शिक्षक तथा कर्मचारी व्यवस्थापन पाठ्यक्रम विकास | - | ५० | ० | ० | ५० | | ५० | | १ | | | १ | |
| स्थानीय शिक्षा योजनाको मध्यावधि रुपमा पुनराबलोकन | | ० | ३०० | ० | ३०० | | ३०० | ० | ० | १ | | १ | |
| **पाठ्यक्रम र सामग्री कार्यक्रमको जम्मा बजेट** | **८४४०००** | **१८४४०००** | **२६४४०००** | **१८४४०००** | **३२९४०००** | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । योग्य, व्यवसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक व्यवस्थापन बाट अपेक्षित गुणस्तरीय शैक्षिक उपलब्धि हासिल हुन सक्दछ । शिक्षकमा भएको विषयवस्तुको प्रयाप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ ।

आधारभूत तह कक्षा ० देखि ५ सम्म विद्यार्थी सङ्ख्याको आधारमा र आधारभूत ६ देखि ८ तथा माध्यमिक तहमा विषयगत रूपमा १ः४० शिक्षक विद्यार्थी अनुपात मापदण्ड कायम गरीएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरबन्दी हुनुपर्ने व्यवस्था गरेको छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप समावेशीको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । समावेशी क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरीएको छ ।

पालिकाभित्र सञ्चालित विद्यालयका बालबालिकाको शैक्षिक गुणस्तर सुधार गरी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न शिक्षक व्यवस्थापन र विकासको अभ्यास जरुरी छ ।

### ४.२.२ वर्तमान अवस्था

यस पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गत ५७ वटा विद्यालयहरुमा ३५० जना (१७४ महिला र १७६ पुरुष) शिक्षक कार्यरत छन् ।

पुथा उत्तरगङ्गा गाउँपालिकामा कार्यरत शिक्षक विवरण

| तह | राहत करार र अस्थायी | | | सिकाइ अनुदान | | | स्थायी | | | गाउँपालिका करार | | | नीजी स्रोत | | | जम्मा सबै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| प्रारम्भिक बालविकास | ० | ४३ | ४३ | ० | ० | ० | ० | ० | ० | ० | १३ | १३ | ० | १ | १ | ५७ |
| आधारभूत तह कक्षा १-५ | २२ | ३१ | ५३ | ५ | ८ | १३ | ४१ | १२ | ५३ | १४ | ३८ | ५२ | ९ | २ | ११ | १८२ |
| आधारभूत तह कक्षा ६-८ | ११ | १ | १२ | ७ | १ | ८ | ११ | १ | १२ | २४ | १२ | ३६ | ० | १ | १ | ६९ |
| माध्यमिक तह ९-१० | १४ | २ | १६ | ३ | २ | ५ | ४ | १ | ५ | ६ | ३ | ९ | ० | ० | ० | ३५ |
| माध्यमिक तह ११-१२ | ४ | २ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| समावेशी नर्स | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| **जम्मा शिक्षक** | **५२** | **७९** | **१३१** | **१५** | **११** | **२६** | **५६** | **१४** | **७०** | **४४** | **६६** | **११०** | **९** | **४** | **१३** | **३५०** |

उल्लेखित विवरण अनुसार यस पालिकामा ७० शिक्षक स्थायी, १३१ जना शिक्षक राहत, करार तथा अस्थायी, ११० जना गाउँपालिका करार, १३ जना नीजि स्रोत र २६ जना सिकाइ अनुदान र १ जना विद्यालय नर्स गरी जम्मा ३५० जना शिक्षकहरु कार्यरत छन् ।

तहगत रुपमा शिक्षक विद्यार्थि अनुपात

| तह | विद्यार्थि सङ्ख्या | शिक्षक सङ्ख्या | शिक्षक विद्यार्थि अनुपात | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ९९५ | ५७ | १७.४६ | |
| आधारभूत तह कक्षा १-५ | २०४० | १८२ | ११.२१ | |
| आधारभूत तह कक्षा ६-८ | १२०० | ६९ | १७.३९ | |

| | | | | |
|---|---|---|---|---|
| आधारभूत तह कक्षा १-८ | ३२४० | २५१ | १२.९१ | |
| माध्यमिक तह ९-१० | ५५६ | ३६ | १५.४४ | |
| माध्यमिक तह ११-१२ | २७९ | ६ | ४६.५० | |
| माध्यमिक तह कक्षा ९-१२ | ८३५ | ४२ | १९.८८ | |
| समग्र विद्यालय | ९१४५ | ३५० | २६.१३ | |

जसमध्ये समग्रमा शिक्षक विद्यार्थि अनुपात १:२६.१३ रहेको छ । यसैगरी प्रारम्भिक बालविकास शिक्षामा शिक्षक विद्यार्थि अनुपात १७.४६, आधारभूत तह कक्षा १-८ को १२.९१ र माध्यमिक तह कक्षा ९-१२ को १९.८८ रहेको छ ।

उल्लेखित शिक्षक विवरणमध्ये शिक्षा विषय अध्ययन पश्चात औपचारिक पेसागत दक्षता तथा सेवाकालिन तालिम प्राप्त शिक्षकको अवस्था हेर्दा २३.१४ प्रतिशत देखिन्छ । यस पालिकामा शिक्षक तालिमको अवस्था यस प्रकार रहेको देखिन्छ ।

शिक्षक तालिमको अवस्था

| शिक्षक तालिम | जम्मा शिक्षक | तालिम प्राप्त शिक्षक | तालिम प्राप्त शिक्षक % | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ५७ | १६ | २८.०७ | |
| आधारभूत तह कक्षा १-५ | १८२ | ४४ | २४.१८ | |
| आधारभूत तह कक्षा ६-८ | ६९ | १० | १४.४९ | |
| माध्यमिक तह ९-१२ | ४२ | ११ | २६.१९ | |
| समग्र | ३५० | ८१ | २३.१४ | |

यस पालिकाको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क अनुसार पालिकामा कार्यरत शिक्षकहरुमध्ये प्रारम्भिक बालविकासका २८.०७ प्रतिशत, आधारभूत तह कक्षा १-५ का २४.१८ प्रतिशत, आधारभूत तह कक्षा ६-८ का १४.४९ प्रतिशत र माध्यमिक तह कक्षा ९-१२ का २६.१९ प्रतिशत शिक्षकहरु तालिमप्राप्त देखिन्छन् ।

समावेशीमा कार्यरत सबै प्रकारका जनशक्तिहरूको लागि निरन्तर पेसागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू विभिन्न संघसंस्था, मानव श्रोत तथा संसाधान केन्द्र प्रदेश सरकार लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुदै आएका

भएपनि शिक्षकहरूलाई अझ पेसागत विकास, शिक्षामा नवपर्वर्तन, परियोजना कार्य व्यवस्थापन, सूचना प्रविधि, समावेशीमा गरीने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता आंकलन गरीएको छ ।

समस्या तथा चुनौतीहरु

- शिक्षक व्यवस्थापनका लागि कानून र कार्यन्वयन,
- स्थानीय तहको सिमित स्रोत र दक्ष जनशक्तिका कारण सबै शिक्षकहरुलाई सेवाकालिन पेसागत शिक्षक तालिमको ब्यवस्था,
- शिक्षक तालिमको कक्षाकोठामा प्रयोगको वातावरण,
- शिक्षक दरवन्दि मिलान, समायोजन र व्यवस्थापन,

अवसरहरु

- स्थानीय सरकार सञ्चालन ऐनले विद्यालय शिक्षा व्यवस्थापन तथा कार्यान्वयनको अधिकार स्थानीय तहलाई दिनु,
- स्थानीय सरकारले आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन तथा तालिम सञ्चालन गर्न सक्नु,
- विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

### ४.२.३ लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।

### ४.२.४ उदेश्य

- शिक्षक उपलब्धताको नक्साङ्कन गरी विद्यालयमा प्रयाप्त सक्षम शिक्षक व्यवस्थापन गर्ने,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउने,

- तालिम प्राप्त शिक्षक उपलब्धताको सुनिश्चितता गर्ने,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.५ रणनीतिहरु

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरीने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरीने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरीने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरीने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीने,
- शिक्षक आन्तरिक सरुवा तथा व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयन गरीने,
- पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षक दरबन्दी मिलानका लागि कार्यदल निर्माण गरी कार्यदलको प्रतिवेदनलाई कार्यान्यवनमा लैजाने ।

### ४.२.६ प्रमुख उपलब्धि तथा नतिजा

मुख्य उपलब्धि

सक्षम र पेसाप्रति अभिप्रेरित शिक्षकको व्यवस्था र परिचालन भई सिकाइ उपलब्धिमा सुधार हुने ।

प्रमुख नतिजा

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा प्रयाप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोगको पद्दति विकास हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

## ४.२.७ शिक्षक व्यवस्थापन तथा विकासका नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आवश्यकता, तह र विद्यार्थि सङ्ख्या अनुसार विषयगत शिक्षकको परिपुर्ति भएका विद्यालय | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम तोकिएको शैक्षिक योग्यता हासिल गरेका शिक्षक सङ्ख्या | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ |
| ३ | दरबन्दि अनुसार विषयगत शिक्षक व्यवस्थापन भएका आधारभूत तहका विद्यालय सङ्ख्या | ३४ | ३४ | ३४ | ४५ | ४५ | ४५ |
| ४ | दरबन्दि अनुसार विषयगत शिक्षक व्यवस्थापन भएका माध्यमिक तहका विद्यालय सङ्ख्या | १ | १ | २ | ४ | ४ | ४ |
| ५ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | २१.५१ | २१.५१ | ३०.३५ | ३४.३५ | ४५.५ | ५५.५ |
| ६ | माध्यमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | २८.५५ | २८.५५ | ३५.४ | ४०.२ | ५५.१४ | ६०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विषयगत शिक्षक सुनिश्चित भएका आधारभूत तहका विद्यालय सङ्ख्या | | | | | | |
| ८ | विषयगत शिक्षक सुनिश्चित भएका माध्यमिक तहका विद्यालय सङ्ख्या | | | | | | |
| ९ | शिक्षकको पेसागत दक्षता विकासका लागि कार्यान्वयन भएको वार्षिक बजेट | | | | | | |
| १० | सूचना तथा प्रविधि विकास र शिक्षण सिकाइको तालिम लिएका शिक्षकको प्रतिशत | | | | | | |
| ११ | शिक्षकको व्यवस्थापन र विकासका लागि पालिकाबाट सञ्चालन गरीएका कार्यक्रम सङ्ख्या | | | | | | |

## ४.२.८ शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण दरवन्दि मिलान र समायोजन) | - | १०० | - | १०० | १०० | | १०० | | १ | | १ | १ | |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | - | ३०० | ३०० | ३०० | ३०० | | ३० | | १० | १० | १० | १० | |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको विषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम | ११३ | १५० | १८८ | २२५ | २६३ | | ३० | ४ | ५ | ६ | ८ | ९ | |
| शिक्षकहरुलाई ICT मा आधारित Online/Offline सिकाइ सम्बन्धी तालिम | २३० | ३०६ | ४५९ | ६१२ | ७६५ | | १० | २३ | ३१ | ४६ | ६१ | ७७ | |
| विषयगत शिक्षक तालिमहरू सञ्चालनका लागि १० दिने प्रशिक्षक प्रशिक्षण तालिम (TOT) | २०० | २०० | - | - | २०० | | २०० | १ | १ | | | १ | |
| प्रारम्भिक कक्षा सिकाइ (EGL) सम्बन्धी ५ दिने शिक्षक तालिम | - | २०० | - | २०० | - | | २०० | | १ | | १ | | |
| ECED सँग सम्बन्धित विभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने | - | १४० | - | १४० | - | | १० | | १४ | | १४ | | |
| सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरीएको प्रणालीको अनिवार्य कार्यान्वयन गर्ने | ४० | ४५ | ७० | ७० | २३ | | ५ | ८ | ९ | १४ | १४ | ५ | |
| विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी तालिम कार्यक्रम | ३० | ६० | ३० | ६० | ६० | | ३० | १ | २ | १ | २ | २ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक तथा विद्यालय अनुगमन कार्यक्रमका लागि क्षमता अभिबृद्दी | २०० | २०० | २०० | २०० | २०० | | २०० | १ | १ | १ | १ | १ | |
| तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | १४२.५ | १४२.५ | ३६ | २७ | २७ | | ३० | ४.७५ | ४.७५ | १ | १ | १ | |
| माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | ५० | ५० | ० | ० | ५० | | ५० | १ | १ | | | १ | |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ७५ | ७५ | ० | ० | ७५ | | ३० | ३ | ३ | | | ३ | |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | २० | २० | ० | ० | २० | | २० | १ | १ | | | १ | |
| आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | २०६ | २०६ | ० | ० | २०६ | | २० | १० | १० | | | १० | |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | ५० | ५० | – | – | ५० | | ५० | १ | १ | | | १ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई तालिम | – | २८० | – | २८० | – | | ५ | ० | ५६ | | ५६ | | |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ वर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | – | – | – | – | – | | | | | | | ३९ | |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा दने) | – | १,३५० | – | – | १,३५० | | ३० | | ४५ | | | ४५ | |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाइ र शिक्षण सिकाइका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | – | १५५ | – | – | १५५ | | १५ | ० | १० | | | १० | |
| बिशेष शिक्षाका विद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सञ्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | | – | – | – | – | | | ० | ० | ० | ० | ० | |
| बिशेष शिक्षाका विद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सञ्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | | | | | | | | ० | ० | ० | ० | ० | |
| समाहित शिक्षा सञ्चालन भएका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | – | – | १०० | – | – | | १०० | ० | | १ | | | |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| विद्यालयका शिक्षकहरुको अवस्था नक्साङ्कन र अवस्था विश्लेषण गर्ने | – | ५० | ५० | ५० | ५० | | ५० | | १ | १ | १ | १ | |
| शिक्षकहरुलाई प्रविधि विकास र शिक्षण सिकाइ सम्बन्धी तालिम सञ्चालन गर्ने | – | २०० | २०० | २०० | २०० | | २०० | | १ | १ | १ | १ | |
| शिक्षकहरुलाई स्तरीय परीक्षा सञ्चालन निरन्तर मूल्याङ्कन पद्दति र प्रश्न निर्माण तालिम सञ्चालन गर्ने | – | २०० | २०० | २०० | २०० | | २०० | | १ | १ | १ | १ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक क्षमता अभिवृद्धिका लागि कक्षाकोठामै प्रशिक्षक/स्रोत ब्यक्ति, विषय विज्ञ सहयोग कार्यक्रम | – | २८० | २८० | २८० | २८० | | ५ | | ५६ | ५६ | ५६ | ५६ | |
| पालिकामा शैक्षणिक स्रोत विज्ञको परिचालन कार्यक्रम | – | ७५४ | १,५०८ | १,५०८ | १,५०८ | | ७५४ | | १ | २ | २ | २ | |
| हरेक विद्यालयका फोकल शिक्षकलाई विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि तालिम कार्यक्रम | – | ३३६ | – | – | ३३६ | | ६ | ० | ५६ | | | ५६ | |
| सबै प्रकारका शिक्षक तालिमहरू सञ्चालनका लागि पालिका स्तरमा स्रोत शिक्षकको प्रावधान राखि विषयगत प्रशिक्षक प्रशिक्षण तालिम (TOT) सञ्चालन गर्ने | – | ८०० | – | – | ८०० | | १०० | ० | ८ | ० | ० | ८ | |
| विद्यालयहरुमा संगित तथा खेलप्रति उत्साहित बनाउन खेलकुद तथा संगित प्रशिक्षक व्यवस्थापन | – | ९१० | ९१० | ९१० | ९१० | | ४५५ | | २ | २ | २ | २ | |
| विद्यालयहरुमा लेखा व्यवस्थापन तालिम कार्यक्रम | – | २८० | २८० | २८० | २८० | | ५ | | ५६ | ५६ | ५६ | ५६ | |
| पालिकाभित्र शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न लागि विषयगत स्रोत शिक्षक विकास प्रशिक्षक प्रशिक्षण (ToT) तालिम सञ्चालन गर्ने | | ८०० | – | – | ८०० | | १०० | ० | ८ | ० | ० | ८ | |
| पालिका भित्रका शिक्षकहरुलाई अनिवार्य रुपमा सेवा प्रवेश तालिम, पालिका परिचय र स्थानीय पाठ्यक्रमका विषयमा तालिम दिने | | १०० | १०० | १०० | १०० | | १०० | | १ | १ | १ | १ | |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट** | **१,३५५,५००** | **८७३९०००** | **४,९१०,५००** | **५,७४२,०००** | **९,३०६,५००** | | | | | | | | |

## ४.३ शैक्षिक समता तथा समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक, साँस्कृतिक, आर्थिक, भौगोलिक, रहनसहन, भाषीक र वातावरणिय हिसावले बिबिधता भएको देश हो। अझ रुकुम पूर्वी जिल्ला र यस अन्तर्गतका स्थानीय तहहरु र समुदायपिच्छे बिबिधताहरु छन् । सामाजिक र लैंगिक हिसाबले पिछडिएका र भौगोलिक हिसाबले विद्यालयको पहुँचसम्म पुग्न नसकेका समुदायका बालबालिकाहरुको पहिचान गरी विद्यालय पहुँच सुनिश्चित गर्नु आजको आवश्यकता रहेको छ ।हरेक नागरीकले शिक्षा आर्जन गर्न पाउनुपर्ने अधिकार नेपालको संवैधानिक अधिकार हो ।हरेक नागरीकले आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यामिक तहसम्को शिक्षा निःशुल्क पाउनु पर्ने हक छ भने अपाङ्गता भएका र आर्थिक रुपले बिपन्न भएका नागरीकका लागि निःशुल्क शिक्षा पाउने हकको समेत संवैधानिक ब्यवस्था छ । तसर्थ स्थानीय तहले पनि बिबिधता भएका समुदायका सबै नागरीकको शिक्षाको सुनिश्चितताका लागि अभ्यास गर्नुपर्ने आवश्यकता हरेको छ ।

शिक्षाको मूलधारबाट वञ्चित भई कानूनले तोके बमोजिमको शिक्षामा सहभागिता हुन नसकेको अवस्थामा शिक्षा प्रदान गर्नु समावेशी शिक्षा भन्ने बुझिन्छ । संकुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभिगिता भन्ने बुझीयता पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शारीरिक, मानसिक तथा जातीय ढंगबाट उपेक्षित बर्ग, समुदाय समेतका नागरीकको शिक्षाको अवसर सुनिश्चित गर्नु समावेशी शिक्षा हो । समावेशी शिक्षा सुनिश्चिताका लागि समताको रणनीति आवलम्बन गर्नुपर्ने हुन्छ । बिबिधता भित्रको समाशिकरणको समस्या हल गर्नका लागि समताका अभ्यासहरु मार्फत सबैका लागि शिक्षा सुनिश्चित गर्न सकिन्छ । हाल बदलिदो परिवेशसँगै सडक बालबालिका, अनाथ, घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, वेपत्ता घाइते, अपांग सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता गर्नु नै शैक्षिक समता तथा समावेशीकरण हो ।

### ४.३.२ वर्तमान अवस्था

यस पुथा उत्तरगङ्गा गाउँपालिकामा अनाथ, घरेलु हिंसा पीडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपांग लगायत सामाजिक, आर्थिक तथा भौगोलिक कारणले विद्यालयको पहुँच हुन नसकेका बालबालिकाहरु छन् । सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि पालिकाले विभिन्न अभ्यासहरु गरीरहेको छ । छात्रवृत्ती कार्यक्रम, अपांगमैत्री समावेशी, बालमैत्री समावेशी, दिवा खाजा लगायतका वार्षिक कार्यक्रमहरु मार्फत शैक्षिक समता तथा समावेशीकरणका कामहरू गरीरहेको छ । तथापी शैक्षिक समावेशी शिक्षाको हकमा समावेशीमैत्रि विद्यालय संरचना, भौतिक पूर्वाधार विकास, समता मार्फत अतिआवश्यकता रहेका र सान्दर्भिकतामा आधारित सहयोग कार्यक्रमको पहिचान र कार्यान्वयन जस्ता कार्यहरुको योजना गरी अघि बढ्नुपर्ने टड्कारो आवश्यकता छ । यस पालिकामा अपांग भएका बालबालिकाहरू श्रोत समावेशीको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन । अपाङ्गता भएका र अति बिपन्न (सामाजिक र भौगोलिक) समुदायका बालबालिकाहरुको विद्यालय पहुँच सुनिश्चितबाट मात्र शैक्षिक समता र समावेशीकरणको मुद्दा हल हुन सक्दछ ।

**समस्या तथा चुनौतीहरु**

यो क्षेत्र भाषीक हिसाबले मगर खाम भाषाको बाहुल्यता रहेको क्षेत्र हो । मगर खाम भाषाको समुदायमा विद्यालयमा उपस्थित बिशेषगरी आधारभूत तह १-५ का बालबालिकाहरु नेपाली भाषा तुरुन्त नबुझ्ने खालका र शिक्षकहरु मगर खाम भाषा नजान्ने परिस्थिति यस क्षेत्रमा छ । तसर्थ भाषीक हिसाबले पनि तल्लो तहमा पूर्ण मगर खाम भाषी शिक्षकहरुको व्यवस्थापन चुनौतीको विषय छ ।

यस पालिकामा शैक्षिक समता तथा समावेशीकरणका निम्न समस्या तथा चुनौती छन् ।

- अपाङ्गता भएका बालबालिकाहरुका लागि बिशेष तथा समाहित शिक्षाका कक्षाहरुको स्थापीत हुन सकेका छैनन ।
- सबै किसिमका बालबालिकाहरुलाई शिक्षामा समावेशीता सुनिश्चिता गर्न ।

- विद्यालय भौतिक पूर्वाधार तथा संरचना समावेशीकरण सम्बोधन गर्ने खालका छैनन् ।
- अपाङ्गता तथा समावेशीकरणका लागि दक्ष जनशक्तिको अभाव छ ।
- विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई आवश्यक पर्ने प्रणाली विकास हुन सकेको छैन।

**अवसर**

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपांग बालबालिकाहरूलाई उच्च शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, समावेशी एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, पालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पु¥याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरीनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरू रहेका छन् ।

### ४.३.३ लक्ष्य

लैंगिक, शारिरीक, सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक जस्ता बिबिधताबाट विद्यालयको पहुँच प्राप्त गर्न नसकेका नागरीकको विद्यालय शिक्षा सुनिश्चित गर्ने ।

### ४.३.४ उदेश्य

- यस क्षेत्रका सामाजिक, आर्थिक, लैंगिक, शारिरिक, भाषीक, सांस्कृतिक र भौगोलिक हिसाबले शिक्षामा मूलप्रवाहिकरण हुन नसकेका, विपन्न र द्वन्द्व प्रभावित तथा बिबिधता भएकै कारणले वञ्चितीमा परेकाहरुलाई शिक्षामा पहुँच पुर्याउने ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने साथै जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने ।

- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी समावेशीलाई बालमैत्री बनाउने ।
- समावेशीमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने ।
- शिक्षामा समतामुलक पहुँच सुनिश्चित गरी समावेशीकरणको अवधारणा सार्थक बनाउने ।

### ४.३.५ रणनीतिहरु

- सामाजिक, आर्थिक, लैंगिक, शारिरिक, भाषीक, सांस्कृतिक र भौगोलिक हिसाबले पहुँच नपुगेका बालबालिकाहरुको नक्साङ्कन, अवस्था, आवश्यकता पहिचान तथा वर्गीकरण गर्ने ।
- विद्यालयमा पहुँच पुर्याउन आवश्यकता/समतामुलक सहयोग प्रणालीको विकास गर्ने ।
- सबै समावेशीमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने ।
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम, घरमै विद्यालय जस्ता विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने।
- आधारभूत तहमा बहुभाषा तथा मातृभाषामा सिकाइको अवसर सुनिश्चित गर्ने ।
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने ।
- आवश्यता भएका बालबालिकाहरुलाई आवश्यकतामा आधारित पोसाक, स्टेशनरी तथा सिकाइ सामग्री तथा शैक्षिक वृत्ति उपलब्ध गराउने।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गर्ने।

- समावेशीमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरीने ।
- समावेशीमा अभिभावक र सरोकारवालाहरुको सहभागिता बढाउन कार्यक्रम सञ्चालन गर्ने ।
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र समावेशीहरूको सहभागिता तथा साझेदारि अभिबृद्धि गरी बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।
- समाहित तथा समावेशी कक्षा प्रभावकारी बनाउन समावेशी शिक्षा तथा बहुभाषा शिक्षणको शिक्षक तालिम सञ्चालन गरी क्षमता अभिबृद्धि गर्ने ।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

समावेशी शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

प्रमुख नतिजा

- सामाजिक, आर्थिक, सांस्कृतिक, शारिरिक, भाषीक, द्वन्द्व प्रभावित र भौगोलिक कठिनाई भएका बालबालिकाले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुने ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार भएको हुने ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह भएको हुने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू सवलिकृत र प्रभावकारी भएको हुने ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि भएको हुने ।
- सबै समावेशीहरू अपाङ्गमैत्री, लैंगिकमैत्री तथा बालमैत्री भएका हुने ।

### ४.३.७ शैक्षिक समता तथा समावेशीकरणका नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री, अपाङ्गमैत्री र लैंगिक मैत्री पूर्बधार भएका विद्यालय सङ्ख्या | ० | ० | १ | २ | ४ | ६ |
| २ | विद्यालयमा पहुँच पुगेका अपाङ्गता भएका विद्यार्थि प्रतिशत | | | | | | |
| ३ | स्रोत विद्यालय अर्थात बिशेष कक्षा सञ्चालन भएका विद्यालय सङ्ख्या | | | १ | १ | १ | १ |
| ४ | स्थानीय तहमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने | ० | १ | | १ | | १ |
| ५ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धती तर्जुमा गरी कार्यान्वयन गराउने । | ० | १ | १ | १ | १ | १ |
| ६ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी | ० | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय निरन्तरता सहायता कार्यक्रम सञ्चालन गर्ने | | | | | | |
| ७ | विद्यालयसँग सम्बन्धित संस्थागत संरचनाहरुलाई लैंगिक समानता, अपाङ्गता, सामाजिक समावेशीकरण तथा शैक्षिक समता सचेतना कार्यक्रम सञ्चालन गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति कार्यक्रम | १ | १ | १ | १ | १ | १ |
| ९ | अपाङ्गमैत्री, बालमैत्री तथा लैंगिकमैत्री पूर्वाधार विकास कार्यक्रम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | विद्यालय तथा कक्षाकोठामा अपाङ्गमैत्री सिकाइ सामग्रीको व्यवस्थापन गर्ने | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | स्थानीय भाषा (मगर खाम भाषा) लाई स्थानीय पाठ्यक्रमसँग समायोजन गरी कार्यान्वयन गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | स्थानीय तहलाई शत प्रतिशत विद्यार्थि भर्ना सुनिश्चित पालिका घोषणा गर्ने | | | | | १ | |
| १३ | समावेशी शिक्षण सिकाइ शिक्षक क्षमता विकास कार्यक्रम गर्ने | | १ | | १ | | १ |
| १४ | बिबिध कारणले विद्यालयमा जोडीन नसकेका विद्यार्थिको शैक्षिक अवसर सुनिश्चित गर्न बैकल्पिक, अनौपचारिक तथा जिवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन गर्ने | | १ | १ | १ | १ | १ |
| १५ | अपाङ्गता भएका बालबालिकाको शिक्षा सुनिश्चितताका लागि गृह विद्यालय सहयोग कार्यक्रम सञ्चालन गर्ने । | | १ | १ | १ | १ | १ |

## ४.३.८ शैक्षिक समता तथा समावेशीकरणका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान (वर्षको २ पटक ६/६ महिनामा) | ५५ | ५३ | ४९ | ४९ | ५० | विद्यार्थि | ०.०१५ | ३६५९ | ३५०१ | ३२९४ | ३२६६ | ३३१५ | FG+LG+Other |
| सबै किसिमका अपाङ्गता पहिचान भएका बालबालिकाहरुका लागि शिक्षा निरन्तरता सहयोग कार्यक्रम | – | १०० | १०० | १०० | १०० | पटक | १०० | | १ | १ | १ | १ | FG+LG+Other |
| पालिका भित्र एक बिशेष शिक्षा/स्रोत विद्यालय सञ्चालन कार्यक्रम | – | – | – | ६०० | ६०० | वटा | ६०० | ० | ० | ० | १ | १ | FG+PG+LG+Other |
| विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि सहायता सामग्री शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु वितरणका लागि बजेट अनुदान | – | ५० | ५० | ५० | ५० | पटक | ५० | | १ | १ | १ | १ | FG+LG+Other |
| पालिकाहरुमा बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरण कार्यक्रम | – | – | – | – | – | पटक | | १ | १ | १ | १ | १ | FG+LG+Other |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| पालिकाभित्र रहेका अपाङ्गता भएका बालबालिकाहरुको नक्साङ्कन, पहिचान तथा पहुँच विस्तार कार्यक्रम | – | ५० | ५० | ५० | ५० | पटक | ५० | | १ | १ | १ | १ | LG+Other |
| स्थानीय तहको शिक्षाको तहभन्दा माथिल्लो तह अध्ययन गर्न चाहने अपाङ्गता भएका बालबालिकाहरुको व्यवस्थापन सहयोग कार्यक्रम | – | १०० | १०० | १०० | १०० | पटक | १०० | | १ | १ | १ | १ | FG+PG+LG+Other |
| लैंगिक समानता तथा सामाजिक समवेशीकरण सम्बन्धि विद्यालय तथा समुदाय सचेतना तथा अभिमुखिकरण (पिछडिएका, द्धन्व पिडित अपाङ्ग र अतिबिन्न) | – | २८० | २८० | २८० | २८० | वडा | २० | | १४ | १४ | १४ | १४ | FG+PG+LG+Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संरक्षणबिहिन बिपन्न बालबालिकाहरुको शैक्षिक निरन्तरता सहयोग | - | १०० | १०० | १०० | १०० | जना | १० | | १० | १० | १० | १० | |
| विद्यालय उपस्थित हुन नसक्ने अपाङ्गता भएका बालबालिकाहरुका लागि गृह विद्यालय सञ्चालन | | | ३० | ६० | ६० | पटक | ३० | | | १ | २ | २ | LG+Other |
| समावेशी शिक्षा सुनिश्चितताका लागि विद्यालय संरचना विकास सम्बन्धि विद्यालयको क्षमता अभिवृद्दि कार्यक्रम | | ५० | ५० | ५० | ५० | पटक | ५० | | १ | १ | १ | १ | FG+PG+LG+Other |
| **शैक्षिक समता तथा समावेशीकरण कार्यक्रमको जम्मा बजेट** | **५४,८८५** | **७८२,५१५** | **८०९,४१०** | **१,४३८,९९०** | **१,४३९,७२५** | | | | | | | | |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण

### ४.४.१ परिचय

स्वास्थ्य र पोषण हरेक नागरीकको आधारभूत आवश्यकता हो । स्वास्थ्य अवस्थाले ब्यक्तिको विकास र गुणस्तरीय जीवनयापनमा सार्थक भूमिका खेल्दछ भने स्वस्थ जीवनको आधार पोषण हो । हरेक ब्यक्तिको बौद्धिक विकासका लागि पोषणजन्य खानेकुराको महत्वपूर्ण भूमिका रहन्छ अर्थात पोषणजन्य खानेकुरामा रहेको शुक्ष्म पोषक तत्वहरुले ब्यक्तिको अपेक्षित बौद्धिक विकास हुन सक्दछ । सानैदेखि बालबालिकाहरुले प्राप्त गर्ने खानेकुराले उसको बौद्धिक क्षमता विकास र सिकाइ उपलब्धिलाई निर्धारण गर्दछ । बालबालिकाको शैक्षिक विकासमा सहयोग गर्नका लागि उसको दिवाखाजा अर्थात खानपान राम्रो हुन जरुरी छ । अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्नका लागि, सामाजिक सुझबुझ भएको दक्ष नागरीक तयार गर्नका लागि बालबालिकाको स्वास्थ्य अवस्था र पोषणयुक्त खानेकुरालाई अन्तरसम्बन्धित विषयको रुपमा ब्याख्या गरी योजनामा समावेश गर्न अत्यावश्यक छ ।

समावेशीमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा तन्दुरुस्ति र सकारात्मक मनोभावनाका साथ बालबालिको सिकाइ सहभागिता बढाउन र शैक्षिक उपलब्धि सुधार गर्न सहयोग गर्दछ । समावेशीमा आधारित स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बिचैमा समावेशी छोड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

गुणस्तरीय सिकाइको मूलमन्त्र विद्यालयमा बालबालिका झिकाउने, टिकाउने, सिकाउने कार्य गरी बिश्व बजारमा अब्बल जनशक्ति बिकाउने कार्यमा विद्यालय स्वास्थ तथा पोषण कार्यक्रमको प्रभावकारी भूमिका रहन्छ । स्वस्थ र तन्दुरुस्त स्वास्थ्य अवस्थाबाट बालबालिकाहरुले पूर्ण लगाव र प्रभावकारी रुपमा ज्ञान हासिल गर्न सक्दछन् ।

नेपालको संबिधानको धारा ३५ र ३६ को स्वास्थ्य र खाद्य सम्बन्धी ब्यवस्था, स्वास्थ्य र खाद्य सम्बन्धी नागरीकका अधिकारहरु, खाद्य सम्प्रभूता, राष्ट्रिय पोषण रणनिति २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ र दिगो विकासका लक्ष्यहरु समेतका आधारमा पनि विद्यालय स्वास्थ्य तथा पोषण क्षेत्रको योजना गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छऔ ।

### ४.४.२ वर्तमान अवस्था

नेपालको सन्दर्भमा सरकारले राष्ट्रिय पोषण रणनीति २०७७ का साथै विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तालिम पुस्तिका समेत निर्माण गरी कार्यान्वयन गरीरहेको अवस्था छ । बालबालिकाहरूको समग्र शारीरिक, मानसिक र शैक्षिक विकासमा सकारात्मक प्रभाव निर्माण गर्नका लागि विद्यालय स्वास्थ्य तथा पोषणका क्षेत्रमा विभिन्न पहलहरु भएका छन् ।विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको मक्सद बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गरी अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न मद्दत गर्नु हो ।

पुथा उत्तरगङ्गा गाउँपालिकामा सबै तहका गरी जम्मा ५७ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । जसमध्ये एउटा विद्यालय संस्थागत रुपमा सञ्चालित छ । ५६ वटा सामुदायिक विद्यालयहरुका कक्षा बालविकास देखि कक्षा ५ सम्मका २६४४ विद्यार्थि (१३११ बालिका र १३३३ बालक) लागि नियमित रुपमा दिवा खाजाको ब्यवस्था गरीएको छ । तथापी विद्यालयहरुमा नियमित रुपमा स्वास्थ्य जाँचको अवसर, विद्यालयमा स्वास्थ्य सेवाको पहुँच, विद्यालयमा अनुपस्थित तथा उपस्थित बालबालिकाहरुको स्वास्थ्य अवस्थाको प्रारम्भिक अध्ययन र फ्लो अपका साथै अभिभावकहरुसँगको समन्वय र सम्बन्ध बिस्तरको अभाव रहेको अवस्था छ ।

**समस्या तथा चुनौतीहरु**

- अप्रयाप्त दिवा खाजाको स्रोत तथा अभिभावकको उदासिनता र बालबालिकाको स्याहारमा भन्दा घरायसी काममा प्राथमिकता
- विद्यालयमा नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचारको पहुँच
- शैक्षिक जनशक्ति र प्रविधिको अभावका कारण नियमित स्वास्थ्य जाँच तथा अपाङ्गता सम्बन्धी पूर्वी भाग परीक्षणको अभाव
- दिवा खाजा, बालबालिकाहरुको पोषण र स्वास्थ्यको शिक्षामा सम्बन्धका बारे अभिभावकको चेतना स्तर र प्रयाप्त पौष्टिक खानेकुराको ब्यवस्थामा आर्थिक अभाव

### ४.४.३ लक्ष्य

बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गरी सर्वाङ्गिन विकाससँगसंगै शैक्षिक उपलब्धि सुधारमा मद्दत गर्नु

### ४.४.४ उद्देश्य

- गुणस्तरीय स्वास्थ्य सेवा र पौष्टिक आधार व्यवस्थापनबाट बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गरी शैक्षि अवस्थामा सुधार गर्नु
- विद्यालयमा दिवाखाजाका लागि रैथाने उत्पादनलाई जोडी पोषण बालबालिको पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- विद्यालय प्रभावकारी सरसफाई, स्वच्छता र स्वास्थ्य सेवा सुनिश्चित गरी बालबालिकाहरुको सिकाइ वातावरणका लागि सहयोग गर्नु ।

### ४.४.५ रणनीतिहरु

- विद्यालयमा पोषणयुक्त खाजाको सुनिश्चितताका लाग अविभावकसँग सम्बन्ध विस्तार गर्ने
- स्थानीय उत्पादनलाई दिवाखाजामा जोडी स्थानीय ताजा उत्पादन उपभोगको सुनिश्चित गर्ने र दिवाखाजाका लागि विद्यालयमा आधारभूत सुबिधाको विस्तार गर्ने
- विद्यालय नजिकका स्वास्थ्य संस्थाहरुसँग समन्वय र सहयकार्य गरी विद्यालयको सम्बन्ध स्थापित गर्ने
- सबै बालबालिकाहरुको दिवाखाजा सुनिश्चितता गर्न विद्यालयमा अभिभावकको संलग्नता सुनिश्चित गर्ने
- विद्यालयमा प्राथमिक उपचार किट, स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्ने
- विभिन्न निकायसँग समन्वय, सहकार्य र साझेदारीको वातावरण निर्माण गर्ने
- विद्यालय स्वास्थ्य तथा पोषण अवस्थाको वातावरण निर्माणका लागि बालक्लव, समूह तथा सहकारीहरुको परिचालन गर्ने ।

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

बालबालिकाहरुमा आधारभूत स्वास्थ्य तथा पोषण प्राप्त गर्ने  अवसर सुनिश्चित भै शैक्षिक उपलब्धिमा सुधार भएको हुने ।

### ४.४.७ विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुधार योजनामा समावेश गरी नियमित रुपमा विद्यालयमा स्वास्थ्य जाँच शिविर सञ्चालन गरेका विद्यालय | ० | ० | ५६ | ५६ | ५७ | ५७ |
| २ | पूर्ण खोप र जुकाको औषधी प्राप्त गरेका विद्यार्थि सङ्ख्या | | २९३१ | २७०५ | २५५७ | २५३७ | २५७५ |
| ३ | बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गरेका विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ४ | घरमै तयारी खाजा प्रयोगको सुनिश्चितता गरेका विद्यालय सङ्ख्या | ० | ० | १० | १६ | २० | ३२ |
| ५ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरेका विद्यालय सङ्ख्या | ० | ० | ५६ | ५६ | ५६ | ५६ |
| ६ | घुम्ति सेवा मार्फत विद्यालय नर्स सेवा सञ्चालन गरेका विद्यालय सङ्ख्या | १ | १ | ५६ | ५६ | ५७ | ५७ |
| ७ | रैथानै उत्पादनलाई दिवा खाजामा प्रयोग गरी दिवा खाजाको गुणस्तर सुनिश्चित गरेका वडा | ० | ० | २ | ५ | ८ | ८ |

## ४.४.८ विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| विद्यालय घुम्ति सेवा मार्फत विद्यालय नर्स र स्वास्थ्यकर्मि मार्फत विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने | – | २८०.० | २८०.० | २८०.० | २८०.० | **विद्यालय** | ५ | | ५६ | ५६ | ५६ | ५६ | FG+PG+ LG+Other |
| आधारभूत तहको विद्यालयमा खाजा तयार गर्नका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन | १५.० | ६०.० | ७५.० | ७५.० | ९०.० | **विद्यालय** | १५ | १ | ४ | ५ | ५ | ६ | LG+Other |
| दिवाखाजाको लागि खाद्य वस्तु व्यवस्थापनका लागि स्थानीय उत्पादक सहकारीसँग समन्वय र सहकार्य | २२५.० | २२५.० | २२५.० | २२५.० | २२५.० | विद्यालय | ५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | PG+LG |
| पोषणयुक्त खानेकुराको महत्व बुझाउन जनचेतनात्मक कार्यक्रम सञ्चालन | – | १४०.० | १४०.० | १४०.० | १४०.० | वडा | १० | ० | १४ | १४ | १४ | १४ | LG+Other |
| विद्यालयमा विद्यार्थिको सङ्ख्याका आधारमा सरसफाईका सामग्री व्यवस्थापन | १८०.० | १८०.० | १८०.० | १८०.० | १८०.० | विद्यालय | ४ | ४५ | ४५ | ४५ | ४५ | ४५ | LG+Other |
| विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्थापन | २३५ | २३५ | २३५ | २३५ | २३५ | विद्यालय | ४.२ | ५६ | ५६ | ५६ | ५६ | ५६ | LG+Other |
| नियमित घरमा बनेको तयारी खाजा प्रयोग गर्ने र सरसफाईमा उत्कृष्ट विद्यार्थिका लागि प्रोत्साहन तथा पुरस्कार | – | ५६ | ५६ | ५६ | ५६ | विद्यार्थि | १ | ० | ५६ | ५६ | ५६ | ५६ | LG+Other |
| विद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना विषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन र योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | – | १४०.० | १४०.० | १४०.० | १४०.० | वडा | १० | ० | १४ | १४ | १४ | १४ | LG |
| विद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना विषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन | – | १४०.० | १४०.० | १४०.० | १४०.० | वडा | १० | ० | १४ | १४ | १४ | १४ | LG+Other |
| **विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट** | ६५५२०० | १४५६२०० | १४७१२०० | १४७१२०० | १४८६२०० | | | | | | | | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ परिचय

बालबालिकाहरुको सिक्न पाउने अधिकार संवैधानिक अधिकार हो । सिकाइमा निरन्तर अभ्यास भएन भने अपेक्षित सिकाइ उपलब्धि हासिल हुन सक्दैन । विभिन्न समयमा बिश्वले विभिन्न किसिमका प्रकोपहरुबाट बिपद्को सामना गरीरहनु परेको अवस्था छ । प्राकृतिक प्रकोप, युद्ध, द्वन्द्व, महामारी जस्ता परिस्थिको सामना गर्न यसका न्यूनिकरण र उत्थानशिलताका योजनाहरु निर्माण गरी कार्यन्वयमा गए मात्र बालबालिकाहरुको निरन्तर सिक्ने अवसर सुनिश्चित हुन सक्दछन् । बिपद्का परिस्थितिमा समेत बालबालिकहरुको सिकाइलाई निरन्तरता दिनका लागि बिकल्पका रुपमा कार्यान्वयन गरीने शैक्षिक गतिबिधिहरुलाई विपद् न्यूनिकरण तथा उत्थानशिलता कार्यक्रमको रुपमा लिइन्छ । विभिन्न परिस्थितिले सिर्जित संकटको अवस्थामा समुदाय तथा बालबालिकाको रक्षा, नकारात्मक सामाजिक प्रभावको न्यूनिकरण, द्वन्द्वको व्यवस्थापन र बालबालिकाहरुको शैक्षिक निरन्तरताका लागि आवश्यक कार्यक्रमको तय गरी कार्यान्वयन मार्फत शैक्षिक क्षति हुनबाट समाजलाई जोगाउन सकिन्छ ।

बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचार गर्न र हुन नहुने भनि नेपालको वर्तमान संविधानले सुनिश्चित गरेको छ । समावेशी शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले समावेशीलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्नुपर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने ,भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने र सुरक्षित विद्यालयको रुपमा स्थापित गरीनुपर्ने प्राबधानहरु गरेको छ । यसकारण हरेक विद्यालयहरु सुरक्षित विद्यालय सुरक्षित विद्यालय, विपद् उत्थानशील संरचना तथा विपद् न्यूनिकरण योजना निर्माण गरी बालबालिकाको सुरक्षा र विपद्को समयमा समेत शिक्षा निरन्तरताको सुनिश्चितता आवश्यकता रहेको छ ।

### ४.५.२ वर्तमान अवस्था

पुथा उत्तरगङ्गा गाउँपालिकामा सञ्चालित अधिकांश विद्यालयहरुका भौतिक संरचनाहरु कच्चि र भुकम्पिय दृष्टिकोणले असुरक्षित खालका रहेका छन् ।स्थानीय तह र

विद्यालयको आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि ठोस योजना र पूर्वी भाग तयारी रहेको अवस्था छैन ।विद्यालयका विद्यालय सुधार योजनामा समेत विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशील योजना तयार गरीएको पाईदैन । बिपद्को अवस्था आइपरेपछि शिक्षालाई कसरी अगाडि बढाउने भन्ने विषयका बहस र छलफललाई बढवा दिनुपर्ने आवश्यकता रहेको छ ।

कोभिड-१९ महामारीले बिश्व थिलोथिलो भइ रहदाँ शिक्षा क्षेत्रमा भएको क्षतिको अझै सम्म पनि परिपूर्ति हुन सकेको अवस्था छैन । आगामी दिनहरुमा कोभिड-१९ जस्ता महामारीहरु आएको खण्डमा शिक्षालाई कसरी लैजाने भन्ने पूर्वी भागतयारीका साथ सचेत रहनु पर्ने अवस्था छ ।

समस्या तथा चुनौतीहरु

- विद्यालय तथा समुदाय स्तरीय भौतिक पूर्वाधार, विद्यालय सुरक्षासँग सम्बन्धित तथ्याङ्कहरुको चुस्त दुरुस्त अभिलेखिकरण
- विद्यालय सुरक्षा र आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि दक्ष जनशक्तिको अभाव
- तिव्र प्रविधि विकास भैरहेका बेला स्थानीय प्रणाली तथा जनशक्तिलाई अध्यावधिक गर्न नसक्नु
- अप्ठेरो परिस्थितिमा समेत शिक्षा निरन्तरकाका लागि प्रभावकारी सूचना तथा प्रविधिको विकास नहुनु
- समुदायको संलग्नता, आर्थिक अवस्था तथा चेतनाको कमी
- शिक्षाका बिबिध क्षेत्रहरुको एकिकरण र समायोजनका लागि स्थानीय तहको सिमित स्रोत

### ४.५.३ लक्ष्य

कुनैपनिबेला निम्तिन सक्ने बिपद्को अवस्थामा समेत स्थानीय तहको शिक्षालाई निरन्तरता दिन सक्ने क्षमता विकास गरी आपतकालिन अवस्थामा निरन्तर सिक्ने सिकाउने वातावरण तयार गर्नु ।

### ४.५.४ उदेश्य

- विपद्को पूर्वी भाग सावधानी र तयारीका साथ विपद्को अवस्थामा अनौपचारिक तथा औपचारीक शिक्षाका माध्यामहरु निर्माण गर्ने ।
- विद्यालय सबैको अपन्त्व र दायित्व भन्ने भावनाको विकास गरी बैकल्पिक उपाय सहित विद्यालयमा समुदायको सक्रियता बढाउने ।
- आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि शैक्षिक जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा सम्भावित बिपद्को व्यवस्थापन तथा उत्थानशील प्रणालीको विकास गरी परिचालन गर्ने ।

### ४.५.५ रणनीतिहरु

- विद्यालयका हरेक गतिबिधिहरुमा अभिभावक संलग्नता तथा परिचालन गर्ने ।
- जलवायू परिवर्तन र उत्थानशील अभ्यासका लागि सचेतिकरण गर्ने ।
- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वी भागतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीतिगत ब्यवस्था गर्ने ।
- आपतकालिक अवस्थामा शिक्षा निरन्तरताका माध्यामहरुलाई तयारी अवस्थामा राख्ने ।
- हरेक विद्यालयको अवस्था नक्साङ्कन, संकटासन्नताको पहिचान र मूल्याङ्कनका आधारमा योजना तयार गर्ने ।
- हरेक विद्यालयको विद्यालय सुधार योजनामा वस्तुगत योजना समावेश गरी विपद् प्रतिकार्यका लागि तयारी रहने ।
- बालक्लव, यूवाक्लव र समूहको परिचालन मार्फत समुदाय सचेतिकरण गर्ने ।

### ४.५.६ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य

उपलब्धि

यस पालिकामा बिपद्को अवस्थामा शिक्षा निरन्तरताका लागि आवश्यक नीतिगत ब्यवस्था र माध्यामहरु तयार भै कार्यान्वयनको संयन्त्र सुनिश्चित भएको हुनेछ ।

### ४.५.७ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलताका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुधार योजनामा विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशील योजना समावेश गरी कार्यान्वयन गरेका विद्यालय | | ६ | १४ | २६ | ५७ | ५७ |
| २ | विद्यालय सुरक्षा तालिम प्राप्त भै फोकल पर्सन तोकिएका विद्यालय सङ्ख्या | | | | | | |
| ३ | विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालित समावेशी | | | | | | |
| ४ | जलवायू परिवर्तन, उत्थानशीलता तथा हरित विद्यालय कार्यक्रम सञ्चालन गरेका विद्यालय | | | | | | |
| ५ | विद्यालय जोखिन नक्सांङ्कन तथा जोखिम पात्रो तयार गरी कार्यान्वयन गरेका विद्यालय | | | | | | |
| ६ | गुनासो सुनुवाई संयन्त्रको स्थापना गरी कार्यान्वयन गरेका विद्यालय | | | | | | |
| ७ | बालबालिकामा हुने हानी सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गरेका विद्यालय | | | | | | |

## ४.५.८ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलताका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| समग्र विद्यालय उत्थानशीलताका आधारमा सचेतना विकास कार्यक्रम | – | २२५.० | – | – | २२५.० | **विद्यालय** | ५ | ० | ४५ | | | ४५ | FG+LG |
| विद्यालय भौतिक पूर्वाधार विकासका संरचना निर्माणका बेला विद्यालय सुरक्षा सम्बन्धि मापदण्डको छलफल | | | | | | **वडा** | ६ | | १४ | १४ | १४ | १४ | LG+Other |
| पालिका स्तरमा विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाको विकास गर्ने (विद्यालय क्षेत्रको जोखिम नक्साङ्कन पहिचान र योजना समेत) | – | २००.० | – | – | २००.० | **पालिका** | २०० | | १ | | | १ | FG+LG |
| स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण तथा पुनराबलोकन | – | २००.० | – | – | २००.० | **पालिका** | २०० | | १ | | | १ | LG+Other |
| विद्यालय स्तरमा विद्यालय सुरक्षा तथा समुदाय सचेतिकरण कार्यक्रम सञ्चालन गर्ने (आगलागि, पहिरो, हिमपात) | – | १६८.० | १६८.० | १६८.० | १६८.० | **विद्यालय** | ३ | | ५६ | ५६ | ५६ | ५६ | FG+LG +Other |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन (बालक्लबद्वारा जोखिम पहिचान नक्साङ्कन-विद्यालयमा प्रयोगात्मक अभ्यास सहित) | ९०.० | ९०.० | ९०.० | ९०.० | ९०.० | विद्यालय | २ | ४५ | ४५ | ४५ | ४५ | ४५ | LG+Other |
| जलवायू अनुकुल हरित, सफा, शान्त र सुरक्षित समावेशी प्रवर्धन | ९०.० | ९०.० | ९०.० | ९०.० | ९०.० | विद्यालय | २ | ४५ | ४५ | ४५ | ४५ | ४५ | LG+Other |
| शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाइ विपद्मा शिक्षा निरन्तरताका लागि तयारी रहने | – | ४०० | ४०० | ४०० | ४०० | विद्यालय | ४०० | | १ | १ | १ | १ | LG+Other |
| लागु औषध दुर्व्यसनी, बालविवाह, लैंगिक हिंसा तथा सामाजिक गलत अभ्यास बारे विद्यालय तथा समुदायमा अभिमुखिकरण कार्यक्रम | – | १४० | १४० | १४० | १४० | वडा | १० | | १४ | १४ | १४ | १४ | FG+LG +Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयमा गुनासो सुनुवाई संयन्त्र तथा उजुरी प्रणालीको विकास र कार्यान्वयन गर्ने | – | १०५ | २२५ | २२५ | २२५ | विद्यालय | ५ | | २१ | ४५ | ४५ | ४५ | FG+LG +Other |
| बाल दुर्व्यवहार सम्बन्धि बिब्यस अभिभावक तथा शिक्षकलाई अभिमुखिकरण कार्यक्रम | – | २०० | २०० | २०० | २०० | पटक | २०० | | १ | १ | १ | १ | FG+LG +Other |
| विद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवाका कार्यक्रम सञ्चालन गर्ने (माध्यमिक तहबाट)। | – | ८०.० | ८०.० | १७०.० | १७०.० | वडा | १० | ० | ८ | ८ | १७ | १७ | LG+Other |
| **स्थानीय तहको शिक्षामा क्षमता अभिबृद्धि, अनुगमन र मूल्याङ्कन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट** | **१८०००००** | **१८९८०००** | **१३९३०००** | **१४८३०००** | **२१०८०००** | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिकाहरुको सिकाइ सहजिकरणका लागि आवश्यक, भवन, कक्षाकोठा, खानेपानी, शौचालय पुस्तकालय, खेलमैदान लगायतका संरचनाहरु विद्यालय भौतिक पूर्वाधार हुन । सुरक्षित विद्यालय भवन, पर्याप्त शैक्षिक सामग्र, अपाङ्गमैत्री तथा बालमैत्री विद्यालय संरचनाको पहुँचले सबै बालबालिकाहरुको सहभागिता सुनिश्चित भै प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट गुणस्तरीय शैक्षिक उपलब्धि हासिल हुन सक्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ ले समावेशीहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, समावेशी भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै समावेशीलाई सुरक्षित एवं बालमैत्री, हरित समावेशीको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ । उपयुक्त र सुरक्षित भौतिक पूर्वाधारले बालबालिकाहरुको मनोविज्ञानलाई सकारात्मक प्रभाव पारि सिकाइका लागि उत्प्रेरित गर्दछ । साथै शान्त, सुरक्षित, र स्वच्छ वातावरणले विद्यार्थीको ध्यान केन्द्रित गर्न सहज बनाउँछ।

राम्रो भौतिक पूर्वाधारले विद्यार्थी, अभिभावक र समुदायमा समावेशीप्रति विश्वास बढाउँछ, जसले गर्दा विद्यार्थिको विद्यालय नियमिततामा बृद्दि भइ विद्यालय छोड्ने दर घट्न जान्छ। साथै समावेशीको भौतिक संरचना राम्रो भएपछि समुदायको सहभागिता र स्वामित्व पनि बढ्छ, जसले समावेशीको दिगो विकासमा मद्दत पुर्याउने भएकोले विद्यालय पूर्वाधार विकास पनि विद्यालय शिक्षाको एक अंग हो ।

### ४.६.२ वर्तमान अवस्था

हरेक विद्यालयहरु सुरक्षित, जोखिम मुक्त र पहुँचयोग्य हुनुपर्दछ भने विद्यालयका सुबिधाहरु शौचालय खानेपानी पुस्तकालय प्रयोगशाला आदिमा पहुँच सहज हुनुपर्दछ । शिक्षा नियमावली २०५९ को नियम अनुसार हरेक विद्यार्थीका लागि पठनपाठनमा सहभागी हुन प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तह कक्षा ५ सम्मका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर स्थान भएका कक्षाकोठा र आधारभूत तह कक्षा ६ देखि

माध्यमिक तह कक्षा १२ सम्मका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर क्षेत्रफल रहेका कक्षाकोठाको व्यवस्थापन हुनुपर्दछ । तर यस पुथा गाउँपालिका भौगोलिक हिसाबले बिकट, यातायात तथा बिद्युतको पहुँच, स्थानीय तहको सिमित लगानी र अभिभावकको स्तरका कारण सबै विद्यालयहरु पक्कि, र सुरक्षित हुन सकेका छैनन । तथापी विद्यमान भौतिक संरचनाका आधारमा प्रभावकारी पठनपाठनका लागि अभ्यास गरीरहेको अवस्था छ ।

| सूचक | वर्तमान अवस्था |
|---|---|
| पालिकाभित्र हाल सञ्चालित विद्यालय सङ्ख्या | ५७ |
| सबै कक्षाकोठा पक्कि र सुरक्षित भएका विद्यालय | |
| पर्याप्त र सुरक्षित कक्षाकोठा सुनिश्चित भएका विद्यालय | |
| सुरक्षित खानेपानी र छात्रछात्रामैत्री सफा शौचालय सुनिश्चित भएका विद्यालय | |
| प्रयोगशाला स्थापना भई कार्यान्वय भएका विद्यालय | |
| शैक्षिक सामग्रीले सुसज्जित आधारभूत तहका विद्यालय | |
| नयाँ भवन निर्माण गर्न आवश्यकता रहेका भवन/विद्यालय सङ्ख्या | |
| तत्काल मर्मत गर्नुपर्ने आवश्यकता रहेका विद्यालय | |
| अपाङ्गमैत्री भौतिक संरचना सुनिश्चित भएका विद्यालय सङ्ख्या | |
| परियोजना कार्य तथा अभ्यासका लागि संरचना भएका विद्यालय | |
| कच्चि संरचना मात्र भएका विद्यालय सङ्ख्या | |
| सूचना तथा प्रविधिको विकास र प्रयोग सुनिश्चित भएका विद्यालय | |

समस्या तथा चुनौती

- पर्याप्त भौतिक पूर्वाधार विकासका लागि लगानीको अभाव
- विद्यालय पूर्वाधारसँग सम्बन्धित तथ्याङ्कहरुको चुस्त अभिलेखिकरण नहुनु
- विद्यालयमा समुदायको सहभागिता तथा संलग्नता र अपनत्वको अभाव
- विद्यालयमा स्थापीत प्रयोगशाला र प्रविधिको प्रयोगको अभाव
- बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भौतिक पूर्वाधारको अभाव

### ४.६.३ लक्ष्य

पालिकाभित्रका हरेक विद्यालय भौतिक पूर्वाधारहरु बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाई प्रभावकारी शिक्षण सिकाइमार्फत शैक्षिक उपलब्धिमा अपेक्षित सुधार गर्नु

### ४.६.४ उदेश्य

- विद्यालय भौतिक पूर्वाधार विकासका आवश्यक मापदण्ड विकास र कार्यान्वयन गरी शैक्षिक क्रियाकलाप प्रभावकारी बनाउनु ।
- हरेक विद्यालयमा आवश्यक भौतिक पूर्वाधार विकासको सुनिश्चित गर्नु ।
- विद्यालय संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री बनाई हरेक बालबालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गर्नु ।
- विद्यालयका संरचनाहरु विपद् जोखिम बहन योग्य बनाई सुरक्षित विद्यालयका रुपमा स्थापीत गर्नु ।

### ४.६.५ रणनीतिहरु

- पालिकाभित्र सञ्चालित हरेक विद्यालयहरुको भौतिक पूर्वाधारहरुको नक्साङ्कन, मूल्याङ्कन तथा लेखाजोखा गरी आवश्यकता पहिचान गर्ने ।
- पर्याप्त समावेशी पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवम् निकायहरूसँग स्रोत व्यवस्थापनका लागि लागत साझेदारी गर्ने ।
- विद्यालयमा समुदाय, अभिभावक, सरोकारवाला र नीजि क्षेत्रको सहभागिता बृद्दि गर्न कार्यक्रम गर्ने ।
- विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधार तथा भवनहरु एकैपटक निर्माण गर्नेगरी योजना गर्ने र समावेशीको सम्पूर्ण निर्माणको अवधारणा विकास गरी कार्यान्वयन गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित समावेशी एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता विकास गर्ने ।

- पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोग कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने
- समावेशीमा आवश्यकता अनुसार सूचना केन्द्र, पुस्तकालय, डिजिटल हवको स्थापना गर्ने ।
- हरेक विद्यालयका भौतिक पूर्वाधार कक्षाकोठा, शौचालय, पुस्तकालय, प्रयोगशाला आदि अपाङ्गमैत्री तथा बालमैत्री बनाई सबै बालबालिकाहरुको विद्यालयमा सहभागिता बृद्दि गर्ने ।

### ४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

पालिकाभित्रका सबै विद्यालयहरुमा उपयुक्त र सुरक्षित विद्यालय भौतिक पूर्वाधारको विकास भै समावेशी र प्रभावकारी सिकाइ सहजिकरण मार्फत शैक्षिक उपलब्धिमा बृद्दि भएको हुने ।

नतिजा

- पुथा उत्तरगङ्गा गाउँपालिकाका समावेशीहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
- 'एक समावेशी सम्पूर्ण पूर्वाधार'को अवधारणा अनुसार पूर्वाधार विकास हुने ।
- समावेशीहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।
- समावेशीमा बनेका संरचनाहरूको सम्बर्धन तथा मर्मत सम्भारका लागि पद्दतीको विकास हुने ।
- विपद् जोखिम न्यूनिकरण र उत्थानशिल भौतिक पूर्वाधार विकासबाट सबै विद्यालय सुरक्षित विद्यालय सुनिश्चित भएको हुने ।

### ४.६.७ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रर्याप्त सुरक्षित कक्षाकोठा भएका विद्यालय सङ्ख्या | | | ४ | ५ | ५ | ३ |
| २ | सबै भवन पक्कि र सुरक्षित भएका विद्यालय | | | ४ | ५ | ५ | ३ |
| ३ | सुरक्षित पिउनेपानी र छात्रछात्रामैत्री शौचालय भएका विद्यालय | | | १० | १४ | १८ | २० |
| ४ | मर्मत तथा पुननिर्माण गर्नुपर्ने अवस्थाका विद्यालय | | | १५ | १५ | १५ | ३ |
| ५ | विद्यालय जोखिम नक्सांङ्कन गरी सुरक्षाका अभ्यास गरेका विद्यालय | | | ८ | ८ | ८ | ८ |
| ६ | पुस्तकालय तथा प्रयोगशाला भएका विद्यालय | | | ८ | ८ | ८ | ८ |
| ७ | नमूना विद्यालय संरचना निर्माण गरी कार्यान्वयन गरेका विद्यालय | | | १ | १ | १ | १ |
| ८ | कच्चि भवन तथा कक्षाकोठा मात्र भएका विद्यालय | | | | | | |
| ९ | शौचालय तथा पिउनेपानी नभएका विद्यालय | | | | | | |

## ४.६.८ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | २१००० | २१००० | २८००० | ३५००० | २२०५० | विद्यालय | ७००० | ३ | ४ | ५ | ५ | ३ | FG+PG+LG+Other |
| स्थानीय तहका छनौट भएका विद्यालयहरूमध्ये कक्षा १-५ सम्म सञ्चालित विद्यालयहरूलाई विद्यालय मर्मत खर्च बापत | ० | २५०० | २५०० | २५०० | २५०० | विद्यालय | ५०० | ० | ५ | ५ | ५ | ५ | FG+PG+LG+Other |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | ० | २०० | ० | २०० | ० | पटक | २०० | | १ | | १ | | LG+Other |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | ० | ४०० | ४०० | ४०० | ४०० | विद्यालय | ४०० | ० | १ | १ | १ | १ | FG+PG+LG+Other |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| विद्यालयहरुमा नक्साङ्कनका आधारमा कक्षाकोठामा डेस्क बेन्च तथा फर्निचरको व्यवस्थापन कार्यक्रम गर्ने | – | ७५०.० | ७५०.० | १,२००.० | १,५००.० | विद्यालय | १५० | ० | ५ | ५ | ८ | १० | FG+PG+LG+Other |
| विद्यालयहरुमा नक्साङ्कनका आधारमा कक्षाकोठामा बुक कर्नर, व्यवस्थापन कार्यक्रम गर्ने | – | १२५.० | १२५.० | १२५.० | १२५.० | विद्यालय | २५ | | ५ | ५ | ५ | ५ | LG+Other |
| आधारभूत तहमा बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय भवन निर्माण मर्मत कार्यक्रम | – | ५००.० | १,०००.० | १,०००.० | १,०००.० | विद्यालय | ५०० | ० | १ | २ | २ | २ | FG+PG+LG+Other |
| आधारभूत तहमा विद्यालय मर्मत सहयोग कार्यक्रम | – | ४००.० | ४००.० | ६००.० | ६००.० | विद्यालय | २०० | ० | २ | २ | ३ | ३ | FG+PG+LG+Other |
| विद्यालय शौचालय, खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यक्रम | | ९००.० | ९००.० | ९००.० | ९००.० | विद्यालय | ३०० | | ३ | ३ | ३ | ३ | FG+PG+LG+Other |
| नमूना बालविकास निर्माण तथा कार्यान्वयन | – | २,४०० | – | २,४०० | २,४०० | विद्यालय | २४०० | ० | १ | | १ | १ | FG+PG+LG+Other |
| बालविकास केन्द्र तथा आधारभूत तह कक्षा १-३ मा रंगरोगन तथा भित्ते लेखन कार्यक्रम | | ४५० | ४५० | ४५० | ४५० | विद्यालय | १५० | ० | ३ | ३ | ३ | ३ | LG+Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा ०-५) का बालबालिकाहरुका लागि दिवा खाजा घर व्यवस्थापन कार्यक्रम | ५० | २५० | २५० | २५० | २५० | विद्यालय | ५० | १ | ५ | ५ | ५ | ५ | LG+Other |
| **विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट** | २१०५०००० | २९८७५००० | ३४७७५००० | ४५०२५००० | ३२१७५००० | | | | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा प्रविधि

### ४.७.१ परिचय

आजको बिश्व सूचना र प्रविधिका हिसावले निकै तिव्र विकासको अवस्था हो । भौगोलिक हिसाबले निकै दुरिमा रहेका समुदायविच सूचना र प्रविधिको विकासले निकै नजिक बनाएको अवस्था छ । तिब्र रुपमा विकास भैरहेको सूचना र प्रविधिलाई आत्मसाथ नगरेसम्म वर्तमान अवस्थाको शिक्षण सिकाइ प्रभावकारी हुन सक्दैन ।सबै नागरीकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्देश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि समावेशी शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । समावेशी शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र नीजि तथा सामुदायिक समावेशीहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।सूचना र प्रविधिको प्रयोगले शिक्षण सिकाइमा नविनता प्रदान गरी सिकाइलाई प्रभावकारी बनाउँदछ भने आपतकालिन अवस्थामा समेत सिकाइलाई निरन्तरता दिनका लागि महत्वपूर्ण भूमिका खेल्दछ । सूचना र प्रविधिले भौतिक संसारलाई डिजिटालाईज माध्यमबाट सरल र सजिलो बनाउँदछ ।
नेपालको संविधान २०७२, धारा २७ ले सूचनाको हकमा प्रत्येक नागरीकलाई आफ्नो र सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग गर्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ । आजको युगमा सूचना तथा सञ्चार प्रविधि शिक्षाको मेरुदण्डको रुपमा स्थापित भएको छ । सूचना, सञ्चार र प्रविधिको समुचित प्रयोगले शिक्षा समयानुकुल, गुणस्तरीय र प्रभावकारी हुन्छ

शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा रहेका सूचना तथा सञ्चार प्रविधिको ज्ञान विश्वव्यापीकरणमा सहयोग पुऱ्याउने सशक्त माध्यमका रूपमा रहेको छ ।डिजिटल नेपालको कार्य ढाँचा २०७६, ले समावेशीहरुमा शिक्षा तथा सूचना प्रविधि शिक्षा

जि.आइ.एस., जी.पी.एस., आर.एस. गुगल अर्थ लगायतका विषयवस्तुमा क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । तसर्थ शिक्षण सिकाइलाई प्रभावकारी बनाई सिकाइ उपलब्धिमा सुधार गर्न र संकटकालिन अवस्थामा सिकाइलाई निरन्तरता दिन सूचना तथा प्रविधिको विकास र प्रयोग अनिवार्य छ ।

### ४.७.२ वर्तमान अवस्था

पुथा उत्तरगङ्गा गाउँपालिकाका सबै विद्यालयहरुमा इन्टरनेट सुबिधा पुर्याउन कोसिस भएको छ तथापी गुणस्तर भने सुनिश्चित हुन सकेको अवस्था छैन । भौगोलिक बिकटता र हालको प्रविधिको पहुँच साथै प्रयाप्त लगानीको अभावले सबै विद्यालयहरुमा प्रविधि विकासको पहुँच प्रभावकारी छैन । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०७७ मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

पुथा उत्तरगङ्गा गाउँपालिकामा ११ सामुदायिक समावेशीहरूमा प्रोजेक्टर र १ समावेशीमा स्मार्ट वोर्डको माध्यमबाट शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरीएको छ । सबै समावेशीहरूमा इन्टरनेट जडानको प्रकृया अगाडि बढिरहेको छ । सबै माविहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरीएको छ । सबै माविहरूमा कम्प्युटर सहायकको व्यवस्था गरीएको छ । कोभिडको समयमा रेडियो कार्यक्रम, अनलाईन कक्षा (Zoom, Google meet, Microsoft team) तथा सामाजिक संजालमार्फत प्रविधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिइएको थियो ।

समस्या तथा चुनौती

- सबै विद्यालयहरुमा इन्टरनेट तथा प्रविधिको बिस्तार नहुनु
- सूचना तथा प्रविधिका क्षेत्रमा प्रयाप्त लगानी नहुनु
- सूचना तथा प्रविधिका क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु
- विद्यालय भौतिक संरचनाहरु प्रविधिमैत्री नहुनु ।

### ४.७.३ लक्ष्य

हरेक विद्यालयमा सूचना तथा प्रविधिको विकास गरी उच्चतम् प्रयोगमार्फत बालबालिकाहरुको सिकाइ उपलब्धिमा सुधार गर्ने ।

### ४.७.४ उदेश्य

- शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा सूचना तथा प्रविधिको पहुँच र प्रयोग सुनिश्चित गर्ने ।
- विद्यालयमा सूचना र प्रविधिका आधारभूत आवश्यकताहरुको परिपुर्ति गर्ने ।
- विद्यालयहरुलाई प्रविधिमैत्री विद्यालयका रुपमा स्थापीत गर्ने ।

### ४.७.५ रणनीतिहरु

- सबै समावेशीमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा सामग्रीको प्रबन्ध गर्ने,
- साझा तथा सहलगानीको वातावरण तयार गरी प्रविधिका सामग्रीहरुको व्यवस्थापन गर्ने,
- शैक्षिक जनशक्ति तथा शिक्षकहरूको सूचना तथा प्रविधि विकासमा क्षमता विकास गर्ने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,
- विभिन्न निकायसँग सहकार्य, समन्वय र साझेदारी गरी स्रोत व्यवस्थापन गर्ने ।

### ४.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

समावेशीमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै समावेशी शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने ।

**नतिजा**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

## ४.७.७ विद्यालय सूचना तथा प्रविधि विकासका प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सूचना तथा प्रविधि विकास भएका विद्यालय सङ्ख्या | | १ | १ | १ | १ | १ |
| २ | डिजिटल पुस्कालय स्थापना गरी प्रयोग गरेका विद्यालय | | | १ | २ | ३ | ४ |
| ३ | कम्प्यूटर शिक्षा लागु गरेका विद्यालय सङ्ख्या | | १ | १ | १ | १ | १ |
| ४ | शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका विद्यालय सङ्ख्या | | | ६ | ६ | ६ | ६ |
| ५ | प्रविधि विकास र शिक्षण सिकाइ तालिम प्राप्त शिक्षक सङ्ख्या | | | ३० | ३० | ३० | ३० |
| ६ | बिद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | | | १० | १४ | १४ | १४ |

## ४.७.८ विद्यालय सूचना तथा प्रविधि विकासका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| समावेशीमा ICT संरचना विस्तार | – | ० | ८०० | ८०० | ८०० | | २०० | ० | ० | ४ | ४ | ४ | |
| प्रत्येक समावेशीमा Internet Connectivity को व्यवस्था | – | ७५९ | ७५९ | ७५९ | ७५९ | | १६.५ | ० | ४६ | ४६ | ४६ | ४६ | |
| समावेशीमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ३,७५० | २५०० | २५०० | २५०० | २७५० | | २५० | १५ | १० | १० | १० | ११ | |
| IEMIS व्यवस्थापन कार्यक्रम | – | ६०० | ६०० | ६०० | ६०० | | ३०० | ० | २ | २ | २ | २ | |
| सामुदायिक सिकाइ केन्द्रहरूका परिचालकहरूको क्षमता विकास | – | ५० | ५० | १०० | १०० | | ५० | ० | १ | १ | २ | २ | |
| समावेशीमा प्रिन्टेवल इ-हाजिरी व्यवस्थापन | – | ६८० | ८४० | ३२० | ० | | ४० | ० | १७ | २१ | ८ | ० | |
| माध्यमिक समावेशीका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन सहयोग | – | ४० | ४० | ८५ | ८५ | | ५ | ० | ८ | ८ | १७ | १७ | |
| प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | – | १४४ | १४४ | ३०६ | ३०६ | | १८ | ० | ८ | ८ | १७ | १७ | |
| प्रविधिका सामग्रीहरुको मर्मत तथा व्यवस्थापन सहयोग | – | ५०० | ५०० | ५०० | ५०० | | ५०० | | १ | १ | १ | १ | |
| विद्यालयको नक्साङ्कनका लागि प्रविधि तथा साधनको विकास र प्रयोग | – | १०० | १०० | १०० | १०० | | १०० | | १ | १ | १ | १ | |
| प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि श्रव्यदृश्य सामग्री सहयोग कार्यक्रम | – | २०० | २८० | ४४० | ६०० | | | ० | १० | १४ | २२ | ३० | |
